स्वीकृत मिति : २०८२/०३/०९

# हाम्रो भोटेकोशी

भोटेकोशी गाउँपालिकाको

स्थानीय पाठ्यक्रम

कक्षा १-८

२०८२

प्रकाशकः

भोटेकोशी गाउँपालिका

फुलिपिङकट्टी, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

# शुभकामना मन्तव्य



भोटेकोशी गाउँपालिकाले **हाम्रो भोटेकोशी** नामक स्थानीय पाठ्यक्रम प्रकाशन गर्ने ऐतिहासिक कार्य सम्पन्न गरेको यस अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक तथा शिक्षा क्षेत्रमा संलग्न सबैलाई हार्दिक शुभकामना व्यक्त गर्दछु।

शिक्षा समाज रूपान्तरणको आधार हो। हाम्रो स्थानीय आवश्यकता, संस्कृति, परम्परा र भौगोलिक विशेषतालाई समेट्ने पाठ्यक्रमले विद्यार्थीलाई आफ्नो परिवेशसँग जोड्ने मात्र होइन, उनीहरूलाई आत्मनिर्भर, जिम्मेवार र सृजनशील नागरिक बनाउन मद्दत गर्नेछ।

यस पाठ्यक्रमले हाम्रो गाउँपालिकाको पहिचानलाई अझ मजबुत बनाउने विश्वास लिएको छु। यस कार्यमा योगदान पुऱ्याउने सम्पूर्ण शिक्षा प्रेमी, विज्ञ, शिक्षक तथा सहयोगी हातहरूलाई धन्यवाद ज्ञापन गर्दछु।

भविष्यमा पनि शिक्षा क्षेत्रलाई प्राथमिकता दिँदै, गुणस्तरीय र जीवनोपयोगी शिक्षाको सुनिश्चितताका लागि गाउँपालिका निरन्तर प्रतिबद्ध रहनेछ। स्थानीय पाठ्यक्रम निर्माण गर्ने कार्यदल तथा विज्ञ उक्त कार्यमा आफ्ना राय सुझाव दिनुहुने सम्पूर्ण राजनीतिक दलका प्रतिनिधि, जनप्रतिनिधि, प्रधानाध्यापक, शिक्षक, कर्मचारी, सञ्चारकर्मी, संघस्थाका प्रतिनिधि, विद्यार्थी, अभिभावक सम्पूर्णलाई हार्दिक आभार प्रकट गर्दछु।

धन्यवाद।

**श्री पासाङ नुर्पु शेर्पा**
**अध्यक्ष**

# <u>शुभकामना मन्तव्य</u>



भोटेकोशी गाउँपालिकाद्वारा "**हाम्रो भोटेकोशी**" स्थानीय पाठ्यक्रम प्रकाशन गरिएको यस ऐतिहासिक अवसरमा म, गाउँपालिका अध्यक्ष, सम्पूर्ण विद्यार्थी, शिक्षक, अभिभावक तथा शिक्षा क्षेत्रमा संलग्न सबैलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु। यो पहलले हाम्रो सामुदायिक ज्ञान, संस्कृति र आवश्यकता अनुसार शिक्षा प्रणालीलाई सुदृढ बनाउने दिशामा ठोस कदम चालिएको छ।

स्थानीयकरणको आवश्यकता स्थानीय पाठ्यक्रमले राष्ट्रिय पाठ्यक्रमले समेट्न नसक्ने भौगोलिक, सांस्कृतिक र आर्थिक सन्दर्भलाई समावेश गरी शिक्षालाई सान्दर्भिक बनाउँछ। यसले विद्यार्थीलाई आफ्नो परिवेश बुझ्न र त्यसअनुसार समस्या समाधान गर्ने क्षमता विकास गर्न मद्दत पुऱ्याउँछ।

यस पाठ्यक्रममार्फत विद्यार्थीहरूले आफ्नो गाउँपालिका, यहाँको प्राकृतिक स्रोत—साधन, सांस्कृतिक विविधता, ऐतिहासिक सम्पदा, सामाजिक मूल्य—मान्यता तथा स्थानीय पेशा—व्यवसायबारे प्रत्यक्ष ज्ञान हासिल गर्ने अवसर प्राप्त गर्नेछन्। यसले विद्यार्थीमा स्थानीय पहिचानप्रति गौरवको भावना विकास गर्नुका साथै उनीहरूलाई व्यवहारिक, सीपमूलक तथा उत्तरदायी नागरिक बन्न प्रेरित गर्ने विश्वास लिएको छु।

अन्त्यमा, प्रकाशित स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमार्फत भोटेकोशी गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि हुनुका साथै स्थानीय ज्ञान, सीप र पहिचानको संरक्षण तथा प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्दछु। यस कार्यले हाम्रो गाउँपालिकाको समग्र शैक्षिक, सामाजिक तथा आर्थिक विकासमा सकारात्मक प्रभाव पार्नेछ भन्ने अपेक्षा गर्दै यस ऐतिहासिक उपलब्धिका लागि सम्पूर्ण सरोकारवालामा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

**श्री दिछेन शेर्पा**
**उपाध्यक्ष**

# शुभकामना मन्तव्य



भोटेकोशी गाउँपालिकाको समग्र शैक्षिक विकासलाई थप सुदृढ र व्यवहारमुखी बनाउने उद्देश्यका साथ तयार गरिएको **"हाम्रो भोटेकोशी" नामक** स्थानीय पाठ्यक्रमको प्रकाशन हुन लागेको यस महत्वपूर्ण अवसरमा हार्दिक शुभकामना व्यक्त गर्न पाउँदा म अत्यन्त हर्षित भएको छु।

शिक्षा केवल ज्ञानार्जनको माध्यम मात्र नभई समाज रूपान्तरणको आधार पनि हो। विशेषतः स्थानीय तहको सन्दर्भमा शिक्षा स्थानीय भूगोल, इतिहास, संस्कृति, भाषा, परम्परा, जीवनशैली तथा आर्थिक गतिविधिसँग प्रत्यक्ष रूपमा जोडिएको हुनुपर्छ। यही सन्दर्भलाई आत्मसात गर्दै भोटेकोशी गाउँपालिकाले स्थानीय आवश्यकता, सम्भावना र पहिचानलाई केन्द्रमा राखी स्थानीय पाठ्यक्रम निर्माण गरेको छ, जुन हाम्रो शैक्षिक प्रणालीलाई अझ बढी सान्दर्भिक र प्रभावकारी बनाउने महत्वपूर्ण प्रयास हो।

स्थानीय पाठ्यक्रम निर्माणको कार्य सजिलो प्रक्रिया होइन। यसमा विभिन्न क्षेत्रका विज्ञ, शिक्षक, सरोकारवाला निकाय तथा समुदायको महत्वपूर्ण योगदान रहन्छ। त्यसैले यस कार्यमा समर्पित भई सहयोग गर्नुहुने सम्पूर्ण शिक्षा विज्ञ, शिक्षक—शिक्षिका, सरोकारवाला निकाय, जनप्रतिनिधि तथा गाउँपालिकाका कर्मचारीहरू प्रति म हार्दिक आभार व्यक्त गर्दछु।

अन्त्यमा, प्रकाशित स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमार्फत भोटेकोशी गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि हुनुका साथै स्थानीय ज्ञान, सीप र पहिचानको संरक्षण तथा प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्दछु। यस कार्यले हाम्रो गाउँपालिकाको समग्र शैक्षिक, सामाजिक तथा आर्थिक विकासमा सकारात्मक प्रभाव पार्नेछ भन्ने अपेक्षा गर्दै यस ऐतिहासिक उपलब्धिका लागि सम्पूर्ण सरोकारवालामा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

**श्री दीपक दाहाल**
**प्रमुख प्रशासकीय अधिकृत**

# शुभकामना मन्तव्य



भोटेकोशी गाउँपालिकाको स्थानीय पाठ्यक्रम **"हाम्रो भोटेकोशी"** प्रकाशन हुनु हाम्रो गाउँपालिकाको शैक्षिक इतिहासमा एक महत्वपूर्ण उपलब्धि हो। नेपालको संघीय संरचनाले स्थानीय तहलाई आफ्नो आवश्यकता, सम्भावना तथा पहिचानअनुसार शिक्षा प्रणालीलाई परिमार्जन गर्ने अवसर प्रदान गरेको छ। यही अवसरलाई सदुपयोग गर्दै भोटेकोशी गाउँपालिकाले स्थानीय भूगोल, इतिहास, संस्कृति, सामाजिक संरचना, आर्थिक गतिविधि तथा प्राकृतिक सम्पदालाई समेटेर "हाम्रो भोटेकोशी" स्थानीय पाठ्यक्रम तयार गरेको छ। यसले विद्यालय शिक्षालाई अझ जीवनोपयोगी, व्यवहारिक तथा स्थानीय सन्दर्भसँग जोडिएको बनाउने अपेक्षा गरिएको छ।

ऐतिहासिक अरनिको हिंडेको बाटो ,नेपाल—तिब्बत सम्बन्धसँग जोडिएको ऐतिहासिक दुगुनागढी किल्ला, धार्मिक तथा प्राकृतिक महत्व बोकेको तातोपानी धारा, अन्तर्राष्ट्रिय व्यापारिक मार्गका रूपमा परिचित कोदारी नाका, हिमाली सौन्दर्यले भरिपूर्ण भैरवकुण्ड ताल, आध्यात्मिक महत्त्व बोकेको छगाम आनी गुम्बा, हिमाली भूभाग चिर्दै बग्ने भोटेकोशी नदी, तथा जैविक विविधताले समृद्ध गौरीशंकर संरक्षण क्षेत्र का अतिरिक्त यहाँका विभिन्न झरना, वन क्षेत्र, पहाडी भू—दृश्य तथा प्राकृतिक स्रोतहरूले यस गाउँपालिकालाई प्राकृतिक दृष्टिले अत्यन्त समृद्ध बनाएका छन्।

यी सम्पूर्ण ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक पक्षहरूलाई स्थानीय पाठ्यक्रममार्फत विद्यालय शिक्षासँग जोड्ने प्रयास गरिएको छ। यसले विद्यार्थीहरूलाई आफ्नो गाउँपालिका, यहाँको इतिहास, संस्कृति, वातावरण तथा सम्भावनाबारे गहिरो रूपमा बुझ्ने अवसर प्रदान गर्नेछ। साथै स्थानीय पहिचानप्रति गर्वको भावना विकास गर्दै संरक्षण, प्रवर्द्धन तथा दिगो विकासप्रति जिम्मेवार नागरिक बन्न प्रेरित गर्ने विश्वास लिएको छु।

स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया सामूहिक प्रयासको परिणाम हो। यस कार्यमा मार्गदर्शन गर्नुहुने गाउँपालिका नेतृत्व, विषयविज्ञहरू विशेषगरी , शिक्षक—शिक्षिकाहरू, सरोकारवाला निकाय, स्थानीय बुद्धिजीवी, समुदाय तथा सम्पूर्ण सहयोगी हातहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

अन्त्यमा, यस महत्वपूर्ण उपलब्धिका लागि सम्पूर्ण सरोकारवालामा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

**श्री विनेश कुमार श्रेष्ठ**
**शिक्षा अधिकृत**

## पाठ्यक्रम कार्यदलका सदस्यहरुः

संयोजक : श्री विनेश कुमार श्रेष्ठ ( शिक्षा अधिकृत)
सदस्य : श्री गीता चौलागाई  ( शिक्षक, श्री सेतीदेवी आ वि)
सदस्य : श्री मिकमार लामा  ( प्रधानाध्यापक, श्री थापीनारायण मा वि)
सदस्य : श्री दिनेश तिमलसिना ( प्रधानाध्यापक, श्री नारायण आ वि)
सदस्य : श्री प्रशुराम जोशी  ( प्राविधिक सहायक)

शुद्ध लेखन : श्री कृष्ण प्रसाद पराजुली ( शिक्षक, श्री झिर्पु मा वि )

संरक्षक : श्री पासाङ नुर्पु शेर्पा ( अध्यक्ष)

## विषयसूची


| पाठशिर्षक | पेज नं |
|---|---|
| १. परिचय | १ |
| २. विषयक्षेत्र | २ |
| ३. स्थानीय पाठयक्रमको औचित्य | २ |
| ४. भोटेकोशी गाउँपालिकाको स्थानीय पाठ्यक्रमको साधारण उद्देश्यहरु | ३ |
| ५. कक्षा १-३ को विषय क्षेत्र र क्रम | ७ |
| ६. कक्षा ४-५ को विषय क्षेत्र र क्रम | १० |
| ७. कक्षा ६-८ को विषय क्षेत्र र क्रम | १२ |
| ८. कक्षा १ को विस्तृतिकरण | १४ |
| ९. कक्षा २ को विस्तृतिकरण | १८ |
| १०. कक्षा ३ को विस्तृतिकरण | २४ |
| ११. कक्षा ४ को विस्तृतिकरण | ३० |
| १२. कक्षा ५ को विस्तृतिकरण | ३८ |
| १३. कक्षा ६ को विस्तृतिकरण | ४५ |
| १४. कक्षा ७ को विस्तृतिकरण | ५१ |
| १५. कक्षा ८ को विस्तृतिकरण | ५७ |
| १६. विद्यार्थी मूल्याङ्कन प्रक्रिया | ६३ |
| १७. विद्यार्थी मूल्याङ्कन | ६५ |
| १८. पाठ्यक्रम कार्यान्वयन र प्रक्रिया | ७२ |
| १९. सन्दर्भ सामाग्री - | ७५ |

## १. परिचय

नेपाल एउटा विविधताले भरिएको मुलुक हो । भौगोलिक , धार्मिक, सांस्कृतिक एवम् जातीय भाषिक विविधता नै यस देशको विशेषता हो । यसैले विद्यालय तहमा केन्द्रवाट तयार पारिएको पाठ्यक्रमले मात्र विद्यार्थीलाई आवश्यक ज्ञान, सिप र व्यवहारका सम्पूर्ण सक्षमताहरु प्रदान गर्न सक्दैनन् भन्ने यथार्थता अनुरुप स्थानीय पाठ्यक्रमको अवधारणा आएको हो । जसरी क्षेत्रको सन्तुलित र समुचित विकासका लागि स्थानीय रुची र आवश्यकतालाई सम्बोधन गर्न स्थानीय सरोकारवालाको प्रत्यक्ष सहभागिता आवश्यक हुन्छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको मर्म अनुसार स्थानीय आवश्यकतालाई समेटनका लागि स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन आवश्यक छ ।

यसलाई नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, पन्ध्रौं योजना (२०७६ ८०), राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन मार्गदर्शन २०७६ र एकीकृत पाठ्यक्रम २०७५ (कक्षा १-३) ले समेत पुष्ट्याइँ  गरेका पाइन्छ । यसै सन्दर्भमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ समेत प्रकाशन भई कार्यान्वयनमा आइसकेको परिप्रेक्ष्यमा यसको औचित्य प्रमाणित भएको छ । त्यसैगरी नेपालको हालको संविधानले समेत माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापनमा स्थानीय तहमा अधिकार प्रत्यायोजन गरिसकेकाले पनि स्थानीय तहको अगुवाईमा स्थानीय पाठ्यक्रमको निर्माण गरी कार्यान्वयन गर्नु आजको आवश्यकता समेत हो ।

साधारण अर्थमा स्थानीयस्तरका विषयवस्तुहरू समावेश गरी विद्यालयमा नियमित पठनपाठन गर्ने अभिप्रायले तयार गरिएको शैक्षणिक सामग्री नै स्थानीय पाठ्यक्रम हो । यसले स्थानीय क्षेत्रका प्राथमिकतापूर्ण विषयवस्तुहरूलाई समेट्छ र तिनीहरूलाई विद्यालयको नियमित कार्यक्रम अनुरूप कक्षाकोठामा पुऱ्याउँछ । यसमा विशेष गरी स्थानीय स्तरका प्राकृतिक, साँस्कृतिक, भाषिक एवम् ऐतिहासिक विषयवस्तुका साथै पेसा, व्यवसाय र विपद् व्यवस्थापन आदि विषयहरू समावेश गर्न सकिन्छ, जसलाई स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ ले निर्दिष्ट गरेको छ ।

हाम्रो देशमा परिमार्जित राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले  (कक्षा १—३)/(कक्षा ४—८) मा सामाजिक अध्ययन, शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयको ८०% पाठ्यक्रम केन्द्रले र २० % पाठ्यक्रम स्थानीय तहबाट निर्माण गर्ने प्रावधान छ र सोही अनुरूप धेरैजसो विद्यालयमा कार्यान्वयन हुँदै आएको छ । त्यसैगरी कक्षा १-३ मा साप्ताहिक पाठ्यभारको ५ र कक्षा ४- ८ मा साप्ताहिक ४ पाठ्यभार र १२८ पाठ्यघण्टा  बराबरको स्थानीय विषय/मातृभाषाको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने दायित्व पनि स्थानीय तहलाई दिईएको छ ।

नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा तयार भई २०७७ सालदेखि देशभरका विद्यालयहरूमा कार्यान्वयन हुने प्राथमिक तहको पाठ्यक्रममा व्यवस्था भएअनुरूप कक्षा १ देखि ३ सम्म कुल १०० पूर्णाङ्कको वार्षिक १६० पाठ्यघण्टा र ४ देखि  ८ मा १२८  घण्टा वार्षिक पाठ्यभार रहेको स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी अध्यापन गर्नुपर्दछ ।

स्थानीय विषय विज्ञहरू तथा मुख्य सरोकारवालाहरूको चरणबद्धरुपमा लेखन, छलफल र अन्तरक्रियाबाट "हाम्रो भोटेकोशी" पाठ्यक्रमको निर्माण गरिएको हो । यो पाठ्यक्रम शैक्षिक सत्र २०८२ देखि कक्षा १—८ मा लागू हुनेछ ।

## २. विषय क्षेत्र

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शनमा रहेको प्रावधान अनुरूप यो पाठ्यक्रम निर्माण गरिएको हो । यस पाठ्यक्रमले मुलभूत रूपमा भोटेकोशी गाउँपालिका क्षेत्रको सेरोफेरोलाई समेट्ने प्रयास गरेको छ । स्थानीय आवश्यकतालाई मध्यनजर गरी आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूलाई आफ्नो सामाजिक तथा वातावरणीय परिवेशबारे ज्ञान ,सिप प्रदान गर्ने यसको मुख्य अभिप्राय रहेको छ । पाठ्यक्रमले यस क्षेत्रको प्राकृतिक, सामाजिक, ऐतिहासिक, सांस्कृतिक तथा आर्थिक पक्षलाई प्रविष्ट गरेको छ र यहाँको प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र संवर्द्धनमा समेत महत्व दिएको छ । यस पाठ्यक्रमको विषयक्षेत्र राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ र स्थानीय पाठ्यक्रम विकास तथा मार्गदर्शन २०७६ ले निर्दिष्ट गरेका विषयवस्तुलाई यस गाउँपालिकाको आवश्यकता अनुरुप निर्धारण गरिएको छ ।तिनीहरूलाई तल प्रस्तुत गरिएको छ ।

## ३. पाठ्यक्रमको औचित्यता

स्थानीय पाठ्यक्रमको औचित्य स्थानीय स्तरका व्यवसाय, पेसा एवम् रोजगारलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गर्नु, नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्नु, समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संसाधनको विकास गर्नु शिक्षाको राष्ट्रिय उद्देश्य हो । केन्द्रीय तहमा निर्माण गरिने पाठ्यक्रमवाट मात्र सोअनुरूपको उद्देश्य पुरा गर्न सम्भव नहुन सक्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश र सन्दर्भको अध्ययनबाट स्थानीय आवश्यकतालाई सम्बोधन गर्न स्थानीय पाठ्यक्रमको प्रावधान आवश्यक भइसकेको तथ्य विभिन्न अध्ययन तथा प्रतिवेदनले औंल्याएका छन् । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहायबमोजिमका बुँदाहरूले स्पष्ट गर्दछन्

१. पाठ्यक्रमका माध्यमबाट स्थानीय तहका आवश्यकतालाई सम्बोधन गरी सिकाइलाई व्यवहारिक र प्रभावकारी तुल्याउनु,

२ एक स्थान/क्षेत्र/व्यक्तिको ज्ञानलाई अर्को स्थान/क्षेत्र/व्यक्तिमा अनुकरण गरी अनुभव साटासाट गरी उत्पादनमूलक ज्ञान, सिप, प्रविधिको विस्तार गर्नु,

३ स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र संवर्द्धन गर्नु,

४ स्थानीय कला, कौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यस अनुरूपको व्यवहार गर्न सक्ने तुल्याउनु,

५ स्थानीय आवश्यकतालाई सम्बोधन गर्न सक्ने भएकाले स्थानीय सरोकारवालालाई जिम्मेवारी बोध गराउनु,

६ भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक विविधतालाई सम्बोधन गर्नु,

७ स्वावलम्बी एवम् आत्मनिर्भर हुने ढङ्गको शिक्षा प्रदान गरी रोजगारउन्मुख नागरिक तयार गर्नु,

८आयआर्जन, श्रमप्रति सम्मान, कामप्रति लगाव बढाउन सहयोग पुऱ्याउनु,

९ स्थानीय स्रोत र साधनको अधिकतम परिचालनबाट कम खर्चमा शिक्षा दिनु,

१० स्थानीय विषयवस्तु समावेश गर्नुपर्ने आवश्यकतालाई सम्बोधन गर्नु,

११ आधुनिक र बालमैत्री वातावरणमा सिकारुले व्यावहारिक ज्ञान लिने अवसर सिर्जना गर्नु,

१२ स्थानीय ज्ञान, सिप र प्रविधिलाई विश्वव्यापीकरण गर्नु,

१३ विश्वव्यापी ज्ञान, सिप र प्रविधिलाई स्थानीयकरण गर्नु,

१४ स्थानीय तहमा लुकेर बसेका ज्ञान, सिप र प्रविधिलाई उजागर गर्नु

१६ परम्परागत पेसा, व्यवसाय र प्रविधिलाई जगेर्ना गर्न र विकास गर्न सहयोग पुऱ्याउनु

**४. भोटेकोशी गाउँपालिकाको स्थानीय पाठ्यक्रमको साधारण उद्देश्यहरु :**

१. भोटेकोशी गाउँपालिकाको सामान्य परिचय, नामकरण, भौगोलिक अवस्था, सिमाना, जनसङ्ख्या, जातजाति बारेमा जानकारी ।
२. स्थानीय सम्पदाहरु जस्तै प्राकृतिक स्रोत र सम्पदा (वनजङ्गल,तालतलैया,खोलानाला) को, अभिलेखिकरण, संरक्षण र संवर्द्धन ।
३. स्थानीय संस्कार, संस्कृति, मूल्य मान्यताका वारेमा ज्ञान प्रदान गरि सो अनुसार व्यवहार प्रदर्शन
४. स्थानीय धार्मिक, सांस्कृतिक ऐतिहासिक एवम् पर्यटकीय सम्पदाहरूको संरक्षण र प्रवर्धन
५. व्यक्तिगत सुरक्षा, प्राकृतिक र मानव सिर्जित विपद व्यवस्थापन र वातावरणको सरसफाइ ,संरक्षणप्रति सजग र हरित विद्यालय अवधारणाको अवलम्बन
६. स्थानीय तहमा अपनाइने पेसा, उद्यमशीलता र प्रविधिको प्रवर्द्धन र उपयोग
७. स्थानीय ख्यातिप्राप्त व्यक्ति र संस्थाहरूको पहिचान र परिचय ।

तहगत सक्षमता

- कक्षा १-३ का  सक्षमताहरू देहाय बमोजिम हुनेछन् ।
    १. गाउँ/टोल, वडा र भोटेकोशी गाउँपालिकाको सामान्य परिचय
    २. स्थानीय प्राकृतिक स्रोत तथा सम्पदाको  पहिचान
    ३. पर्यटकीय तथा धार्मिक स्थलको पहिचान
    ४. वडा भित्रका जातजातिहरुको चाडपर्व, भाषा, रीतिरिवाजको सामान्य परिचय
    ५. स्थानीय परम्परागत पेसा, व्यवसाय र प्रविधिसँग परिचित
    ६. व्यक्तिगत सरसफाइ, व्यायाम र स्थानीय खेलसँग समायोजन
    ७. स्थानीय विपदका  प्रकोपसँग परिचित
    ८. स्थानीय व्यक्तित्व र नेतृत्वको चिनारी तथा सामाजिक समूहको पहिचान र योगदान

- कक्षा ४—५ का सक्षमताहरू देहाय बमोजिम हुनेछन ।

    १. भोटेकोशी गाउँपालिकाको संक्षिप्त परिचय, नक्साङ्कन र अवस्थाको पहिचान
    २. स्थानीय धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलको परिचय र महत्वबोध
    ३. स्थानीय परम्परागत पेसा, व्यवसाय र प्रविधिप्रति सम्मान तथा सिपको अभ्यास
    ४. पालिका भित्रका जातजातिहरुको चाडपर्व, भाषा, रीतिरिवाजको सामान्य परिचय
    ५. स्वास्थ्य, सरसफाइ, व्यायाम र योग अभ्यास
    ६. स्थानीय प्रकोप र जोखिमका क्षेत्रहरूको पहिचान तथा स्थानीय वातावरणको अवधारणासँग परिचित
    ७. जीवनोपयोगी सिप र मानव मूल्यका क्रियाकलापको परिचय र महत्व बोध एवम् अभ्यास
    ८. स्थानीय सामाजिक संस्थाहरू र ख्यातिप्राप्त व्यक्तिको सामान्य चिनारी

- कक्षा ६—८ का सक्षमताहरू देहाय बमोजिम हुनेछन

    १. भोटेकोशी गाउँपालिकाको संक्षिप्त परिचय, नक्साङ्कन र इतिहासको जानकारी
    २. गाउँपालिकाको गठन, सेवा प्रवाह र गाउँपालिका अन्तर्गतका गौरवपूर्ण आयोजनाहरूको पहिचान
    ३. गाउँपालिकाभित्रको रीतिरिवाज, संस्कार र संस्कृतिको खोजी, पहिचान र संरक्षण
    ४. स्थानीय धार्मिक तथा पर्यटकीय स्थलहरूको खोज, पहिचान र संरक्षणमा तत्परता
    ५. स्थानीय स्तरमा उत्पादन हुने वस्तु, आर्थिक आम्दानीका सम्भावना र सिपको विकास गरी उद्यमसिल बन्न ।
    ६. सङ्क्रामक रोगहरूप्रति सजग र सचेतना प्रवाह
    ७. स्थानीय प्रकोप र जोखिम व्यवस्थापनको अवधारणा बोध र व्यवस्थापनमा सहयोग
    ८. स्थानीय सामाजिक संस्थाहरू र ख्यातिप्राप्त व्यक्तिको सामान्य चिनारी

कक्षा १ को उद्देश्य

१. आफ्नो गाउँको नाम भन्न र लेख्न
२. आफ्नो गाउँ वरपर रहेका सम्पदाको पहिचान गर्न
३. आफ्नो संस्कार अनुसारको चाडपर्व मनाउन र त्यस अनुरुपको व्यवहार गर्न।
४. आफ्ना वरपरका धार्मिक तथा पर्यटकिय क्षेत्र पहिचान गर्न
५. व्यक्तिगत सुरक्षामा सचेत हुन।
६. आफ्ना परिवारका सदस्यहरुको पेशाको सामान्य जानकारी प्राप्त गर्न।
७. आफ्नो गाउँठाउँको समाजसेवी व्यक्तित्वको परिचय थाहा पाउन।

कक्षा २ को उद्देश्य

१. आफ्नो वडाको नाम भन्न,लेख्न र रेखाङ्कन गर्न।
२. आफ्नो गाउँ वरपर रहेका सम्पदाको पहिचान र महत्व थाहा पाउन।
३. आफ्नो टोल छिमेकको जातिय विविधता संस्कार अंगिकार गर्न
४. आफ्ना वरपरका धार्मिक तथा पर्यटकिय क्षेत्र पहिचान गर्न
५. व्यक्तिगत सुरक्षामा सचेत हुन।
६. आफ्ना छिमेका सदस्यहरुको पेशाको सामान्य जानकारी प्राप्त गर्न।
७. आफ्नो गाउँठाउँको समाजसेवी व्यक्तित्वको परिचय थाहा पाउन।

कक्षा ३ को उद्देश्य

१. गाउँपालिकाको नाम भन्न,लेख्न र रेखाङ्कन गर्न।
२. आफ्नो गाउँ/वडा भित्र रहेका सम्पदाको पहिचान र महत्व थाहा पाउन।
३. आफ्नो गाउँ/वडाको जातिय विविधता संस्कार अंगिकार गर्न
४. आफ्ना वडा भित्रका धार्मिक तथा पर्यटकिय क्षेत्र पहिचान गर्न
५. व्यक्तिगत तथा सामाजिक सुरक्षामा सचेत हुन।
६. आफ्ना गाउँटोलका मानिसहरुको पेशाको सामान्य जानकारी प्राप्त गर्न।
७. आफ्नो वडाको समाजसेवी व्यक्तित्वको परिचय थाहा पाउन।

कक्षा ४ को उद्देश्य

१. गाउँपालिकाको जनसांख्यिकि स्थिति वारेमा थाहा पाउनु।
२. आफ्नो सम्पदाहरुको संरक्षण तथा संवर्द्धन गर्दै प्रयोग गर्नु।
३. जातीय परम्पराको गरिमा सहित आफ्नो संस्कार र संस्कृतिको जगेर्ना गर्नु
४. आफ्ना वडा भित्रका धार्मिक तथा पर्यटकिय क्षेत्रको विशेषता महत्व थाहा पाउनु।
५. विपद सम्वन्धमा धारणा प्रस्ट हुँदै प्राथमिक उपचारको आवश्यकता र भुमिका जान्न।
६. स्थानिय परम्परागत पेसा व्यवसायको फाइदा र रोजगारीको अवस्था पहिचान गर्न।
७. गाउँ समाजको विभिन्न संस्थामा आवद्ध व्यक्ति र सो संस्थाको महत्व र कार्यप्रकृति जान्न।

कक्षा ५ को उद्देश्य

१. स्थानीय सरकारको कार्यक्षेत्र, प्रदान गर्ने सेवा बुझि सेवा प्राप्त गर्न योग्य बनाउनु।
२. आफ्नो सम्पदाहरुको संरक्षण तथा संवर्द्धन गर्दै प्रयोग गर्नु।
३. आफ्नो संस्कार र संस्कृतिको जगेर्ना गर्नुका साथै अन्य सांस्कृति विविधताको प्रशंसा गर्नु।
४. धार्मिक, सांस्कृतिक तथा पर्यटकिय क्षेत्रको अवलोकन गर्दै प्रचारप्रसार गर्नु ।
५. सम्भावित विपद सम्वन्धमा जानकार भइ पूर्वतयारी गर्नु।
६. परम्परागत पेशा र हालको पेशा विच फरक थाहा पाउनु।
७. गाउँपालिका भित्रको सार्वजनिक निकायले प्रदान गर्ने सेवा थाहा पाउनु।

कक्षा ६ को उद्देश्य

१. गाउँपालिकाको प्राकृतिक, आर्थिक स्रोतको परिचालन र फाइदा र भुमिका जान्न।
२. गाउँपालिका भित्रका प्राकृतिक सम्पदाहरु पहिचान,तुलना गर्दै आर्थिक लगायतको लाभ वारेमा उपाय बताउनु ।
३. आदिवासी संस्कृतिको रितिरिवाज, भाषा,भेषभुषा र इतिहास वारेमा थाहा पाउन।
४. भोटेकोशीको विशेष महत्वको पर्यटकिय क्षेत्रको विस्तृत विवरण प्राप्त गर्न।
५. सामाजिक सुरक्षामा ख्याल गर्दै आपतविपतमा सरसहयोग गर्न।
६. पेशा व्यवस्याको प्रकृति बुझ्दै स्थानीय रोजगारीको अवस्था पत्ता लगाउन।
७. संरक्षण क्षेत्र तथा जलविद्युतको भुमिका र प्रभाव वारेमा जानकार हुन।

कक्षा ७ को उद्देश्य

१. राष्ट्रिय जनगणना तथा अन्य मसर्वेक्षणमा भोटेकोशी गापाको अवस्था पहिचान गर्न।
२. आफ्नो भुगोल वरपर वनपैदावर र वन्यजन्तुको संरक्षण र प्रयोग गर्न।
३. लोक संस्कृतिको रितिरिवाज, भाषा,भेषभुषा र इतिहास वारेमा थाहा पाउन।
४. भोटेकोशीको विशेष महत्वको पर्यटकिय क्षेत्रको विस्तृत विवरण प्राप्त गर्न।
५. विपद तथा आपतविपतमा पर्दा अपनाउनु पर्ने सुरक्षावारेमा प्रस्ट हुन।
६. पेशा व्यवस्याको प्रकृति बुझ्दै स्थानीय रोजगारीको अवस्था र जीवनस्तरमा पारेको प्रभाव ।
७. संरक्षण क्षेत्र तथा जलविद्युतको भुमिका र प्रभाव वारेमा जानकार हुन।

कक्षा ८ को उद्देश्य

१. गाउँसभा, कार्यापालिका गठन तथा कार्य र न्यायिक समितिको भूमिका सहितको सेवा उपयोग गर्न।
२. आफ्नो भुगोल वरपर वनपैदावर र वन्यजन्तुको संरक्षण र प्रयोग गर्न।
३. लोक संस्कृतिको रितिरिवाज, भाषा,भेषभुषा र इतिहास वारेमा थाहा पाउन।
४. भोटेकोशीको विशेष महत्वको पर्यटकिय क्षेत्रको विस्तृत विवरण प्राप्त गर्न।
५. निर्माण कार्य, विषादी वाट हुन सक्ने जोखिमवाट सुरक्षित हुन।

६. विभिन्न पेशाको स्तर पहिचान गर्दै वैदेशिक रोजगारको वारेमा परिचित हुन।
७. संरक्षण क्षेत्र तथा जलविद्युतको भुमिका र प्रभाव वारेमा जानकार हुन।

**कक्षा १-३ को विषय क्षेत्र र क्रम :**

| क्र.सं. | विषयक्षेत्र | विषय-उपक्षेत्र | **कक्षा - १** | **कक्षा - २** | **कक्षा - ३** |
| --- | --- | --- | --- | --- | --- |
| १. | म र मेरो स्थानीय तह | म र मेरो स्थानीय तह | -आफ्नो नाम भनेर र लेखेर अभिव्यक्त गर्न ।<br>-आफू बस्ने गाउँ टोलको नाम बताउन र लेख्न ।<br>-चित्रमा गाउँ, घर, धारो, बाटो आदि चिन्न लेख्न ।<br>-चित्रमा रङ लगाउने अभ्यास गर्न । | -आफ्नो घर रहेको वडा नं. बताउन ।<br>-आफनो गाउँ टोलको नाम लेख्न ।<br>-आफनो टोलको अवलोकन गर्न रेखाङ्कन गर्ने अभ्यास गर्न ।<br>-चित्रमा सामान्य रङ भर्न ।<br>-आफ्नो टोलमा रहेका घरहरु गन्ती गरी भन्न । | -आफ्नो घर रहेको पालिका र वडा नं.बताउन ।<br>- आपनो गाउँ टोलको सिमाना बताउन ।<br>-आफ्ना वडाध्यक्ष तथा सदस्यहरुको नाम बताउन।<br>-आफ्नो गाउँमा रहेका घरहरुको संख्या लेख्न । |
| २. | हाम्रा सम्पदाहरु | हाम्रा सम्पदाहरु | -आफ्नो गाउँ टोलमा रहेका सम्पदाहरु जस्तैः नदी,पोखरी, जङ्गल, धारो, बाटो, विद्यालय, मन्दिर, गुम्बा, माने आदि चिन्न र नाम भन्न ।<br>- आफनो परिवारमा मनाइने चाडपर्वको नाम भन्न ।<br>-आफनो घर र छरछिमेकमा प्रयोग गरिने बाजाहरुको पहिचान गरी नाम भन्न । जस्तैः शङ्ख, टुङ्ना, डम्फु मादल, घ्यालिङ आदि । | -आफ्नो गाउँ टोलमा रहेका सम्पदाहरु जस्तैः नदी, पोखरी, जङ्गल, सडक, धारो, बाटो आदि पहिचान गर्न चित्रमा रङ भर्न ।<br>- आफनो परिवार, टोल र छिमेकमा मनाइने चाडपर्वको नाम भन्न र सहभागी हुन ।<br>-आफ्नो घर र छरछिमेकमा प्रयोग गरिने बाजाहरुको पहिचान गरी नाम भन्न जस्तैः शङ्ख, टुङ्ना, डम्फु मादल, घ्यालिङ, बच्क्षे बाजा आदि।<br>- स्थानीय बाजाहरुको साधारण चित्र कोर्न र चित्रमा रङ भर्न । | -आफ्नो गाउँ टोल, छिमेकी गाउँ र वरपर रहेका सम्पदाहरुको पहिचान गरी नाम बताउन, रेखाङ्कन गर्न र चित्रमा रङ भर्न।<br>-आफनो परिवार, टोल र छिमेकमा मनाइने चाडपर्वको नाम र ती पर्वमा गरिने कार्य, लगाइने पोशाक र खाइने परिकारको नाम भन्न र लेख्न ।<br>-आफ्नो घर र छरछिमेकमा प्रयोग गरिने बाजाहरुको पहिचान गरी नाम भन्न ।<br>- चित्र कोर्न, चित्रमा रङ भर्न, बाजाको आवाजको पहिचान गरी, बजाउने अभ्यास गर्न । |
| ३. | हाम्रो संस्कार र संस्कृति | | - आफूभन्दा ठूलालाई आदर, सानालाई माया र साथीभाइमा मेलमिलाप गर्न ।<br>- अरुको कुरा ध्यान दिएर सुन्न ।<br>- आफ्नो परिवारमा मनाइने चाडपर्वहरुको नाम र सामान्य क्रियाकलापहरु बताउन ।<br>- घरमा बिभिन्न समयमा गरिने क्रियाकलापहरु बताउन (जस्तैः जन्मदिन, कुलपूजा, विवाह, ब्रतबन्ध, छेवर आदि) | - नातेदारहरु वा पाहुनालाई आदर गर्न ।<br>- आफूभन्दा ठूलाले अह्राएको काम गर्न र सहयोगका लागि अनुरोध गर्न ।<br>- अशक्त तथा अपाङ्गलाई माया र सहयोग गरी साथी-साथीमा परस्पर मेलमिलाप गर्न ।<br>- छर-छिमेकी र समुदायमा मनाइने चाडपर्वहरुको नाम र ती चाडपर्वहरु मनाउने र गरिने क्रियाकलापहरु बताउन ।<br>- आफ्नो समुदायका संस्कारहरु (दशैं, तिहार, क्रिसमस, जात्रा, मेला जन्म, विवाह, मृत्यु संस्कार आदिको) सामान्य जानकारी राख्न । | - मान्यजनप्रति शिष्टतापूर्वक आफ्नो कुरा अभिव्यक्त गर्न ।<br>- असहाय रोगी, बुढाबुढी र अपाङ्गलाई (खान, हिँडडुल गर्न, सफा-सुग्घर गर्न, उपचार गर्न आदिमा ) सहयोग गर्न ।<br>- आफनो पालिका भित्रका मुख्य जाति, भेषभूषा, चाडपर्व, धर्म र रहनसहन (रीतिरिवाज) बताउन ।<br>- विभिन्न जातजाति तथा धर्मावलम्वीहरुको चाडपर्व मनाउनुको कारण बताउन । |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | हाम्रा धार्मिक तथा पर्यटकीय क्षेत्रहरु | | - आफनो घर, टोल र छिमेकमा रहेका धार्मिक तथा सांस्कृतिक स्थलहरु ( मन्दिर, गुम्बा, विहार, देवालय, चर्च आदि) को नाम बताउन र सूची बनाउन ।<br><br>- आफनो घर, टोल र छिमेकमा रहेका पर्यटकीय स्थलहरुको अवलोकन गरी नाम बताउन र सूची तयार गर्न । | - आफनो घर, टोल र छिमेकमा रहेका धार्मिक तथा सांस्कृतिक स्थलहरु (मन्दिर, गुम्बा, , देवालय, चर्च, पाटी, विहार, माने, छ्योर्तेन आदि) को नाम बताउन र सूची बनाउन ।<br><br>- आफनो घर, टोल र छिमेकमा रहेका पर्यटकीय स्थलहरुको अवलोकन गरी नाम बताउन र सूची तयार गर्न । | - आफनो घर, टोल र छिमेक र आफनो वडामा रहेका धार्मिक तथा सांस्कृतिक स्थलहरुको नाम बताउन, सूची बनाउन, परिचय र विशेषता बताउन ।<br><br>-धार्मिक कार्य सम्पन्न गर्ने विधि र तिथि मिति बताउन ।<br><br>- आफनो घर, टोल र छिमेकमा रहेका पर्यटकीय स्थलहरु (खोला, तातोपानी धारा, बन्जी रिसोर्ट, नदी, ताल, कुन्ड, भिर, पहरा, झरना आदि) को अवलोकन गरी नाम बताउन र सूची तयार गर्न, आफनो टोलको नक्सा चिन्न र नाम बताउन। |
| ५. | सुरक्षा , प्राथमिक उपचार ,विपद | सुरक्षा | भान्सामा प्रयोग हुने खुकुरी, चुलेसी, चक्कु,छुरी, लाइटर, सलाई, ग्याँस, विजुलीबाट चल्ने सामानहरु आदिबाट सुरक्षा | विद्यालयमा प्रयोग हुने विजुलीबाट चल्ने मल्टिमिडियाका साधनहरु प्रयोगमा सावधानी, पुस्तक राख्ने र्‍याक, दराज प्रयोग गर्दा पुर्‍याउनुपर्ने सावधानी , खेल्दा, दौडदा, उफदा गर्नु पर्ने होसियारी | सडकमा हिड्दा, बाटो काट्दा, हुरी बतास चलेको बेला बाटोमा हिड्दा, वर्षाको समयमा विद्यालय जाँदा र विद्यालयबाट घरफर्कंदा अपनाउनु पर्ने सावधानी । |
| | | प्राथमिक उपचार | १.प्राथमिक उपचार बाकसका विषयमा सामान्य जानकारी । | १.प्राथमिक उपचार वाकसको परिचय ।<br>२.प्राथमिक उपचार वाकसमा रहने सामग्रीको जानकारी । | १.प्राथमिक उपचार वाकसको परिचय ।<br>२.प्राथमिक उपचार वाकसमा रहने सामग्रीको जानकारी र महत्व । |
| ६. | पेशा व्यावसाय र रोजगारी | पेशा व्यवसाय र रोजगारी | -आफ्नो परिवारका सदस्यले गर्ने काम बताउन ।<br>-आफ्ना छिमेकमा रहेको व्यवसायहरु पसल, होटल आदि चिन्न ।<br>-आफना छिमेकीले गर्ने काम बताउन ।<br>- चित्र अवलोकन गरी कामको नामहरु बताउन । | -आफ्नो परिवार र छिमेकीले गर्ने काम र ती काममा प्रयोग गरिने औजारहरुको नाम बताउन ।<br>-आफ्नो परिवार र छरछिमेकीले चलाएको व्यवसायको नाम भन्न । जस्तैः पसल, होटल, बाखा पालन, कुखुरा पालन आदि ।<br>- आफ्ना परिवारका सदस्य, नातेदार र छरछिमेकीको रोजगारी (काम) को सामान्य पहिचान गर्न । | -आफ्नो गाउँ, टोल र वरपरका मानिसहरुले अपनाएको<br>पेशाहरुको नाम भन्न र सूचीकरण गर्न ।<br>-स्थानीय क्षेत्रमा गरिएका व्यवसायहरुको पहिचान गरी सूची बनाउन ।<br>- आफ्नो गाउँ, टोल र वरपरका मानिसहरुको रोजगारी र त्यसबाट हुने फाइदाबारे सामान्य जानकारी राख्न । |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | स्थानीय व्यक्ति तथा संघसंस्था | स्थानीय ख्यातीप्राप्त , अनुकरणीय व्यक्तित्वको जीवनी, प्रेरणा, | १.आफ्नो छिमेकी र घरमुलीको नाम बताउन ।<br>२.आफुलाई पढाउने शिक्षकहरुको नाम भन्न ।<br>३. आफ्नो विद्यालयकोनाम भन्न । | १.आफ्नो टोल र समुदायको नेतृत्व गर्ने व्यक्तिको नाम बताउन ।<br>२.आफ्नो विद्यालयको प्र.अ. को नाम भन्न ।<br>३. आफ्नो गाउँटोलमा रहेको संघसंस्थाको अध्यक्षको नाम भन्न । | १.वडा तथा गाउँपालिका नेतृत्व गर्ने व्यक्तिको नाम बताउन ।<br>२. आफ्नो वडाध्यक्ष तथा पालिका अध्यक्ष तथा उपाध्यक्षको नाम वताउन ।<br>३. गाउँपालिका भित्र रहेका आमा समूह तथा बाल क्लवको नाम भन्न । |

## कक्षा ४-५ को विषय क्षेत्र र क्रम

| क्र.सं. | विषयक्षेत्र | | कक्षा -४ | कक्षा -५ |
|---|---|---|---|---|
| १. | म र मेरो स्थानीय तह | म र मेरो स्थानीय तह | -आफ्नो पालिका र त्यसभित्र रहेका वडा सङ्ख्या बताउन ।<br>-आफ्नो वडाको क्षेत्रफल र सिमाना बताउन ।<br>-आफनो वडाको नक्सा हेरी नक्सा कोर्ने अभ्यास गर्न ।<br>-वडाभित्रको जनसङ्ख्या र जातजातिहरुको विवरण तयार गर्न ।<br>-आफ्नो पालिका अध्यक्ष ,उपाध्यक्ष र वडाध्यक्षहरुको नाम बताउन ।<br>-स्थानीय तहले दिने सेवाहरुको विवारण तयार गर्न । | -आफ्नो पालिका र त्यसभित्र रहेका वडासङ्ख्या बताउन ।<br>-पालिकाको नक्सा अध्ययन गर्न ।<br>-आफ्नो पालिकाको क्षेत्रफल र सिमाना बताउन ।<br>-आफ्नो पालिकाको नक्सा कोर्ने अभ्यास गर्न ।<br>- स्थानीय व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको प्रकृयाको परिचय दिइ गठन प्रकृया र कार्यहरु उल्लेख गर्न ।<br>-स्थानीय सरकारको परिचय र यसले दिने सेवाहरु उल्लेख गर्न । |
| २. | हाम्रा सम्पदाहरु | हाम्रा सम्पदाहरु | -आफ्नो वडा भित्र रहेका सम्पदाहरु (प्राकृतिक र साँस्कृतिक) को पहिचान गरी रेखाङ्कन गर्न र चित्रमा रङ भर्न ।<br>- हाम्रा सम्पदाहरुप्रति गौरव गर्न ।<br>-आफनो वडाभित्र मनाइने चाडपर्वहरु मनाउने तरिका र ती पर्वहरुको महत्व बताउन र लेख्न ।<br>- चाडपर्व मान्नुपर्ने कारण खोजी गर्न ।<br>- आफ्नो वडाभित्र बजाइने परम्परागत बाजाहरुको पाहिचान गरी स्थानीय बाजाहरुको महत्व खोजी गर्न । | -आफ्नो पालिका भित्र रहेका सम्पदाहरु (प्राकृतिक र सांस्कृतिक) को पहिचान गरी रेखाङ्कन गर्न र चित्रमा रङ भर्न ।<br>- हाम्रा सम्पदाहरुप्रति गौरव गर्न र सम्पदाहरुको संरक्षणमा सहभागी हुन ।<br>-आफनो पालिकाभित्र मनाइने चाडपर्वको धार्मिक र सांस्कृतिक महत्व बताउन ।<br>- ती चाडपर्वहरुले परिवार तथा सामाजमा पार्ने सकारात्मक प्रभाव र सुधार गर्नु पर्ने पक्षहरु लेख्न ।<br>-पञ्चेबाजा लगायत यस पालिका भित्र बजाइने बाजाहरुको संरक्षण गर्ने उपाय खोजी गर्न । |
| ३. | हाम्रो संस्कार र संस्कृति | | - अरुले गरेको राम्रो कामको प्रशंसा र सम्मान गर्न र सहयोग गरेकामा धन्यवाद दिन ।<br>- अपाङ्गहरुले गर्न सक्ने क्रियाकलाप बताउन ।<br>- कुनै पनि उच्छ्रृङ्खल क्रियाकलापहरु (जिस्काउने, होहल्ला गर्ने, छाडा बोल्ने, तोडफोड गर्ने आदि) बाट हुने परिणाम बताउन र त्यस्ता काम नगर्न ।<br>- ऐतिहासिक, धार्मिक र महत्वका कुराहरु (चाडपर्व, धर्मिक स्थल, भेषभूषा र नाचगान) बारे बताउन । | - समाजमा परम्परागत प्रचलनका राम्रा — नराम्रा पक्षहरु छुट्याई राम्रा पक्षलाई मात्र ग्रहण गरी आफ्नो तर्क प्रस्तुत गर्न ।<br>- धर्म,लिङ्ग र जातिका आधारमा भेदभाव नराखी समान रुपले आदरपूर्वक नम्र व्यवहार गर्न।<br>-स्थानीय भाषा, भेषभूषा, रहनसहन, मेलापर्व र जात्राहरुको परिचय दिई महत्व पहिचान गर्न । |

| | | | | |
|---|---|---|---|---|
| | | | - प्रचलित धर्महरु (हिन्दु, बौद्ध, इसाई बारे) छुट्टाछुट्टै वर्णन गर्न र धार्मिक साहिष्णुताको महत्व बताउन । | -अनुशासन तथा असल आचरण पालना गर्न । |
| ४. | हाम्रा धार्मिक तथा पर्यटकीय क्षेत्रहरु | | -आफनो वडा भित्रका धार्मिक स्थलहरुको अवलोकन गरी परिचय, विशेषता, महत्व, कार्य सम्पन्न हुने तिथिमिति र विधिहरु बताउन र लेख्न ।<br><br>-आफनो वडा भित्र र छिमेकी वडामा रहेका पर्यटकीय स्थलहरुको अवलोकन गरी नक्सामा चिनाउन, परिचय, विशेषता, महत्व बताउन र लेख्न । | आफनो वडा र पालिका भित्रका प्रमुख धार्मिक र सांस्कृतिक स्थलको सूची तयार पार्न, परिचय, विशेषता, महत्व र धार्मिक तथा सांस्कृतिक पर्व सम्पन्न हुने तिथिमिति र विधि लेख्न ।<br><br>-आफ्नो पालिका भित्रका धार्मिक तथा सांस्कृतिक स्थलहरु (उग्रचण्डी मन्दिर, छगाम आनी गुम्बा, पाउ गुम्बा, थापीनारायाण मन्दिर आदि) को धार्मिक र ऐतिहासिक महत्व बताउन ।<br><br>-आफनो वडा र पालिका भित्रका प्रमुख पर्यटकीय स्थलहरुको अवलोकन गरी नक्सामा चिनाउन, परिचय, विषेशता र महत्व बताउन र लेख्न । |
| ५. | सुरक्षा , प्राथमिक उपचार ,विपद | सुरक्षा | १.घर, विद्यालय र सडकमा हिड्दा अपनाउनु पर्ने सुरक्षा सावधानीका विषयमा साथीभाइसँग हुने संवादमा सरिक भई आफ्नो विचार राख्न । | १.हाम्रो वरिपरिको वातावरण यसको बचाउका उपायहरु उल्लेख गर्न । जस्तै : सुरक्षित घर, सुरक्षित सार्वजनिक भवन, आदि |
| | | प्राथमिक उपचार | १.घर र विद्यालयमा प्राथमिक उपचार वाकस ।<br>२.प्राथमिक उपचारको वाकस निर्माण। | १. प्राथमिक उपचार वाकसको महत्व र प्रयोग ।<br>२.प्राथमिक उपचारको वाकस निर्माण। |
| | | विपद | १.हावाहुरी र आगालागीको जानकारी।<br>२.बाढी,पहिरो,चट्याङको जानकारी | १.हावाहुरी र आगालागीको जानकारी र बचाउ ।<br>२. बाढी ,पहिरो,चट्याङको जानकारी र बचाउ।<br>३. भूकम्पको जानकारी र बचाउ । |
| ६. | पेशा व्यवसाय र रोजगारी | पेशा व्यवसाय र रोजगारी | -आफ्नो वडाभित्रका मानिसहरुले अपनाएको पेशाहरु र त्यसबाट हुने फाइदा बारे बताउन ।<br>--आफनो वडामा गरिएका व्यवसायहरुको पहिचान र यी व्यवसाय विस्तार गर्ने उपायहरु खोजी गर्न।<br>- वडाभित्रका मानिसहरुले अपनाएको रोजगारीको सूची बनाउन र रोजगारीको अवसर बढाउने उपायहरु खोजी गर्न। | -आफ्नो पालिकाभित्रका मानिसहरुले अपनाएको परम्परागत र आधुनिक पेशाको सूची बनाउन ।<br>-ती पेशाहरुको महत्व तथा व्यवस्थित गर्ने उपाय बताउन ।<br>- आफनो पालिकाभित्र गरिएका व्यवसायहरुको पहिचान र यी व्यवसायहरुको महत्व र यसबाट हुने फाइदाहरु उल्लेख गर्न ।<br>-पालिका भित्रका मानिसहरुको रोजगारीको अवस्था, जीवनस्तरको तुलनात्मक अध्ययन गर्न । |

| | | | | |
|---|---|---|---|---|
| ७. | स्थानीय व्यक्ति तथा संघसंस्था | स्थानीय संघसंस्था | १.आफ्नो विद्यालयको स्थापना गर्ने व्यक्तित्वहरु(संस्थापक अध्यक्ष, प्रअ, र अन्य ) सामान्य परिचय दिन ।<br>२.वडाभित्र सञ्चालित शैक्षिक संस्था र सामाजिक संस्थाहरुको सामान्य परिचय र ती संस्थाहरुवाट प्राप्त हुने सेवाहरु भन्न तथा सेवा लिन ।<br>३.वडाभित्रका शिक्षाप्रेमी व्यक्तित्वहरुको नाम र पुर्‍याएको योगदान बताउन र त्यसवाट शिक्षा ग्रहण गर्न । | १.गाउँपालिकाभित्र सञ्चालन भएको शैक्षिक संस्था, स्थापना गर्ने व्यक्तिको सामान्य परिचय दिन ।<br>२.गाउँपालिका भित्रका सामाजिक संस्थाहरुको नाम बताउन।<br>३.गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुको सूची बनाउन ।<br>४. गाउँपालिका भित्रका स्वास्थ्य संस्थावाट प्रदान गरिने स्वास्थ्य सेवाका प्रकारहरु उल्लेख गर्न ।<br>३.गाउँपालिकाभित्रका शिक्षाप्रेमी व्यक्तित्वहरुको नाम र पुर्‍याएको योगदान बताउन र त्यसवाट शिक्षा ग्रहण गर्न । |

## कक्षा ६-८ को विषय क्षेत्र र क्रम

| क्र.स. | विषय क्षेत्र | | कक्षा — ६ | कक्षा - ७ | कक्षा — ८ |
|---|---|---|---|---|---|
| १. | **म र मेरो स्थानीय तह** | मेरो परिचय | - परिवारका सदस्यहरुको शैक्षिक योग्यता र परिवार प्रति रहेको भूमिका | -परिवारका सदस्यहरुको काम र कर्तव्यहरु | -परिवारमा आफ्नो भूमिका<br>-परिवारप्रति आफ्नो कर्तव्य र जिम्मेवारीकोअवस्था भावी योजना |
| | म र मेरो स्थानीय तह | म र मेरो स्थानीय तह | -भोटेकोशी गाउँ पालिकाको प्राकृतिक तथा आर्थिक स्रोतको नाम बताउन ।<br>-प्राकृतिक तथा आर्थिक स्रोतको परिचालन, फाईदा र महत्व बताउन ।<br>-वडा कार्यालयले उपलब्ध गराउने सेवाहरु बताउन । | -सार्वजनिक स्थलहरुको संरक्षण गर्ने तरिका, महत्व र जिम्मेवारी बताउन ।<br>-भोटेकोशी गाउँ पालिकाले दिने सेवाहरु उल्लेख गर्न ।<br>-राष्ट्यि जनगणना २०७८ अनुसार, पालिकाको कुल जनसंख्या, महिला र पुरुषको सङ्ख्या, जातिगत र उमेरगत जनसङ्ख्या बताउन । | -गाउँ सभा र गाउँ कार्यपालिकाको गठन प्रकृया उल्लेख गर्न ।<br>-स्थानीय न्यायिक समितिको गठन, काम कर्तव्य र अधिकार उल्लेख गर्न ।<br>-स्थानीय तहमा न्याय सम्पादन प्रकृया उल्लेख गर्न । |
| २. | हाम्रा सम्पदाहरु | हाम्रा सम्पदाहरु | -भोटेकोशी गाउँ पालिकाभित्र रहेका सम्पदाहरुको पहिचान गर्न ।<br>-प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक सम्पदाहरु छुट्याउन ।<br>-सम्पदाहरुको महत्व र यसबाट हुने फाइदाहरु उल्लेख गर्न । | -भोटेकोशी गाउँ पालिकाभित्रका ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको महत्व र संरक्षण गर्ने उपायहरु उल्लेख गर्न ।<br>-आफ्नो पालिकाभित्र पाइने जडीबुटी जन्य वनस्पतिहरुको पहिचान र महत्व उल्लेख गर्न ।<br>-आफ्नो पालिकासमेत समेटिएको गौरीशंकर संरक्षण क्षेत्रको परिचय र यहाँ पाइने जीवजन्तुको पहिचान गर्न । | -आफनो पालिकाभित्रको जातजाति, भाषा, धर्म, संस्कृति, पहिरन आदिको छुट्टाछुट्टै परिचय दिन ।<br>- तिनीहरुको महत्व र संरक्षण गर्ने उपायहरु उल्लेख गर्न ।<br>-पालिकाभित्र पाइने वन्यजन्तु तथा पन्छीहरुको पहिचान र तिनीहरुको संरक्षणका लागि गरिएका प्रयासहरु बताउन । |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | हाम्रो संस्कार र संस्कृति | | -पालिका भित्रका धार्मिक तथा सांस्कृतिक सम्पदाको पहिचान र संरक्षण गर्न ।<br>- पालिका भित्रको रीतिरिवाज, लोकगीत, लोक बाजा, लोक नृत्य, पहिरन आदिको पहिचान गर्न र लेख्न ।<br>-शेर्पा जातिको परिचय, चाडपर्व, भेषभूषा, रीतिरिवाजको पहिचान गरी वर्णन गर्न ।<br>- शेर्पा जातिको संस्कार, संस्कृति बताउन । | -पालिका भित्रका विभिन्न व्यक्ति र समुदायप्रति सहानुभूतिको व्यवहार प्रदर्शन गर्न ।<br>-धार्मिक तथा सांस्कृतिक सम्पदाको महत्व उल्लेख गर्न ।<br>-नेवार जातिको संस्कार, संस्कृति, रहनसहन, भेषभूषाको परिचय दिन ।<br>-बेलविवाह (इही) को परिचय र विषेशता बताउन र लेख्न । | -स्थानीय स्तरमा आफ्नो संस्कृति र संस्कार (जन्म, मृत्यु, विवाह आदि) बारे बताउन ।<br>-ब्राम्हण र क्षेत्रीको संस्कार, संस्कृतिको पहिचान गर्न ।<br>-ब्रतबन्धको परिचय दिन र धार्मिक र परम्परागत महत्व लेख्न । |
| ४. | हाम्रा धार्मिक तथा पर्यटकीय क्षेत्रहरु | | -तातोपानी धाराको परिचय, धार्मिक र सांस्कृतिक महत्व बताउन ।<br>- यसको संरक्षण र आर्थिक महत्व बताउन ।<br>- बन्जीको परिचय, महत्व र विशेषता बारे लेख्न ।<br>- यसको पर्यटकीय र आर्थिक महत्व बारे लेख्न । | - उग्रचण्डी (लिस्ती) मन्दिरको परिचय, ऐतिहासिक र धार्मिक महत्व वर्णन गर्न ।<br>- उग्रचण्डी मन्दिरका पुजारी, पूजा बिधि र विषेशता बताउन ।<br>-भैरवकुण्ड (पोखरी) को परिचय, धार्मिक, सांस्कृतिक महत्व वर्णन गर्न ।<br>यसमा लाग्ने विशेष जात्रा र पर्यटकीय महत्व बारे लेख्न । | -थापी नारायण मन्दिरको परिचय, ऐतिहासिक र धार्मिक महत्व, यहाँ लाग्ने जात्राको विशेषता बारे वर्णन गर्न ।<br>-छगाम आनी गुम्बाको परिचय, धार्मिक तथा पर्यटकीय महत्व र विशेषता बारे लेख्न । |
| ५. | सुरक्षा , प्राथमिक उपचार ,विपद | व्यक्तिगत सुरक्षा | १. खोला तर्दा र हिउँवाट जोगिने सुरक्षाका उपाय<br>२. कितपतङ्ग र जनावरको टोकाइ (मौरी,लामखुट्टे,कुकुर,सर्प)<br>३. महिनावारी | १.रुख चढ्दा, लेक लाग्दा, लु लाग्दा अपानाउने सुरक्षाका उपाय<br>२. भिरमौरी र खागोको मह काट्दा अपानाउनु पर्ने सुरक्षाका उपाय<br>३. महिनावारीको समयमा किशोरीले भोगेका समस्या र स्यानीटरि प्याडको प्रयोग | १. पहाड,हिमाल चढ्दा, लेक लाग्दा अपानाउने सुरक्षाका उपाय<br>२. निर्माण (रंगरोगन, प्लम्बिङ, वायरिङ आदि कार्य गर्दा<br>अपानाउनु पर्ने सुरक्षाका उपाय<br>३. विषादिवाट सुरक्षा<br>४.विद्यालय नर्स कार्यक्रम |
| | | सामुदायिक तथा वतातावरणको सुरक्षा | १. सामाजिक सुरक्षाको अवधारणा<br>२.आपतविपत तथा संकट वा चोरी डकैतीमा सरसहयोग )<br>३. वाटो,पुल, खानेपानी,वन को सुरक्षा | १. सामाजिक सुरक्षाको अवधारणा र महत्व<br>२.विपद्का वेला आपसी सहयोग )<br>३. स्थानीय प्राकृतिक वातावरण, पानीको स्रोतको को सुरक्षा | १. सामाजिक सुरक्षाको महत्व र जिम्मेवारी<br>२.विपद्का वेला स्थानीय सरकार तथा गैरसरकारी संस्थाको सहयोग<br>३. स्थानीय प्राकृतिक वातावरण, खोलानाला, वोटविरुवा,तातलैयाको सुरक्षा |
| | | प्राथमिक उपचार | १.सामान्य चोटपटकमा प्राथमिक उपचार वाकसको प्रयोग ।<br>२.किराको टोकाइको प्राथमिक उपचार | १.करेन्ट लाग्दा, पानीमा डुब्दा तथा हिउँले खाँदा प्राथमिक उपचार वाकसको प्रयोग । | १.सर्पले टोक्दा, विद्युतीय तथा ग्याँस दुर्घटना,आगोले पोल्दा प्राथमिक उपचार वाकसको प्रयोग । |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | | पेशा व्यवसाय र रोजगारी | -पेशाको परिचय, किसिम र महत्व उल्लेख गर्न । ।<br>-व्यवसायको परिचय र महत्व उल्लेख गर्न ।<br>स्थानीय रोजगारी सम्बन्धी सूचना प्राप्त गर्ने स्रोतहरुको पहिचान गर्न । | -परम्परागत र आधुनिक पेशाबिच तुलना गर्न ।<br>-व्यवसायका प्रकार र महत्व बताउन ।<br>- रोजगरीका फाइदाहरु र जीवनस्तरमा पारेको प्रभाव उल्लेख गर्न । | -मध्यम र उच्च स्तरीय पेशाको परिचय र महत्व बताउन ।<br>-व्यवसाय संचालनमा ध्यान दिनुपर्ने कुराहरु उल्लेख गर्न । ।<br>-पालिका भित्रका स्वदेश तथा वैदेशिक रोजगारमा संलग्न जनसंख्याको तथ्यांक र आर्थिक अवस्था खोजी गर्न । |
| ७. | स्थानीय ख्यातीप्राप्त व्यक्ति तथा संघसंस्था | स्थानीय ख्यातीप्राप्त , अनुकरणीय व्यक्तित्वको जीवनी, प्रेरणा, स्थानीय संघसंस्था | गौरीशंकर क्षेत्रको परिचय , जलविद्युत कम्पनीको परिचय | गौरीशंकर क्षेत्रको परिचय , महत्व, वनपैदावर, जंगली जनावर<br>जलविद्युत कम्पनीको परिचय, महत्व, फाइदाहरु | गौरीशंकर क्षेत्रको महत्व तथा फाइदाहरु, संरक्षणका उपायहरु ( आगलागी, चोरीपैठारी )<br>जलविद्युत कम्पनीको महत्व तथा फाइदाहरु, नदि तथा खोला संरक्षण ,स्थानीयको भुमिका |

**विषयवस्तुको विस्तृतीकरण**

## कक्षा १

| विषयवस्तु / क्षेत्र | सिकाइ उपलव्धी | विषयवस्तुका विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|
| **म र मेरो स्थानीय तह** | -आफ्नो नाम भनेर र लेखेर अभिव्यक्त गर्न । | -आफनो नाम<br>घरमा बोलाउने र विद्यालयमा बोलाउने फरक भए त्यो समेत . | - शिक्षकले सबै बालबालिकाहरुलाई पालैपालो नाम सोध्ने र लेख्न लगाउने र आवश्यक सहयोग गर्ने । | -तिम्रो नाम लेखेर देखाऊ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | -आफू बस्ने टोलको नाम भन्न र लेख्न । | -आफनाटोलको नाम जस्तैः डाँडा टोल, गहिरो टोल, कोदारी, धारापानी, बगाम, घिप्चे, तातोपानी, काङलाङ, बोक्चेन, चाकु, पन्थली, लुभुसिङ, दुगुना आदि । | -सबैलाई आ-आफ्नो टोलको नाम भन्न र लेख्न लगाउने । पटक पटक अभ्यास गराउने । | -तिम्रो टोलको नाम के हो ? लेख । | |
| | - चित्रमा गाउँ, घर, धारो, गाउँ, बाटो आदि चिन्न ।<br>-आफ्नो टोलमा रहेका घरहरु गन्ती गर्न । | -चित्र अवलोकन गरी बिभिन्न वस्तु छुट्याउन जस्तैः बाटो, धारो, गाउँ, घर, विद्यालय आदि ।<br>-आफ्नो टोलका घरहरु । | -चित्र देखाइ बाटो, धारो, विद्यालय मन्दिर, माने, आदि चिन्न लगाउने, चिन्न र भन्न नसके सहयोग गर्ने ।<br>-टोलका घरहरु गन्ती गर्न लगाउने । | -चित्र देखाई चिन्न र भन्न लगाउने । | |
| **हाम्रा सम्पदाहरु** | आफ्ना टोलका सम्पदाहरु चिन्न र भन्न । | -आफ्नो गाउँ टोलका सम्पदाहरु पहाड, डाँडा, झरना, धारो, बाटो, खोला, नदी, जङ्गल, पोखरी, माने, गुम्बा, विद्यालय, मन्दिर आदि । | -शिक्षकले बालबालिकाहरुलाई आफ्नो गाउँ टोलका सम्पदाहरु धारो, बाटो, खोला, नदी, जङ्गल, पोखरी, विद्यालय, माने, गुम्बा, मन्दिर आदिको अवलोकन गराउने, ती सम्पदाहरु चिन्न लगाइ नाम भन्ने अभ्यास गराउने । | -चिन्न र नाम भन्न लगाउने । जस्तैः धारो, बाटो, मन्दिर, माने, खोला, विद्यालय आदि ।<br>-सबैले चिन्न र भन्न सके नसकेको रेकर्ड राख्ने र नसकेकालाई फेरि दोहो-याउने । | |
| | चाडपर्वहरुको नाम बताउन । | -आफ्नो घरपरिवारमा मनाइने चाडपर्वहरु जस्तैः दशैं, तिहार, ल्होसार, क्रिसमस्, माघे सक्रान्ती आदि । | -शिक्षकले बालबालिकाहरुलाई आ-आफ्नो घरमा मनाइने चाडपर्वको नाम पालैपालो भन्न लगाउने र भन्न नसके सहयोग गर्ने । चित्र, भिडियो, पोष्टर आदि देखाएर आफ्नो घरपरिवारमा मनाइने चाडपर्व चिनाउने । | - तिमीले जानेको चाडपर्वको नाम बताऊ ।<br>-सबैले भन्न सके नसकेको रेकर्ड राख्ने र नसकेकालाई फेरि दोहो-याउने । | |
| | -आपनो घर र छरछिमेकमा प्रयोग गरिने बाजाहरु चिन्न र नाम भन्न । | -आफ्नो घर र छरछिमेकमा बजाइने बाजाहरु जस्तैः शङ्ख, घण्ट, टुङ्ना, डम्फु, मादल, मुरली, ढ्याङ्ग्रो, घ्यालिङ, झ्याम्टा आदि । | -आफ्नो घर र छरछिमेकमा बजाइने बाजाहरुको प्रत्यक्ष अवलोकन गराउने र सबैको नाम भनिदिने र बालबालिकाहरुलाई पनि चिन्न र भन्न लगाउने । जस्तैः शङ्ख, घण्ट, टुङ्ना, डम्फु, मादल, मुरली, ढयाङ्ग्रो घ्यालिङ, झ्याम्टा आदि । | - बाजाहरु देखाइ नाम भन्न लगाउने ।<br>- सबैले भन्न सके नसकेको रेकर्ड राख्ने र नसकेकालाई अभ्यास गराउने । | |
| हाम्रो संस्कार र संस्कृति | -आफूभन्दा ठूलालाई आदर, सानालाई माया र साथीभाइमा मेलमिलाप गर्न । | **आफूभन्दा ठूलालाई आदर** (जस्तैः दुई हात जोडेर नमस्कार, अभिवादन, एक हातले सलाम, मुखले नमस्ते/नमस्कार, टासिदेलेक, फ्याफुल्ला भनेर, हात उठाएर/हल्लाएर, शिर झुकाएर, मुस्काएर शिष्ट र नम्र बोलीमा सम्बोधन गरेर) । आफनो स्थानीय चलन अनुसार गर्ने कार्य । | -शिक्षक आफैंले अभिवादन गरेर देखाउने, अभिवादन गरेको भिडियो/पोष्टरर/चित्र आदि देखाउने<br>-पालैपालो बालबालिकाहरुको संस्कार अनुसार अभिवादन गर्न लगाउने । | -तिमी आफूभन्दा ठूलालाई कसरी नमस्कार गर्छौ ? अभिनय गरेर दखाऊ । (बालबालिकाले अभिवादन गरेको अवलोकन गर्ने ) | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | **सानालाई माया-** नाम बोलाएर, भाइ बहिनी भनी सम्बोधन गरेर, सँगै खेल खेलेर, खेलौना /सामान दिएर, फकाएर, सम्झाएर, डोऱ्याएर, पर्खेर सँगै बसेर, नजानेको कुरा/काम सिकाएर आदि । | -आफूभन्दा सानालाई माया गर्न, मिलेर खेल्न, बस्न लागाउने ।<br>- सानालाई माया गरेको भिडियो / पोष्टर आदि देखाउने ।<br>-सानालाई माया गरेको अभिनय गर्ने र गर्न लगाउने । | - तिमी भाइ बहिनीलाई के के दिन्छौ ?<br>(बालबालिकाको व्यवहारको अवलोकन गर्ने) | |
| | | **साथीभाईमा मेलमिलाप** –<br>साथीभाईमा र अरुसँग आपसमा सामान आदानप्रदान गरेर, सामुहिक खेल खेलेर, सामुहिक क्रियाकलापमा भाग लिएर, नियम पालन गरेर/ गर्न लगाएर, भूल भए क्षमा मागेर आदि । | - साथीसँग मिलेर खेलेको<br>चित्र/पोष्टर आदि देखाउने, समूहमा खेल खेलाउने, भूल भएमा क्षमा माग्न सिकाउने आदि । | साथी साथी मिलेर खेले-नखेलेको, मिलेर बसेनबसेको अवलोकन गर्ने । | |
| | -अरुको कुरा ध्यान दिएर सुन्न । | - अरुले बोलेको कुरा ध्यान दिएर सुनेर, चुप लागेर बसेर, आफूलाई भन्न मन लागेको कुरा हात उठाएर, अनुमति मागेर भन्ने, अरुलाई बोल्न पालो दिने, अरुले बोलेको बेला अवरोध नपुऱ्याउने ।<br>- आफ्नो कुरा भनि सकेपछि आफ्नो स्थानमा शान्तपूर्वक बस्ने आदि । | -बालबालिकालाई पालैपालो बोल्न लगाउने, अरुले बोलेको कुरा ध्यान दिएर सुन्न, शान्त पूर्वक आफ्नो स्थानमा बस्न लगाउने । | बालबालिकाले अरुले बोलेको बेलामा ध्यान दिएर सुने नसुनेको, आफ्नो पालोमा बोले नबोलेको अवलोकन गर्ने | |
| | -आफनो परिवारमा मनाइने चाडपर्व र गरिने क्रियाकलाप बताउन । | -आ-आफ्नो परिवारमा मनाइने चाडपर्वहरु दशैं, तिहार, ल्होसार, क्रिसमस, जनैपुर्णमा, साउने सक्रान्ती, माघे सक्रान्ती,चैते दशैं आदि ।<br>-चाडपर्वमा गरिने क्रियाकलापहरु<br>जस्तैः दशैंमा टीका लगाउने, तिहारमा देउसी भैलो खेल्ने आदि । | -आ-आफनो परिवारमा मनाइने चाडपर्वको नाम भन्न लगाउने ।<br>-बिभिन्न चाडपर्वसँग सम्बन्धित पोष्टर/चित्र आदि देखाएर, छलफल गराउने आदि ।<br>-चाडपर्वमा गरिने सामान्य क्रियाकलाप बारे छलफल गराउने । | -तिम्रो घरमा मनाइने मुख्य चाड कुन हो ?<br>-त्यो चाडमा के गरिन्छ ? | |
| | -घरमा बिभिन्न समयमा गरिने क्रियाकलापहरु बताउन । | -आफ्नो घरमा गरिने क्रियाकलापहरु<br>जस्तैः जन्मदिन, छेवर, विवाह, कुलपूजा, बेलविवाह आदिको नाम पहिचान गराउने ।<br>-आफनो जाति र संस्कार अनुसार आफ्नो घरमा गरिने क्रियाकलापहरु सामान्य जानकारी दिलाउने । | -जन्मदिन, छेवर, कुलपूजा आदिमा गरिने कार्यबारे छलफल, प्रश्नोत्तर गर्ने, गराउने ।<br>-चित्र/पोष्टर/छोटो भिडियो देखाइ जन्मदिन,विवाह, पूजा आदि बारे जानकारी गराउने । | -तिम्रो जन्म दिनमा के गरियो ? भन ।<br>-छेवरमा के के गरिन्छ?<br>तिमी विवाहमा गएका छौ कि ? भन । | |

| | | | | | |
|---|---|---|---|---|---|
| हाम्रा धर्मिक तथा पर्यटकीय क्षेत्रहरु | -आफनो घर, टोल र छिमेकमा रहेका धर्मिक तथा सांस्कृतिक स्थलहरुको नाम बताउन र सूची बनाउन । | -आफनो घर, टोल छिमेकमा रहेका धर्मिक तथा सांस्कृतिक स्थलहरु जस्तैः मन्दिर, गुम्बा, विहार, देवालय, देविथान, भुमेथान, माने, चर्च, छ्योर्तेन आदिको नाम चिनेर भन्न । | - आ-आफनो घर, टोल नजिक रहेका धर्मिक तथा सांस्कृतिक स्थलहरुको नाम भन्न लगाउने, चित्र पोष्टर आदि देखाउने, छलफल गराउने । | -तिम्रो घर नजिकै कुनै धार्मिक स्थल छ ? नाम बताऊ ।<br>-तिमीले जानेका /देखेका धार्मिक स्थलहरुको नाम लेख । | |
| | -आफनो घर, टोल र छिमेकमा रहेका पर्यटकीय स्थलहरुको नाम बताउन र सूची तयार गर्न । | -आफनो घर, टोल र छिमेकमा रहेका पर्यटकीय स्थलहरु (खोला, नदी, छहरा, झरना, जङ्गल, पहाड, डाँडा, गढी, चौतारो आदि) को नाम चिन्न र भन्न । | -आफनो वरपर रहेका पर्यटकीय स्थलहरु चिन्न र भन्न लगाउने ।<br>-छलफल, प्रश्नोत्तर गराउने, छोटो स्थलगत भ्रमण गरउने,चित्र/पोष्टर देखाउने आदि । | -तिम्रो घर वा टोल नजिकै मानिसहरु घुम्न आउने जाने ठाउँ छ ?<br>-तिम्रो घर नजिकै रहेका मानिसहरु घुम्न आउने जाने ठाउँ के के हुन् ? नाम बताऊ । | |
| सुरक्षा | १.घर तथा विद्यालय भित्रका सुरक्षाका उपाय वताउन र वानी वसाउन<br>२. हिँडदा तथा खेल्दा सुरक्षित हुन | १.भान्सामा आगो,छुरी,चक्कु,चुलेसीवाट सुरक्षा<br>२.विजुली सामाग्री प्रयोग सम्वन्धी सुरक्षा<br>३.कोठा,शौचालय तथा वाथरुममा सुरक्षा<br>४. हिँडदा, गाडी चढ्दा, साइकल कुदाउँदा,कुद्दा, खेल खेल्दा | १.भान्सामा आगो,छुरी,चक्कु,चुलेसीवाट सुरक्षित रहने उपायहरुको चार्ट, भिडियो प्रदर्शन गर्दै प्रयोग गरेर देखाउने ।<br>२.विजुली सामाग्री प्रयोग गर्दा सुरक्षा सम्वन्धी उपायहरुको प्रयोगात्मक क्रियाकलापहरुको सञ्चालन गराउने<br>३.कोठा,शौचालय तथा वाथरुममा लडेर हुने घटनावाट जोगिने उपायहरुको छलफल गराउने<br>४. हिँडदा, गाडी चढ्दा, साइकल कुदाउँदा,कुद्दा, खेल खेल्दा अपनाउनुपर्ने सुरक्षाका उपायहरु सम्वन्धी चार्ट, भिडियो प्रदर्शन गर्दै प्रयोग गरेर देखाउने र छलफल गराउने । | १.आगोवाट सुरक्षित रहन के गर्नुपर्दछ?<br>२.काट्ने सामग्रीवाट सुरक्षित रहने तरिकाहरु भन् ।<br>३.करेन्ट लाग्नवाट जोगिने के-के उपाय अपनाउनु पर्छ ?<br>४.कोठा,शौचालय र वाथरुममा लड्नवाट जोगिने तरिकाहरु के-के हुन् ?<br>५. दौड्दा, खेल्दा चोटपटकवाट वच्न अपनाउनुपर्ने नियमहरु के-के हुन ? | ५ |
| प्राथमिक उपचार | १.प्राथमिक उपचार वाकस र यसमा रहेका सामग्रीवारे वताउन | १. प्राथमिक उपचार वाकस सावन्धी परिचय<br>२. प्राथमिक उपचार वाकसमा रहने सामग्री सम्वन्धी जानकारी | १.प्राथमिक उपचार वाकसमा रहने सामग्रीका वारेमा प्रदर्शन र प्रयोग विधिवाट प्रस्ट पार्ने | १. प्राथमिक उपचार वाकसमा रहने ३ वटा सामग्रीको नाम भन? | |
| विपद | १.विपदहरुवाट बच्ने उपाय वचाउन | १.हुरी वतास आगलागीवाट सुरक्षा | १.हुरी वतास आगलागी जस्ता विपद्का घटना सम्वन्धी भिडियो प्रदर्शन गर्दै छलफल गराउने | १. आगलागीवाट कसरी सुरक्षित रहन सकिन्छ?<br>२. हुरी वतास आएको वेला अपनाउनु पर्ने सावधानी बताऊ? | |
| | | | | | |
| पेशा व्यावसाय र रोजगारी | -आफ्नो परिवारका सदस्यले गर्ने काम बताउन । | -पेशा (काम) हरु जस्तैः<br>पढाउने, सिकर्मी, डकर्मी, सूचीकार, पुजारी, ड्राइभर, लामा, झाँक्री, आदि । | -तिम्रो घरमा क-कसले के के काम गर्नुहुन्छ भनि पालै पालो भन्न लगाउने ।<br>-शिक्षक आवश्यक सहयोग गर्ने । | -तिम्रो घरमा क-कसले के के काम गर्नुहुन्छ ? | |
| | -आफ्नो छिमेकमा रहेका व्यावसाय चिन्न । | -आफ्नो छिमेकमा रहेका व्यावसायहरु जस्तैः चिया पसल, मिल चलाउने, होटल, किराना पसल, डोको बुन्ने, गुन्द्री बुन्ने, छुर्पी बनाउने, आदि । | -बालबालिकाहरुलाई आफ्नो घर तथा छिमेकमा रहेका व्यवसाय चिनाउने, नाम भन्न लगाउने, शिक्षकले आवश्यक सहयोग गर्ने । | -तिमी चक्लेट कहाँबाट किन्छौ ? | |

| | | | | | |
|---|---|---|---|---|---|
| | -आफ्ना छिमेकीले गर्ने काम बताउन । | बिभिन्न किसिमका कामहरु जस्तैः पढाउने, घरमा बिजुली जोड्ने, बिरामी जाँच्ने, गाडी चलाउने, दिने आदि । | -बालबालिकाहरुलाई प्रत्यक्ष काम गरेको अवलोकन गराइ रोजगारीको धारणा दिने ।<br>-छिमेकमा भएका गाडी चलाउने, डोजर चलाउने, स्वास्थ्य संस्थामा काम गर्ने, पढाउने, बिजुली जडान गर्ने आदि । | -तिम्रा छिमेकीले गर्ने २ वटा काम बताऊ । | |
| स्थानीय व्यक्ति तथा संघसंस्था | १.आफ्नो छिमेकी र घरमुलीको नाम बताउन ।<br>२.आफूलाई पढाउने शिक्षकहरुको नाम भन्न ।<br>३. आफ्नो विद्यालयको नाम भन्न | १. आफ्नो घर र छिमेकीको घरमुलीको नाम<br>२. आफूलाई पढाउने शिक्षकको नाम<br>३. आफ्नो विद्यालयको नाम | १.आफ्नो टोल र समुदायको नेतृत्व गर्ने घर तथा व्यक्तिको फोटो प्रदर्शन गरी<br>बालबालिकालाई उनीहरुको वारेमा जानेको कुरा भन्न लगाउने ।<br>२.विद्यार्थीलाई घरको भूमिका अभिनय गर्न लगाउने।<br>३.टोल तथा समुदायको नेतृत्व गर्ने व्यक्तिलाई आमन्त्रण गरी परिचय गराउने ।<br>४. चित्र वा सामाजिक संस्थाहरुको कार्य गर्ने व्यक्तिलाई आमन्त्रण गरी वा सामाजिक संस्थाको भ्रमण गराएर स्थानीय सामाजिक संस्थाहरुको परिचय गराउने ।<br>५. आफ्नो विद्यालयको नाम, ठेगाना, पढाइ हुने कक्षा र विषय, शिक्षकहरुको नाम भन्न लगाउने । | १. आफ्नो टोल र समुदायको नेतृत्व गर्ने घर तथा व्यक्तिको परिचय दिन लगाएर ।<br>२.टोल विकास समिति प्रमुखको भूमिका अभिनय गरेको अवलोकन गरेर ।<br>३. स्थानीय सामाजिक संस्थाको नाम भन्न लगाएर ।<br>४. आफ्नो विद्यालयको परिचय दिन लगाएर । - | ५ |

## कक्षा २ विस्तृतीकरण

| विषयवस्तु / क्षेत्र | सिकाइ उपलव्धी | विषयवस्तुका विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घ०टी |
|---|---|---|---|---|---|
| **म र मेरो स्थानीय तह** | -आफ्नो घर रहेको वडा नम्बर बताउन । | -आफू बस्ने घर, आफ्नो टोल भोटेकोशी गाउँ पालिकाको कति नम्बर वडामा पर्छ भन्ने जानकारी राख्न । यदि भोटेकोशी गा. पा. भन्दा बाहिरका बालबालिका भए पनि उनीहरुको घर पर्ने वडा बताइदिने । | - शिक्षकले बालबालिकालाई उनीहरुको घर र टोल कुन वडामा पर्छ बताइदिने र पटक पटक सोध्ने । | -तिम्रो घर रहेको वडा नम्बर कति हो ? | |

| | | | | | |
|---|---|---|---|---|---|
| | -आफ्नो गन्ती टोलको नाम भन्न र लेख्न । | - आ-आफ्नो गाउँ टोलको नाम भन्ने र लेख्ने अभ्यास । जस्तैः काङलाङ, तातोपानी, लिपिङ, बोक्चेन, धारापानी, बोसिसा, सोताङ, पन्थली, लुभुसिङ, मार्मिङ, दुगुना, यारमाला, त्याङ्थली आदि । | -शिक्षकले बालबालिकाहरुलाई आ-आफ्नो गाउँ टोलको नाम सोध्ने, भन्ने र लेख्ने अभ्यास गराउने, आवश्यक परेका ठाँउमा सहयोग गर्ने । | -तिमी बस्ने टोलको नाम के हो ?<br>-तिम्रो गाउँको नाम लेख । | |
| | -आफ्नो टोलको अवलोकन गरी सामान्य रेखाङ्कन गर्ने अभ्यास गर्न । | -घर, बाटो, धारा आदिको सामान्य रेखाङ्कन गर्ने अभ्यास गर्न । | बालबालिकाहरुलाई घर, बाटो, धारो, चौतारो आदिको अवलोकन गराइ सामान्य रेखाङ्कन गर्न लगाउने, शिक्षकले सहयोग गर्ने | तिम्रो टोलको धाराको चित्र बनाऊ । | |
| | -चित्रमा रङ भर्न। | -बालबालिकालाई खाली चित्र दिई रङ भर्न लगाउने । | -बालबालिकालाई खाली चित्र दिएर रङ भर्ने अभ्यास पनि गराउने । उनीहरुले चिनेको बस्तुको चित्र बनाइ रङ भर्न लगाउने । | -तिम्रो टोलमा भएको मनपर्ने घरको चित्र बनाऊ । | |
| | -आफ्नो टोलमा रहेका घरहरु गन्ती गर्न । | -बालबालिकालाई अफ्नो टोलका घर गन्ती गर्न लगाउने | -बालबालिकाहरुलाई उनीहरुको टोलमा रहेका घरहरु गन्ती ग़री सङ्ख्या भन्न लगाउने । | -तिम्रो टोलमा कति घरहरु छन् गनेर आऊ | |
| **हाम्रा सम्पदाहरु** | -आफ्ना गाउँ टोलमा रहेका सम्पदाहरु चिन्न र नाम भन्न ।<br>-चित्रमा सामान्य रङ भर्न । | -आफ्नो गाउँ टोलका सम्पदाहरु<br>-धारो, बाटो, खोला, नदी, जङ्गल, पोखरी, माने, गुम्बा, विद्यालय, मन्दिर, चौतारो, बिसौना, गढी, मैदान, आदि ।<br>-सम्पदाहरुका रेखाङ्कित चित्र । | -शिक्षकले बालबालिकाहरुलाई आफ्नो टोलका सम्पदाहरु धारो, बाटो, खोला, नदी, जङ्गल, पोखरी, विद्यालय, माने, गुम्बा, मन्दिर, चौतारो, बिसौना आदिको अवलोकन गराउने, ती सम्पदाहरु चिनेर नाम भन्ने अभ्यास गराउने ।<br>- सम्पदाका चित्रहरुमा रङ भर्न लगाउने । जस्तैः आफ्नो गाउँको घ्याङमा पहेलो रङ भए त्यस्तै रङ छान्न लगाउने । | - तिमीले चिनेका सम्पदाको नाम बताऊ।<br>-सबैले चिन्न र भन्न सके नसकेको रेकर्ड राख्ने र नसकेकालाई फेरि अभ्यास गराउने ।<br><br>-जङ्गल, माने, मन्दिर आदिको चित्रमा रङ भर्न दिने । | |
| | -परिवार, टोल र छिमेकमा मनाइने चाडपर्वहरुको नाम बताउन र सहभागी हुन । | -आफ्नो घरपरिवार, टोल र छिमेकमा मनाइने चाडपर्वहरु जस्तै : दशैं, तिहार, ल्होसार, क्रिसमस्, फागुपुर्णिमा, जनै पुर्णिमा, चैते दशैं आदि । | -शिक्षकले बालबालिकाहरुलाई आ-आफ्नो घर परिवार टोल तथा छिमेकमा मनाइने चाडपर्वको नाम पालैपालो भन्न लगाउने र भन्न नसके सहयोग गर्ने । चित्र/भिडियो, पोष्टर आदि देखाएर पनि चाडपर्व चिनाउने ।<br>- आफ्नो घरपरिवार, टोल, छिमेकमा मनाइने चाडपर्वमा तिमीहरु कसरी सहभागी हुन्छौ ? के के गर्छौ ? भनि पालेपालो सोध्ने । | - तिम्रो घर, परिवार, टोल छिमेकमा मनाइने चाडपर्वको नाम बताऊ ।<br>-तिमी चाडपर्वमा के के गर्छौ ? बताऊ । | |
| | -आपनो घर र छर छिमेकमा प्रयोग गरिने बाजाहरु चिन्न र नाम भन्न । | -आफ्नो घर र छरछिमेकमा बजाइने बाजाहरु जस्तैः शङ्ख, घण्ट, टुङ्ना, डम्फु, मादल, मुरली, ढयाङ्ग्रो घ्यालिङ, | -आफ्नो घर र छरछिमेकमा बजाइने बाजाहरुको प्रत्यक्ष अवलोकन गराउने र सबैको नाम भनिदिने र बालबालिकाहरुलाई पनि चिन्न र भन्न लगाउने । जस्तैः शङ्ख, घण्ट, टुङ्ना, डम्फु, मादल, मुरली, | -तिमीले देखेका बाजाहरुको नाम बताऊ ।<br>- सबैले भन्न सके नसकेको रेकर्ड राख्ने र नसकेकालाई अभ्यास गराउने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | झ्याम्टा, गितार, बाँसुरी, हार्मोनियम आदि ।<br><br>- आफूले देखेका बाजाहरुको चित्र कोर्न र रङ भर्न । | ढयाङ्ग्रो घ्यालिङ, झ्याम्टा, गितार, बाँसुरी, हार्मोनियम आदि । उनीहरुले भन्न नसके सहयोग गर्ने ।<br>- ती बाजाहरुको सामान्य रेखाङ्कन गर्न र रङ भर्न लगाउने । | - आफूलाई मन परेको बाजाको चित्र बनाउन र रङ भर्न लगाउने । | |
| हाम्रो संस्कार र संस्कृति | -नातेदार वा पाहुनालाई आदर गर्न । | - नातेदार वा नाता सम्बन्ध भएका ठूला बा,ठूली आमा, काका, काकी, मामा, माइजु, दिदी, भिनाजु, फुपू , फुपाजु सानिमा, सानाबा आदि आफनो जाति र भाषा अनुसार नाता लगाउन ।<br>-उनीहरुका छोराछोरी, परिचित वा अपरिचित व्यक्ति घरमा आउने/जाने पाहुना आदिलाई नाता लगाइ बोल्न ।<br>- आमा बुबा, दाजु दिदीका साथीहरु<br>- आफूले चिनेका व्यक्ति तथा आफ्ना साथीहरु । | -आफ्नो जाति र भाषा अनुसार नाता लागाएर बोल्न अभ्यास गराउने ।<br>- आफनो घरमा आएका पाहुना वा नातेदारहरुसँग नाता लगाई शिष्ट भाषामा बोल्नु पर्छ भनि सिकाउने ।<br>- परिचित र अपरिचित व्यक्तिसँग गर्ने व्यवहार अभिनय गराउने । | -तिम्रो बुबाको भाइलाई तिमीले के भन्नुपर्छ ?<br>-तिम्रो घरमा पाहुना आउनु भएको छ कि ?<br>- तिम्रो आमाको साथी घरमा आउनुभयो भने तिमी के गर्छौ ? | |
| | आफू भन्दा ठूलाले अऱ्हाएको काम गर्न र सहयोगका लागि अनुरोध गर्न | -आफू भन्दा ठूलाले अऱ्हाएको काम गर्न ।<br>-परिवारमा ठूलाले भनेको मान्ने/काम गर्ने ।<br>-विद्यालयमा शिक्षक/कर्मचारी आफूभन्दा ठूला दिदी दाजुले भनेको मान्ने ।<br>-चिनेका छरछिमेकी आफूभन्दा ठूलाले भनेको मान्ने ।<br>-काम गर्दा ठूलासँग सोधेर/अनुमति लिएर गर्ने ।<br>-सहयोगका लागि अनुरोध गर्ने (आफूभन्दा ठूला व्यक्ति र साथीहरुसँग)<br>-आफूले नसक्ने काममा सहयोग माग्ने,<br>-नजानेको र नबुझेको कुरा सिकाइ माग्ने । | - मान्यजनले अऱ्हाएको काम गर्ने गरेको छ वा छैन, छलफल र प्रश्नोत्तर गर्ने ।<br>-आफूभन्दा ठूलाले भनेको आफुले सक्ने काम गर्नुपर्छ भनी सिकाउने ।<br>-आफूलाई सायोग चाहिएमा आफ्ना साथी र ठूला मानिस तथा मान्यजनसँग लिनुपर्छ भनी बताउने ।<br>- सहयोग लिए / दिएको पोष्टर / चित्र / भिडियो आदि देखाउने ।<br>-आफूले नजानेको र नबुझेको कुरा लाज नमानी सोध्ने बानीको विकास गराउने । | -तिमीले आफूभन्दा ठूलाले अऱ्हाएको के के काम गरेका छौ ?<br>- तिमीले कसैलाई सहयोग गरेका छौ ? के काममा गरेको ?<br>-तिमीले पढ्न नजाने कसलाई सोध्छौ ? | |

| | | | | | |
|---|---|---|---|---|---|
| | अशक्त तथा अपाङ्गलाई माया र सहयोग गरी साथी साथीमा परस्पर मेलमिलाप गर्न । | -अशक्त र आफूभन्दा सानालाई माया र साहयोग गर्न ।<br>-बिरामीलाई औषधि, पानी, आदि ल्याइदिएर, बुढाबुढीलाई उनीहरुले भनेको सामान ल्याइदिइर<br>-अपाङ्गहरुलाई उनीहरुले गर्न नसक्ने काममा सहयोग गरेर जस्तैः कुनै वस्तु ल्याइदिएर, हात समाएर, डोऱ्याएर, सहानुभूति देखाएर, कमजोर साथीलाई खेल तथा क्रियाकलापमा सामेल गराएर, नजिस्काएर, प्रशंसा गरेर आदि । | -अशक्त तथा अपाङ्गलाई सहयोग गरेको चित्र / पोष्टर / भिडियो आदि देखाउने ।<br>-घरमा अशक्त हजुरबा, हजुरआमालाई कसरी सहयोग गर्ने गरेको छ, छलफल गर्ने ।<br>- कमजोर साथीहरुलाई सँगै खेल खेलाउन, सहयोग गर्न, सहानुभूति देखाउन लगाउने । | -तिमी तिम्रो बिरामी हजुरबालाई कसरी सहयोग गर्छौ ?<br>-तिमीले बाटोमा आँखा नदेखे मानिसलाई भेट्यौ भने कसरी सहयोग गर्छौ ?<br>-तिमी आफूभन्दा कमजोर साथीलाई कसरी सहयोग गर्छौ ? | |
| | छर-छिमेक र समुदायमा मनाइने चाडपर्व र ती पर्वमा गरिने क्रियाकलापहरु बताउन । | -आफनो छर-छिमेक र टोलमा मनाइने चाडपर्वको नाम, ती चाडपर्व पर्ने महिना र गरिने क्रियाकलापहरु जस्तैः खाइने विषेश खानाको परिकार, लगाइने पहिरन, गरिने कार्यआदि बारे छलफल गराएर ।<br>-ती चाडपर्वमा भाग लिएर, बालबालिकाको अनुभव आदान-प्रदान गराएर । | -आफनो टोल, छर छिमेकमा मनाइने चाडपर्वहरु, ती चाडपर्व पर्ने महिना, खाइने परिकार, र विषेश पहिरन बारे प्रश्नोत्तर, छलफल गराउने । जस्तैः तिहार कार्तिकमा पर्छ । यस पर्वमा सेलरोटी खाइन्छ, आदि ।<br>-चाडपर्व बारे बालबिकाका अनुभव भन्न लगाउने । | -ल्होसार कुन महिनामा पर्छ ?<br>-तिहारमा खाइने विषेश खाना के हो ?<br>-तिमीलाई साबैभन्दा मनपर्ने चाड कुन हो र किन ? | |
| | आफनो समुदायका चाडपर्व र संस्कारहरुको सामान्य जानकारी राख्न । | - आफ्नो समुदायमा मानिने चाडपर्वहरु दशैं, तिहार, माघे सक्रान्ती, साउने सक्रान्ती, जनै पुर्णिमा, धान्य पुर्णिमा, आदि बारे छलफल र कुराकानी गरेर ।<br>-आफ्नो समुदायमा मनाइने जात्रा, मेला आदि बारे कुराकानी, अनुभव आदान प्रदान गरेर ।<br>- आफ्नो जाति र संस्कार अनुसार जन्म, मृत्यु र विवाह संस्कार भन्न लगाएर । | - बालबालिकाहरुलाई उनीहरुको जाति र संस्कार अनुसार आ-आफ्नो समुदायमा मनाइने चाडपर्वको नाम भन्न लगाउने ।<br>-ती पर्वका विषेशता बारे छलफल गर्ने ।<br>- आफ्नो समुदायमा मानाइने जात्रा, मेला तथा उक्त अवसरमा लगाइने पहिरन र गरिने कार्यबारे छलफल गराउने ।<br>- आफ्नो समुदायमा बच्चा जन्मदा, विवाह गर्दा र मृत्यु हुँदा गरिने कार्यको बारेमा पालैपालो भन्न लगाउने | तिम्रो समुदायमा मनाइने मुख्य चाड कुन हो ?<br>-तिम्रो गाउँ टोलमा मनाइने जात्राको नाम बताऊ ।<br>तिम्रो समुदायमा बच्चा जन्मदा कति दिनमा न्वारन गरिन्छ ? | |
| हाम्रा धार्मिक तथा | -आफ्नो घर, टोल र छिमेकमा रहेका धार्मिक तथा सांस्कृतिक स्थलहरुको नाम बताउन र सूची तयार गर्न । | -आफ्नो वरपर रहेका धार्मिक तथा सांस्कृतिक स्थलहरु जस्तैः मन्दिर,गुम्बा, भुमेथान, देवीथान, विहार, माने, छ्योर्तेन, शिवालय, पाटी, बिसौना, गढी आदि बारे | -आफ्नो समुदायमा भएका धर्मिक तथा सांस्कृतिक क्षेत्रहरुको नाम पालैपालो भन्न लगाउने ।<br>-उक्त स्थलमा गरिने कार्य बारे छलफल गराउने । | तिम्रो समुदायमा कुन धर्मिक क्षेत्र छ ? नाम भन ।<br>-तिम्रो समुदायमा भएका धार्मिक क्षेत्रहरुको सूची बनाऊ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| पर्यटकीय क्षेत्रहरु | | सोधखोज गरेर, पालैपालो भन्न लगाएर, त्यहाँ के गरिन्छ अनुभव आदान प्रदान गराएर । | | | |
| | आफनो घर टोल, छिमेकमा रहेका पर्यटकीय स्थलहरुको नाम भन्न र सूची बनाउन । | -आफनो घर वरपर रहेका धेरै मानिसहरु घुम्न आउने ठाँउहरुको नाम पालैपालो भन्न लगाएर ।<br>- खोला, नदी, झरना, कुण्ड, पहाड,डाँडा, भिर, पाखा, छहरा, चौर,थली आदिको नाम बारे सोधखोज, छलफल र प्रश्नोत्तर गराएर । | -आफनो घर नजिकैका पर्यटकीय स्थलहरुको नाम पालैपालो भन्न लगाउने ।<br>-धरै मानिसहरु घुम्न आउने आफ्नो वरपरका क्षेत्रहरुको पहिचान गर्न लगाउने । | तिम्रो घर वरपर धेरै मानिसहरु घम्न आउने ठाउँ छ कि ?<br>तिमीले चिनेका तिम्रो घर वरपरका पर्यटकीय क्षेत्रहरुको नाम बताऊ ।<br>पर्यटकीय क्षेत्रहरुको सूची बनाऊ । | |
| सुरक्षा | १.घर तथा विद्यालय भित्रका सुरक्षाका उपाय वताउन पालना गर्न<br>२. हिँडदा तथा खेल्दा अपनाइने सुरक्षाका उपायहरु वताउन | १.भान्सामा आगो,छुरी,चक्कु,चुलेसीवाट सुरक्षा<br>२.विजुली सामाग्री प्रयोग सम्वन्धी सुरक्षा<br>३.कोठा,शौचालय तथा वाथरुममा सुरक्षा<br>४. हिँडदा, गाडी चढ्दा, साइकल कुदाउँदा,कुद्दा, खेल खेल्दा र झगडावाट सुरक्षा | १.भान्सामा काम गर्दा आगोलाई सुरक्षित ढंगले प्रयोग गर्ने विधिको वारेमा छलफल गर्ने साथै छुरी,चक्कु,चुलेसी जस्ता भान्सामा रहने धारिलो वस्तुवाट सुरक्षित रहने उपायका वारेमा भिडियो प्रदर्शन गरी छलफल गर्ने ।<br>२. विजुली सामग्री प्रयोग सम्वन्धी र दुर्घटना वारे भिडियो तथा चार्ट प्रदर्शन गर्दै विजुली सामानहरु प्रयोग गर्दा अपनाउनुपर्ने सावधानीका वारेमा छलफल गराउने ।<br>३.कोठा,शौचालय तथा वाथरुममा लड्ने तथा निस्सासिनवाट जोगिने सुरक्षाका उपायहरको वारेमा छलफल गराउने।<br>४. हिँडदा, गाडी चढ्दा, साइकल कुदाउँदा,कुद्दा, खेल खेल्दा अपनाउनुपर्ने सुरक्षाका उपाय तथा नियमहरु सम्वन्धी चार्ट, भिडियो प्रदर्शन गर्दै प्रयोग गरेर देखाउने र छलफल गराउने । | १. भान्सा कोठामा आगो वल्ने चिजहरु कसरी सुरक्षित राख्न सकिन्छ?<br>२. करेन्ट लाग्नवाट बच्न के गर्नु पर्छ ?<br><br>३.करेन्ट लाग्नवाट जोगिने के-के उपाय अपनाउनु पर्छ ?<br>४. शौचालय र वाथरुममा निस्सासिनवाट जोगिने उपायहरु बताऊ?<br>५. दौड्दा, खेल्दा चोटपटकवाट वच्न अपनाउनुपर्ने नियमहरु तथा ध्यान दिनुपर्ने कुराहरु भन ? | ५ |
| प्राथमिक उपचार | १.प्राथमिक उपचार वाकस र यसमा रहेका सामग्रीवारे वताउन | १. प्राथमिक उपचार वाकसको परिचय<br>२. प्राथमिक उपचार वाकसमा रहने सामग्री सम्वन्धी जानकारी<br>३. प्राथमिक उपचार वाकसको महत्व | १.विद्यार्थीलाई विद्यालयमा रहेको प्राथमिक उपचार वाकसको अवलोकन गर्न लगाउने उक्त वाकसमा रहने सामाग्रीहरुको सूची तयार गर्न लगाउने ।<br>२. प्राथमिक उपचार बाकसको महत्वको बारेमा छलफल गराउने । | १. प्राथमिक उपचार वाकसमा रहने ५ वटा सामाग्रीको सूची तयार पार ?<br>२. प्राथमिक उपचार बाकसको २ वटा महत्व उल्लेख गर । | |
| विपद | १.विपदहरुवाट बच्ने उपाय वचाउन | १.हुरी वतास आगलागीवाट सुरक्षा | १. आगलागी हुने कारण र बच्ने उपाय बारेमा भिडियो प्रदर्शन गर्दै छलफल गराउने<br>२. हुरीबतासवाट हुने नोक्सानी र बच्ने उपायका बारे छलफल गराउने । | १. हुरी वतास चलेको समयमा कस्तो सावधानी अपनाउनु पर्दछ? उल्लेख गर ।<br>२. आगलागीको कारण तथा जोगीने उपायहरुको बारेमा उल्लेख गर । | |

| | | | | | |
|---|---|---|---|---|---|
| हाम्रो पेशा व्यवसाय र प्रविधि | १.प्रचलित परम्परागततथाआधुनिक समेत गरी समुदायमा रहेका मानिसहरुको पेशाबताउन ।<br><br>२.आफ्नो समुदायमा रहेका घरपालुवा जनावर र घरायसी समग्रीहरुबाट हुने फाइदा बताउन । | १.हाम्रो समुदायका प्रचलित परम्परागत पेशाहरु<br>२.हाम्रो समुदाका मानिसहरुले अपनाएका आधुनिक पेशाहरु<br>३.घरपालुवा जनावरको फाइदा<br>४.घरायसी सामग्रीका फाइदाहरु | १.विद्यार्थीहरुलाई आ—आफ्नो परिवारले तथाआफ्ना छिमेकीले अपनाएका पेशाहरु पालैपालो वताउनलगाउने ।<br>२.शिक्षकले कलेक्सन गरेर ल्याएका परम्परागत पेशा र आधुनिक पेशा झल्कने चित्र तथा भिडियोहरु प्रदर्शन गरी विद्यार्थीहरुलाई टिपोट गर्न लगाउने ।<br>३.यसरी बताएका पेशाहरु कुन् परम्परागत हुन् र कुन आधुनिक हुन शिक्षकले छुट्याइदिने ।<br><br>४.विद्यार्थीहरुलाई आ—आफ्ना घरमाभएका घरपालुवा जनावरको नामलेखी १-१ ओटा फाइदा लेख्न लगाउने ।<br>५.सबै विद्यार्थीहरुले लेखेका कुराहरुलाई शिक्षकले नदोहोरिने गरी टिपोट गर्दै जाने र अन्त्यमा आफ्नो समुदायमा भएका घरपालुवा जनावरबाट हुने फाइदाहरुको सूची बनाई निष्कर्षम पुग्ने ।<br>६.दैनिक जीवनमा प्रयोग हुने घरायसी सामग्रीहरु (जस्तैः हलो, कोदालो, हँसिया, जाँतो, कुटानी पिसानीमिल, ढिकी, खुकुरी, डोको, हाते ट्र्याक्टर आदि) को फाइदाहरु समुहनिर्माण गरी फाइदाहरु विदार्थीहरुलाई व्यक्त गर्न लागउने अन्तमा शिक्षकले यथासम्भव हाम्रो समुदायमा पाइने घरायसी सामग्रीका फाइदाहरु प्रष्ट वनाइदिने । | १.तिम्रो समुदायमा रहेका प्रचलित परम्परागत पेशाहरु के के हुन्<br>२.तिम्रो परिवार र छरछिमेकले अपनाएका आधुनिक पेशाहरु के के हुन्<br>३.तिम्रो घरमा भएका घरपालुवा जनावरबाट तिम्रो परिवारलाई के फाइदाभएको छ ,अभिभावकलाई सोधेर व्यक्त गर्ने ।<br>४.घरायसी सामग्रीभनेको के हो ।यसको प्रयोग गरेर हामीलाई के फाइदाभएको छ । | |
| **पेशा व्यावसाय र रोजगारी** | -आफ्नो परिवार र छिमेकीले गर्ने काम र ती काममा प्रयोग गरिने औजारहरुको नाम बताउन । | -आफ्नो परिवार र छिमेकीले गर्ने कामहरु जस्तैः पढाउने, खेती गर्ने, घर बनाउने, लुगा सिउने, गाडी चलाउने, पानीको पाईप जोड्ने आदि र काममा प्रयोग गरिने औजारहरु जस्तैः शिक्षकको मार्कर, डस्टर, कलम आदि । खेति गर्नेको कुटो, कोदालो, हँसिया आदि । | -बालबालिकाहरुलाई ऊनिहरुका परिवार छिमेकीले गर्ने काम र ती ?काम गर्न प्रयोग गर्ने औजारहरुको नाम भन्न लगाउने । शिक्षकले आवश्यक सहयोग गर्ने । जस्तैः लुगा सिलाउनलाई सियो, धागो र सिलाई मेसिन चाहिन्छ । | -तिमीले कुन कुन काम गर्ने मानिस देखेका छौ ?<br>कुनै २ ओटा कामहरु लेख ।<br>-ती काम गर्न के के सामान चाहिन्छ ? | |
| | -आफनो परिवार र छरछिमेकीले चलाएको व्यावसायको नाम बताउन । | -आफ्नो परिवारका सदस्य वा छिमेकीले चलाएको व्यवसायहरु चिया पसल, होटल, किराना पसल, होम स्टे, कुखुरा पालल, कपडा पसल, तरकारी पसल, बेकरी, मासु पसल, किताव कापी बेच्ने पसल आदि ।<br>-यी व्यावसायको अवलोकन । | -बालबालिकाहरुलाई आफ्नो वरपरका व्यावसायको नाम भन्न लगाउने । बिभिन्न सामानहरु पाइने पसल र कसले चलाएको छ भनि सोध्ने ।<br><br>-आफ्नो छरछिमेकमा भएका व्यवसायको अवलोकन गराउने र बालबालिकाहरुलाई चिन्ने र भन्ने अभ्यास गराउने । | -तिमीले कुन कुन सामान बेच्ने पसल देखेका छौ?<br>-तिम्रो छिमेकमा चिनी, नुन, तेल आदि बेच्ने पसल कसले चलाउनु भएको छ ? | |

| | | | | | |
|---|---|---|---|---|---|
| | -आफ्नो परिवारका सदस्य, नातेदार र छरछिमेकीले गर्ने रोजगारी (काम) को सामान्य पहिचान गर्न । | -आफ्ना परिवारका सदस्य वा छरछिमेकीले गर्ने कामहरु जस्तैः सडक (बाटो) सरसफाई वा मर्मत गर्ने, बिजुलीको तार जोड्ने, विद्यालयमा पढाउने, कार्यालयमा काम गर्ने आदि । | -तिमीले कुन कुन काम गर्ने मानिस देखेका छौ ? भनि पालैपालो प्रश्न सोध्ने र छलफल गर्ने ।<br>-सबै बालबालिकाहरुलाई आफनो परिवार तथा छर छिमेकीले गर्ने रोजगारी (काम) को सामान्य पहिचान गराउने। जस्तैः स्वास्थ्य चौकीमा काम गर्ने, होटलमा काम गर्ने, सामान ओसार पसार गर्ने विद्यालयमा पढाउने आदि । | -तिम्रो बुबा,आमा के काम गर्नुहुन्छ ?<br>-तिम्रा छिमेकी दिदी दाइ विद्यालयमा पढाउनु हुन्छ कि ? | |
| स्थानीय व्यक्ति तथा संघसंस्था | १.आफ्नो टोल र समुदायको नेतृत्व गर्ने व्यक्तिको नाम बताउन ।<br>२.आफ्नो विद्यालयको प्र.अ. को नाम भन्न ।<br>३. आफ्नो गाउँटोलमा रहेको संघसंस्थाको अध्यक्षको नाम भन्न । | १. आफ्नो टोल र समुदायको नेतृत्व गर्ने व्यक्तिको परिचय<br>२. आफ्नो विद्यालयको प्रधानाध्यापकको तथा विव्यस अध्यक्षको नाम<br>३. आफ्नो गाउँटोलको संघसंस्थाको अध्यक्षको नाम | १. विद्यार्थीहरुलाई आफ्नो गाउँटोल तथा समुदायको नेतृत्व गर्ने व्यक्तिको परिचय दिन लगाउने र यसको नेतृत्व गर्ने व्यक्तिलाई कक्षामा आमन्त्रण गरी परिचय दिन लगाउने ।<br>२.गाउँको नेतृत्व गर्ने व्यक्तिको फोटो प्रदर्शन गरी बालबालिकालाई उहाँको वारेमा जानेको कुरा भन्न लगाउने ।<br>३.विद्यार्थीलाई नेतृत्वकको भूमिका अभिनय गर्न लगाउने ।<br>४. विव्यस अध्यक्षलाई आमन्त्रण गरी उहाँको वारेमा परिचय दिने।<br>५. आफ्नो गाउँटोलमा रहेको संघसंस्थाको नाम र ठेगाना भन्न लगाउने । | १.आफ्नो गाउँ टोल र समुदायको नेतृत्व गर्ने व्यक्तिको परिचय दिन लगाएर ।<br>२.घरमुलीको परिचय दिन लगाएर ।<br>३. विव्यसको परिचय दिन लगाएर ।<br>४. आफ्नो गाउँटोलमा रहेको संघसंस्थाको नाम र ठेगाना भन्न लगाएर । -<br>५. संघसंस्थाको परिचय दिन लगाएर । | स्थानीय व्यक्ति तथा संघसंस्था |

## कक्षा ३

| विषयवस्तु / क्षेत्र | सिकाइ उपलव्धी | विषयवस्तुका विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घ०टी |
|---|---|---|---|---|---|
| **म र मेरो स्थानीय तह** | -आफ्नो घर रहेको पालिका र वडा नम्बर बताउन । | -आफ्नो घर रहेको पालिका भोटेकोशी र वडा नम्बर १ देखि ५ मध्ये कुन हो भन्ने जानकारी । | -बालबालिकालाई आफ्नो पालिकाको नाम भन्न लगाउने भन्न नसके भोटेकोशी गाउँपालिका भनी बताईदिने, बालबालिकालाई उनीहरुको घर रहेको वडा नम्बर पनि बताईदिने र पटक पटक भन्न लगाउने ।<br>-शिक्षकले बालबालिका बस्ने वडाका वडाध्यक्ष तथा सदस्यहरुको नाम बताइदिने । | -तिम्रो घर कुन पालिकामा छ ?<br>- तिम्रो घर कति वडा नम्बरमा छ ? | |

| | | | | | |
|---|---|---|---|---|---|
| | -आफ्नो वडाका अध्यक्ष तथा सदस्यरुको नाम बताउन ।<br><br>आफनो गाउँ टोलको सिमाना बताउन । | -आफ्नो वडाका अध्यक्ष तथा सदस्यहरुको नाम बताइदिने, व्यक्ति चिनाइदिने ।<br><br>-आफ्नो गाउँ टोलको सिमाना अवलोकन गराइ कहाँ देखी कहाँसम्मको क्षेत्र हो आफ्नो गाउँ वा टोलको हो भन्ने जानकारी दिने । | - आफ्नो गाउँ वा टोल कहाँ देखि कहाँ सम्म पर्छ भनि देखाइदिने, प्रत्यक्ष अवलोकन वा नक्सा, चित्र आदिबाट । सकेसम्म पूर्वतिर के छ ? उत्तरमा के पर्छ ? आदि ।<br><br>-शिक्षकले बालबालिकालाई आफनो गाउँ टोलका | -तिम्रो वडा अध्यक्षको नाम के हो ?<br><br>-तिम्रो गाउँवा टोलको सिमाना भन, पूर्व | |
| | -आफ्नो गाउँमा रहेका घरहरुको संख्या गन्ती गरी लेख्न । | -आफ्नो गाउँमा रहेका घरहरुको संख्या गन्ती । | घरहरु अवलोकन गराई गन्ति गर्न लगाउने । | पट्टी के छ ?<br>-तिम्रो गाउँमा कति ओटा घरहरु छन् ? लेख । | |
| **हाम्रा सम्पदाहरु** | -आफ्ना गाउँ, टोल, छिमेकी गाउँ र वरपर रहेका सम्पदाहरु पहिचान गरी नाम बताउन, रेखाङ्कन गर्न र चित्रमा रङ भर्न। | -आफ्नो गाउँ, टोल, छिमेकी गाउँ र वरपर रहेका सम्पदाहरु पहाड, डाँडा, झरना, गढी, धारो, बाटो, खोला, नदी, जङ्गल, पोखरी, माने, गुम्बा, विद्यालय, मन्दिर, चौतारो, बिसौना, आदि ।<br>- सम्पदाहरुका रेखाङ्कन गरी चित्रमा रङ लगाउने अभ्यास । | -शिक्षकले बालबालिकाहरुलाई आफ्नो गाउँ, टोल, छिमेकी गाउँ र वरपरका सम्पदाहरु धारो, बाटो, खोला, नदी, जङ्गल, पोखरी, विद्यालय, माने, गुम्बा, मन्दिर, चौतारो, बिसौना आदिको अवलोकन गराउने, ती सम्पदाहरुको चिनेर नाम भन्ने अभ्यास गराउने ।<br>-बालबालिकालाई सम्पदाहरुको रेखाङ्कन गर्न लगाई चित्रहरुमा सुहाउँदो रङ भर्न लगाउने । जस्तैः जङ्गलको चित्र भए हरियो रङ प्रयोग गर्न लगाउने । | - तिमीले चिनेका कुनै ४ समपदाको नाम बताऊ ।<br>- तिमीलाई मन पर्ने सम्पदाको चित्र बनाई उपयुक्त रङ भर्न । | |
| | -आफ्नो परिवार, टोल, छिमेकमा मनाइने चाडपर्वको नाम ती पर्वमा गरिने कार्य, लगाइने पोशाक र खाइने परिकारको नाम भन्न र लेख्न । | -आफ्नो टोल, छिमेकमा मनाईने चाडपर्वहरु दशैं, तिहार, ल्होसार, चैतेदशैं, माघे सक्रान्ति, होली, नयाँ वर्ष, बुद्धजयन्ती, क्रिसमस आदि ।<br>-लगाइने पोशाक दौरा सुरुवाल, कोट शर्ट,प्यान्ट, आङ्दुङ, सारी चोली, कुर्था आदि ।<br>-खाइने परिकार मासु, सेलरोटी, फलफुल, खप्सी, तरुल, तिलको लड्डु आदि । | -शिक्षकले बालबालिकाहरुलाई तिम्रो घर, परिवार, टोल, छिमेकमा मनाइने चाडपर्व कुन कुन हुन भनि छलफल गराउने ।<br>-चाडपर्वमा लगाइने पोशाक र खाइने खानाको परिकारको बारेमा पनि छलफल गर्ने । जस्तैः दशैंमा आफूलाई मनपर्ने नयाँ पोशाक लगाउने र मासुका परिकार बढी खाने, भएसम्म मिठो मसिनो खाने । माघे सक्रान्तीमा तरुल र तिलको लड्डु खाइने आदि । | - तिंमीले जानेका ३ ओटा चाडपर्वको नाम लेख ।<br>-तिम्रो घरमा मनाइने चाडपर्वमा खाइने खानाको परिकारको नाम लेख ।<br>-तिमीलाई मनपर्ने पोशाकको नाम लेख । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | -आफ्नो घर र छरछिमेकमा प्रयोग गरिने बाजाहरुको पहिचान गरी नाम भन्न । | -आफ्नो घर र छरछिमेकमा प्रयोग गरिने बाजाहरु मादल, डम्फु, टुङ्ना, झ्याम्टा, घ्यालिङ, शङ्ख, ढ्याङ्ग्रो गितार, हार्मोनियम आदि । | -आफ्नो घर र वरपर प्रयोग गरिने बाजाहरु बारे छलफल, पहिचान गराइ नाम भन्ने अभ्यास गराउने । | -तिमीले देखेका ४ बाजाहरुको नाम बताऊ । | |
| | -चित्र कोर्न, रङ भर्न र ती बाजाहरुको आवाजको नक्कल गर्न तथा ती बजाउने अभ्यास गर्न । | -बालबालिकालाई चित्र कोर्ने, रङ भर्ने ती बाजाको आवाजको नक्कल गर्ने, मादल, मुरली, झ्याम्टा आदि भएमा बजाउने अभ्यास । | -बाजाको चित्रको रेखाङ्कन गरी चित्रमा रङ भर्न लगाउने, बाजाहरुबाट निस्कने आवाजको नक्कल गर्न लगाउने, सम्भव भएसम्म मादल ,मुरली, डम्फु आदि बजाउने अभ्यास गराउने । | -तिमीलाई मनपर्ने बाजाको चित्र बनाई रङ भर ।<br>-बाजाहरु बजाउने प्रयोगात्मक अभ्यास गराउने । | |
| हाम्रो संस्कार र संस्कृति | मान्यजन प्रति शिष्टतापूर्वक आफ्नो कुरा अभिव्यक्त गर्न । | आफ्नो परिवारभित्रका नातेदार/पाहुना/शिक्षक/छर छिमेकी आदि आफूभन्दा ठूला मान्यजनसँग आफ्नो भाषा अनुसारको नाता लगाइ, आदरार्थी शब्दको प्रयोग गरी बोल्न । जस्तैः यहाँ, वहाँ, तपाईं, हजुर, सर, मिस, आमा बुबा, इबी, मेमे, आस्याङ, आनी, आजी, आज्यो, आउ आदि । | -आफ्नो भाषा अनुसार आफना मान्यजनहरु को को हुन सक्छन् पालैपालो भन्न लगाउने ।<br>- मान्यजनलाई प्रयोग गरिने शब्दहरु भन्न लगाउने । जस्तै : आउनुहोस्, बस्नुहोस्, लिनुहोस्, दिनुहोस आदि । | -तिम्रा मान्यजनहरु को को हुन् ? बताऊ ।<br>- मान्यजनलाई प्रयोग गरिने शब्दहरु के के भन्न सक्छौ ? बताऊ । | |
| | -असहाय, रोगी, बुढाबुढी र अपाङ्गलाई ( खान, हिंडडुल गर्न, सफा सुग्घर गर्न, उपचार गर्न आदि काममा) सहयोग गर्न । | -असहाय, रोगी, बुढाबुढी, अपाङ्ग आदिलाई सहयोग गर्न जस्तै : बाटो काट्न, खाना खान, औषधि खान, लुगा लगाउन, उठ्न, बस्न, सफा पानी पिउन, मागेका सामान दिन, सँगै बस्न, हिंडडुल गर्न, बिरामी कुर्न आदि । | -असहाय, अशक्त, अपाङ्ग, बुढाबुढी आदिलाई कसरी र कुन कुन काममा सहयोग गर्ने गरेका छौ भनी अनुभव बताउन लगाउने ।<br>- असहाय, अशक्त, अपाङ्ग, बुढाबुढी आदिलाई सहयोग गर्नुपर्ने भावनाको विकास गराउने । | -तिमी बुढाबुढी र असहायलाई कसरी सहयोग गर्छौ ? लेख ।<br>- तिमीले अपाङ्गलाई कुन काममा सहयोग गरेका छौ ? बताऊ । | |
| | आफ्नो वडा भित्रका मुख्य जाति, भाषा, भेषभुषा, धर्म, चाडपर्व र रहनसहन (रीतिरिवाज) बताउन । | -आफनो वडा भित्र रहेका जातजातिहरु, बोलिने भाषाहरु, मानिने धर्महरु, मनाइने चाडपर्वहरु, लगाइने पहिरन, रीतिरिवाज, रहनसहन आदि बारे बताउन ।<br>**जाति** : शेर्पा, तामाङ, नेवार, थामी, गुरुङ, क्षेत्री, ब्राम्हण, दलित आदि ।<br>**भाषा :** नेपाली, शेर्पा, तामाङ, नेवारी, मगर, गुरुङ, थामी आदि ।<br>**भेषभुषा** : दौरा, सुरुवाल, टोपी, कोट, बक्खु, आङदुङ, पङ्गाप, स्यामा, पटुकी, | -बालबालिकालाई आफ्नो वडा भित्र बसोबास गर्ने जाति र बोलिने भाषाहरुको नाम भन्न लगाउने ।<br>- बालबालिकालाई आफ्नो वडा भित्र मानिने धर्म, रीतिरिवाज, चाडपर्वका नाम पालैपालो भन्न लगाउने, छलफल, अनुभव आदानप्रदान गराउने ।<br>- आफ्नो वडा भित्रका जाति, भाषा, धर्म, भेषभूषा, चाडपर्व, रीतिरिवाजको सूची तयार गर्न शिक्षकले सहयोग गर्ने ।<br><br>रीतिरिवाजमा गरिने क्रियाकलाप बारे छलफल गराउने । जस्तैः बच्चा जन्मेमा न्वारन गर्ने , मृत्यु भएमा गरिने काजक्रिया, घेवा आदि । | -तिम्रो वडा भित्र बोलिने भाषाहरुको सूची बनाऊ ।<br>-आफ्नो वडा भित्र मानिने धर्म र मनाइने चाडपर्वहरुको नाम लेख ।<br>-तिम्रो घरमा बच्चा जन्मेमा कति दिनमा न्वारन गरिन्छ ?<br>- आफ्नो वडा भित्रका मानिसहरुले लगाउने पहिरनहरुको सूची बनाऊ ।<br>- तिम्रो समुदायमा मानिस मर्दा कति दिनमा चोख्याइन्छ ? | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बुट्टील, घौ, ठेडा, स्ही, गिन्जीङ, खन्ज्याक, छुबा, बोरे, तेको, आदि ।<br>**धर्म** : बौद्ध, हिन्दु, इसाइ आदि ।<br>**चाडपर्व** : दशैं, तिहार, ल्होसार, माघे सक्रान्ती, साउने सक्रान्ती, चैते दशैं, जनै पुर्णिमा, मङ्सिरे (धान्य) पुर्णिमा, फागु पुर्णिमा आदि ।<br>**रीतिरिवाज** : जन्म, बाल्यवस्था, बृद्ध अवस्थामा गरिने क्रियाकलाप जस्तै- न्वारन, छेवर, ब्रतबन्ध, गुफा राख्ने, विवाह, चौरासी पुजा, जिउँदो घेवा आदि र मृत्युमा लास गाड्ने, जलाउने, चोख्याउने आदि । | | | |
| | बिभिन्न जातजाति तथा धर्मावलम्वीहरुको चाडपर्व मनाउनु कारण बताउन | **धर्म र मान्ने जातजाति**<br>हिन्दु - ब्राह्मण, क्षेत्री, नेवार, मगर, दलित आदि ।<br>बौद्ध — शेर्पा, तामाङ, नेवार, मगर, गुरुङ आदि ।<br>इसाई -जात विशेष नभएको<br>मैत्री — तामाङ र अन्य केही<br>**चाडपर्व मनाउनुका कारण**<br>-आ – आफ्नो देवी देवताप्रति आस्था र विश्वास बढाउन ।<br>-धार्मिक परम्परा (प्रचलन) को निरन्तरता दिन ।<br>-सामाजिक व्यवहार कायम गर्न ।<br>-भेटघाट, मनोरञ्जन, आफन्त, चिनजान भलाकुसारी, सहयोग, सहानुभूति आदानप्रदान आदि । | -आफनो जाति र मान्ने धर्मको नाम पालैपालो भन्न लगाउने ।<br>-धर्म र मान्ने जातजातिको चार्ट देखाइ छलफल, प्रश्नोत्तर गराउने ।<br>-चाडपर्व मनाउनुका कारण सोधपुछ गर्ने, चाडपर्व मनाउँअसहाय, अशक्त, अपाङ्ग, बुढाबुढी आदिलाई कसरी र कुन कुन काममा सहयोग गर्दाको अनुभव छ ,भन्न लगाउने ।<br>-शिक्षकले चाडपर्व मनाउनुको कारण बताइ छलफल गराउने । | -तिम्रो परिवारले मान्ने धर्म कुन हो ?<br>-चाडपर्व किन मनाइन्छ ?<br>-तिमीलाई धैरै मन पर्ने चाड कुन हो ? मन पर्नुको कारण लेख । | |
| हाम्रा धार्मिक तथा पर्यटकीय क्षेत्रहरु | आफ्नो वडामा रहेका धार्मिक तथा सांस्कृतिक स्थलहरुको नाम बताउन, सूची बनाउन, परिचय दिन र विशेषता बताउन । | -आफ्नो वडा भित्रका मन्दिर, मुर्ति, शिवालय,देवालय, देवीथान, भूमेथान, गुम्बा, विहार, माने, छ्योर्तेन, किल्ला, गढी, आदिको नाम पालैपालो भन्न लगाएर । | -वडा भित्रका धर्मिक तथा सांस्कृतिक स्थलहरुको नाम पालैपालो भन्न लगाउने ।<br>-नाम चलेका धार्मिक स्थलहरुको परिचय दिने, स्थलगत भ्रमण गराउने । | -तिम्रो वडा भित्र रहेका धार्मिक क्षेत्रहरुको सूची बनाऊ ।<br>-तिम्रो गाउँमा भएको मन्दिरको परिचय देऊ ।<br>-तिम्रो वडाको कुनै एक धार्मिक क्षेत्रको विषेशता लेख । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | -छलफल र प्रश्नोत्तर स्थलगत भ्रमण गराएर । -धार्मिक तथा पर्यटकीय स्थलहरुको नाम, परिचय र विषेशता बारे छलफल चार्ट / चित्र / पोष्टर / भिडियो प्रदर्शन गराएर । | -धार्मिक तथा सांस्कृतिक क्षेत्रको विशेषता छलफल गरी बताइदिने । | | |
| | धार्मिक कार्य सम्पन्न गर्ने विधि र तिथि मिति बताउन । | -आफ्नो वडामा जातिअनुसार सम्पन्न हुने धार्मिक कार्यहरु जस्तै : दुर्गा पूजा, देवी पूजा, सत्यनारायण पूजा, पञ्चायन पूजा, काङसु, लुङदर, दोमाङ पढ्ने, भुमेपूजा, गुठी पूजा, मिखा (ग्रहदसा) फाल्ने आदि कार्य सम्पन्न गर्ने सामान्य विधिमा छलफल गराएर । -उक्त धार्मिक पर्वहरु मान्ने तिथिमिति जस्तै- दशैंमा दुर्गा पूजा, नयाँ घरमा सर्दा गरिने काङसु, कार्तिक र चैत्र माहिनामा लुङदर, चैत्रमा पढिने दोमाङ आदि । | -आफ्नो वडामा जाति अनुसार गरिने धार्मिक कार्यहरु पालैपालो भन्न लगाउने । -ती कार्यमा गरिने मुख्य काम र सम्पन्न गर्ने माहिना बारे छलफल, प्रश्नोत्तर गराउने । - शिक्षकले वडाभित्र सम्पन्न गरिने धार्मिक कार्यहरुको तिथि मिति खोज गरी चार्ट बनाई देखाउने । | -दुर्गा पूजा कहिले गरिन्छ ? -तिम्रो वडामा कुन कुन धार्मिक कार्य हुन्छ ? - काङसुमा के गरिन्छ ? -दोमाङ पढ्ने काम कुन महिनामा हुन्छ ? | |
| | आफ्नो वडाभित्र रहेका पर्यटकीय स्थलहरुको नाम बताउन, सूची तयार गर्न, आफ्नो टोलको नक्सा चिन्न र नाम बताउन । | -आफ्नो वडाभित्र रहेका धेरै मानिसहरु घुम्न आउने क्षेत्रहरु बारे छलफल । -पर्यटकीय स्थलहरु जस्तै-खोला,नदी, झरना, पोखरी, बन्जि, तातोपानी, कुण्ड, भिर, पहाड, डाँडा, देउराली, भञ्याङ, चौतारी, चौर, थली, गढी आदिको नाम र सूची । -नक्सा अवलोकन गर्न, आफ्नो वडाको नक्सामा आफ्नो टोल चिनाएर । | - पर्यटकीय क्षेत्रहरुको नाम पालैपालो भन्न लगाउने, -स्थलगत भ्रमण गराउने । - वडाको नक्सा अवलोकन गराउने । -आफ्नो टोलको नक्सा चिन्न लगाउने । | -तिम्रो वडाका पर्यटकीय क्षेत्रहरुको सूची तयार गर । -नक्सा अवलोकन गराइ आफ्नो टोल चिन्न सके नसकेको हेर्ने । | |
| सुरक्षा | १.घर तथा विद्यालय परिसरमा सुरक्षाका उपाय वताउन पालना गर्न २. हिँडदा तथा खेल्दा अपनाइने सुरक्षाका उपायहरु वताउन | १.शौचालय,स्नानघरमा सुरक्षा २.विजुली सामाग्री प्रयोग सम्वन्धी सुरक्षा ३.विषादिवाट सुरक्षा ४. हिँडदा, गाडी चढ्दा, साइकल कुदाउँदा,कुद्दा, खेल खेल्दा र झगडावाट सुरक्षा | १. शौचालय तथा स्नानघरमा लड्न, निस्सासिनवाट जोगिने सुरक्षाका वारेमा छलफल गराउने । २. विजुली सामग्री प्रयोग सम्वन्धी र दुर्घटना वारे भिडियो तथा चार्ट प्रदर्शन गर्दै विजुली सामानहरु प्रयोग गर्दा अपनाउनुपर्ने सावधानीका वारेमा छलफल गराउने । ३.घर तथा खेतवारीमा प्रयोग गरिने विषादिहरुको वट्टा तथा बिषादी सम्वन्धी भिडियो प्रदर्शन गर्दै बिषादीवाट सुरक्षित रहने विधिका वारेमा छलफल गराउने । | १. शौचालय तथा स्नानघरमा लड्न, निस्सासिनवाट कसरी सुरक्षित हुन सकिन्छ? २. करेन्ट लाग्नवाट बच्न के गर्नु पर्छ ? करेन्ट लाग्नवाट जोगिने के-के उपाय अपनाउनु पर्छ ? ३.विषादि भनेको के हो? बिषादी के का लागि प्रयोग गरिन्छ ? बिषादी मानिसको स्वास्थ्यमा कस्तो हानि गर्दछ ? | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ४. हिँडदा, गाडी चढ्दा, साइकल कुदाउँदा,कुद्दा, खेल खेल्दा अपनाउनुपर्ने सुरक्षाका उपाय तथा नियमहरु सम्बन्धी चार्ट, भिडियो प्रदर्शन गर्दै प्रयोग गरेर देखाउने र छलफल गराउने । | ४. दौड्दा, खेल्दा चोटपटकवाट वच्न अपनाउनुपर्ने नियमहरु तथा ध्यान दिनुपर्ने कुराहरु भन ? | |
| प्राथमिक उपचार | १.प्राथमिक उपचार वाकस र यसमा रहेका सामाग्रीवारे वताउन | १. प्राथमिक उपचार वाकसको परिचय<br>२. प्राथमिक उपचार वाकसमा रहने सामाग्री सम्वन्धी जानकारी<br>३. प्राथमिक उपचार वाकसको महत्व | १.विद्यार्थीलाई विद्यालयमा रहेको प्राथमिक उपचार वाकसको अवलोकन गर्न लगाउने उक्त वाकसमा रहने सामाग्रीहरुको सूची तयार गर्न लगाउने ।<br>२. प्राथमिक उपचार बाकस सम्वन्धी भिडियो प्रदर्शन गर्ने ।<br>३. प्राथमिक उपचार बाकसको महत्वको बारेमा छलफल गराउने । | १. प्राथमिक उपचार वाकसमा रहने ७ वटा सामाग्रीको सुची तयार पार ?<br>२. प्राथमिक उपचार बाकसको ३ वटा महत्व उल्लेख गर । | |
| विपद | १.विपदहरुवाट बच्ने उपाय वचाउन | १.आँधी,हुरी वतास, ,पहिरो आगलागीवाट सुरक्षा | १. आगलागी हुने कारण र बच्ने उपाय बारेमा भिडियो प्रदर्शन गर्दै छलफल गराउने<br>२. आँधी,हुरी वतास,बाढी,पहिरोवाट हुने नोक्सानी र बच्ने उपायका बारे छलफल गराउने । | १. बाढी,पहिरोवाट सुरक्षित रहने उपायहरु उल्लेख गर ।<br>२. आगलागीको कारण तथा जोगीने उपायहरुको बारेमा उल्लेख गर । | |
| **पेशा व्यवसाय र रोजगारी** | -आफ्नो गाउँ, टोल र वरपरका मानिसहरुले अपनाएको पेशाहरुको नाम भन्न र सूचीकरण गर्न । | - वरपरका मानिसहरुले अपनाएको पेशाहरु जस्तैः खेती गर्ने, घर बनाउने, लुगा सिउने, ढुङ्गाको काम, पानीको पाइप जोड्ने, बिजुलीको काम गर्ने, पढाउने, गाडी चलाउने, लामा, झाँक्री, पुजारी, कपाल काट्ने, कार्यालयमा काम गर्ने, झगडा मिलाउने आदि । | -बालबालिकाहरुलाई पेशा चित्र र नाम भन्न लगाउने । स्थानीयले गर्ने पेशाहरु चिनाउने । प्रश्नोत्तर गराउने, शिक्षकले आवश्यक सहयोग गर्ने । तिंमीले कुन कुन पेशा गर्ने मानिस देखेका छौ ? तिमीलाई कुन पेशा मन पर्छ ? जस्ता प्रश्नहरु सोधी सबैको उत्तर टिपोट गर्ने । | -तिमीले चिनेका कुनै ४ पेशाको नाम लेख ।<br>- तिमीलाई कुन पेशा मनपर्छ ? | |
| | -स्थानीय क्षेत्रमा गरिएका व्यवसायहरुको पहिचान गरी सूची बनाउन । | - आफ्नोगाउँ, टोल, र वरपरका मानिसहरुले गरिरहेका व्यवसायको पहिचान जस्तैः चिया पसल, होटल, किताव कापी बेच्ने पसल, बेकरी, माछापालन,मौरी पालन, कुखुरा पालन ,बाखापालन, होम स्टे आदि । | -बालबालिकाहरुलाई आफ्नो वरपरका मानिसहरुले गरीरहेको व्यवसायको पहिचान गराउने । प्रत्यक्ष अवलोकन गराई चिया पसल, होटल, बेकरी, मासु पसल, माछा पालन, मौरी पालन,कुखुरा पालन, होम स्टे लगाएत वरपरका व्यवसाय चिनाउने । | -तिम्रो वरपर कुन कुन व्यवसाय गर्ने मानिसहरु छन् । ४ ओटाको नाम लेख । | |
| | -गाउँ, टोल र वरपरका मानिसहरुको रोजगारी र त्यसबाट हुने फाइदाबारे सामान्य जानकारी राख्न । | -आफ्नो गाउँ टोल, छिमेकका मानिसको रोजगारी बारे पहिचान जस्तैः विद्यालयमा पढाउने, स्वास्थ्य संस्थामा काम गर्ने, जलविधुत कम्पनी, सडक निर्माण, कार्यालयमा काम गर्ने, होटल, पसल, बैंकमा काम गर्ने, सामान ओसार पसार गर्ने आदि । | -आफ्नो वरपरका मानिसहरुले आफ्नो घर बाहिर तोकेको समयसम्म नियमित गर्ने कामहरुको बालबालिकालाई पहिचान गराउने ।<br>- रोजगारीबाट हरेक माहिना नियमित तलब (रकम) आउँछ जसबाट आफू र परिवारलाई चाहिने सामान किन्न सकिन्छ । परिवारको आवश्यकता पुरा भएपछि सबे खुसी हुन्छन् भनि रोजगार भएका छिमेकीको उदाहरण दिई प्रष्ट पारिदिने । | -तिमीले देखेका ४ ओटा रोजगारीको नाम लेख ।<br>- रोजगारीबाट के फाइदा हुन्छ ? लेख । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | -रोजगारीबाट आम्दानी हुने र आवश्यक वस्तुहरु किन्न सकिने | | | |
| स्थानीय ख्यातीप्रास , अनुकरणीय व्यक्तित्व | १.वडा तथा गाउँपालिका नेतृत्व गर्ने व्यक्तिको नाम बताउन ।<br>२. आफ्नो वडाध्यक्ष तथा पालिका अध्यक्ष तथा उपाध्यक्षको नाम बताउन ।<br>३. गाउँपालिका भित्र रहेका आमा समूह तथा वाल क्लवको नाम भन्न । | १.आफ्नो टोल र समुदायको नेतृत्व गर्ने व्यक्तिको योगदान<br>२.आफ्नो वडाको वडाअध्यक्ष र सदस्यहरुको नाम<br>३. आफ्नो वडा भित्र सञ्चालित स्वास्थ्य संस्थाको जानकारी<br>४. गाउँभित्र रहेका आमा समूह र वालक्लवको नाम | १. समुदायको नेतृत्व गरेको कुनै व्यक्तिको जीवनी भन्न लगाउने<br>२. चार्टको माध्यमवाट वडा अध्यक्ष र सदस्यहरुको जानकारी<br>३. सम्भव भए वडा समितिका पदाधिकारीहरुलाई आमन्त्रण गरी परिचय गराउने र उनीहरुले गर्ने कार्यहरु भन्न लगाउने ।<br>४. वडाभित्र सञ्चालित स्वास्थ्य संस्थाको भ्रमण गराइ उक्त संस्थाहरुवाट प्रदान हुने सेवाहरुको जानकारी गराउने ।<br>गाउँभित्र रहेका आमा समूहको जानकारी गराउने र आमा समूहको पदाधिकारी वोलाइ उक्त समूहको जानकारी दिन लगाउने<br>५.बाल क्लवको जानकारी गराउने र विद्यालयमा भएको बाल क्लव समितिका पदाधिकारीहरुलाई कक्षामा उपस्थित गराइ परिचय गराउने र उक्त क्लवले गर्ने कार्यहरु भन्न लगाउने । | १. नेतृत्व भनेको के हो ?<br>२. वडाअध्यक्ष र पालिका अध्यक्षको नाम भन ?<br>३. वडाभित्र संचालित स्वास्थ्य संस्थाको नाम र उक्त संस्थावाट प्रदान गर्ने कुनै ३ वटा सेवाहरु उल्लेख गर ।<br>४. गाउँभित्र रहेका आमा समूह र बालक्लवको को परिचय वताऊ । | ५ |

## कक्षा ४

| विषयवस्तु / क्षेत्र | सिकाइ उपलव्धी | विषयवस्तुका विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|
| **म र मेरो स्थानीय तह** | -आफ्नो पालिका भित्रका वडासंख्या बताउन । | -आफ्नो पालिकाका जम्मा वडासमख्याहरु ५ ओटा रहेका । | - शिक्षकले भोटेकोशी गाउँपालिकामा जम्मा कति ओटा वडाहरु छन् ? भनी प्रश्न सोध्ने र सबैको उत्तर सुन्ने, सही जवाफ नआएमा ५ ओटा वडाहरु छन् भनि बताइदिने । | - तिम्रो पालिकाको नाम के हो ? यसमा कति ओटा वडाहरु छन् ? | |
| | -आफ्नो वडाको क्षेत्रफल र सिमाना बताउन । | -आफ्नो वडाको जम्मा क्षेत्रफल र आफ्नो वडाको सिमाना कहाँ देखि कहाँ सम्म रहेको छ ? आफ्नो वडाबाट पूर्व, पश्चिम, उत्तर र दक्षिणमा के के पर्छन आदि । | - शिक्षकले आफ्नो पालिकाको र वडाको सफा र प्रष्ट बुझिने नक्सा देखाइ वडाको क्षेत्रफल र सिमाना बारे जानकारी गराउने । आफ्नो वडाको पूर्व, पश्चिम, उत्तर र दक्षिणमा के के रहेछन् नक्साबाटै प्रष्ट पारिदिने । | - तिम्रो वडाको क्षेत्रफल कति छ ?<br>-तिम्रो वडाको पूर्वको सिमानामा के पर्छ ? | |

| | | | | | |
|---|---|---|---|---|---|
| | -आफ्नो वडाको नक्सा हेरी नक्सा कोर्ने अभ्यास गर्न । | -आफ्नो वडाको नक्सा हेरेर चित्रमा उतार्ने अभ्यास प्रयोगात्मक रुपमा । | शिक्षकले सबै बालबालिकालाई आफ्नो वडाको नक्सा उपलब्ध गराइ नक्सा कोर्ने अभ्यास गरागने । | नक्सा कोर्ने प्रयोगात्मक अभ्यास | |
| | -आफ्नो वडाको जम्मा जनसंख्या र जातजातिको विवरण तयार गर्न । | - आफ्नो वडाको जम्मा जनसंख्या र यहाँ बसोबास गरिरहेका जातजातिहरुको सूची जस्तैः शेर्पा, तामाङ, नेवार, थामी, मगर,गुरुङ, क्षेत्री, ब्राम्हण, दलित समुदाय आदि । | - शिक्षकले आफ्नो वडाको जम्मा जनसंख्या बताइ वडाभित्र कुन कुन जातिका मानिसहरु बस्छन् भनि बालबालिकालाई प्रश्न गर्ने । सबैको जवाफ आएपछि आफूले तयार गरेको जातजातिको सूची देखाइ थप प्रष्ट पारिदिने । | - तिम्रो वडाको जम्मा जनसंख्या कति हो ?<br>-तिम्रो वडामा बस्ने जातजातिहरुको सूची बनाऊ । | |
| | -आफ्नो पालिकाका अध्यक्ष र उपाध्यक्षको नाम बताउन । | - आफ्नो पालिकाका अध्यक्ष र उपाध्यक्षको नाम फोटो देखाएर, प्रत्यक्ष भेट गराएर । | -शिक्षकले बालबालिकाहरुलाई आफ्नो पालिका अध्यक्ष र उपाध्यक्षसँग भेट गराएर, फोटो देखाएर चिनाउने र नाम समेत बताइ दिने । | - तिम्रो पालिका अध्यक्ष र उपाध्यक्षको नाम लेख । | |
| | -स्थानीय तहले दिने सेवाहरुको विवरण तयार गर्न । | - स्थानीय तहले दिने सेवाहरुको विवरण जस्तैः विकासका कामहरु बाटो, पुल, धारा आदि बनाउने, शिक्षा, स्वास्थ्यको व्यवस्था, झैझगडा मिलाउने, आदि । | - स्थानीय तहले हामीलाई के कस्ता सेवा दिन्छ भनि छलफल गर्ने । शिक्षकले तयार गरेको चार्ट देखाइ स्थानीय तहले दिने सेवाहरु बारे जानकारी गराउने । | - तिम्रो स्थानीय तहले ३ ओटा कामहरु लेख । | |
| **हाम्रा सम्पदाहरु** | -आफ्नो वडाभित्र रहेका सम्पदाहरु (प्राकृतिक र सांस्कृतिक) को पहिचान गरी रेखाङ्कन गर्न र चित्रमा रङ भर्न । | -आफ्नो वडाभित्र रहेका सम्पदाहरु (प्राकृतिक र सांस्कृतिक) को पहिचान । प्राकृतिक सम्पदाहरु आफैं बनेका हिमाल, पहाड, पोखरी, कुण्ड, वनजङ्गल, खोला, नदी, झरना, भिर पहरा, मैदान आदि । सांस्कृतिक सम्पदाहरु मानिसले बनाएका मन्दिर, गुम्बा, चर्च, माने, छोर्तेन, शिलालेख, लोक बाजाहरु, लोकगीतहरु, लोकनृत्य, भजनकिर्तन, परमपरागत, पोशाक, गरगहना, भाँडाकुँडा, मेला पर्व, जात्रा आदि । | -बालबालिकाहरुलाई प्राकृतिक सम्पदाको परिचय साहित मानिसले नबनाइ आफैं बनेका आफ्नो वडाभित्रका प्राकृतिक सम्पदाहरुको खोजी गर्न लगाउने । उनीहरुलाई मानिसले बनाएका सम्पदाहरु सांस्कृतिक सम्पदा हुन् भनि आफ्नो वडा भित्रका सांस्कृतिक सम्पदाहरु बारे छलफल गर्ने । | -प्राकृतिक सम्पदा भनेको के हो ?<br>-तिम्रो वडाभित्र रहेका कुनै ५ प्राकृतिक सम्पदाको नाम लेख ।<br>-सांस्कृतिक सम्पदा भनेको के हो ?<br>-तिम्रो वडाभित्र रहेका कुनै ५ सांस्कृतिक सम्पदाको नाम लेख । | |
| | -हाम्रा सम्पदाहरुप्रति गौरव गर्न । | हाम्रा सम्पदाहरु हाम्रा पहिचान हुन् । यी सम्पदाहरुप्रति हामीले गौरव गर्नुपर्ने ।<br>-आफ्नो वडाभित्र मनाइने दशैं, तिहार, ल्होसार, बुद्ध जयन्ती, क्रिसमस जनैपुर्णिमा आदि पर्व मनाउने तरिका ती पर्वहरुको महत्वबारे जानकारी । | शिक्षकले बालबालिकाहरुलाई सम्पदाहरु हाम्रा सम्पत्ति हुन् ,यिनीहरुको संरक्षण गर्नुपर्ने, यिनीहरुप्रति गौरव गर्नुपर्ने बारे छलफल गरी प्रष्ट पारीदिने । | -किन हामीले हाम्रा सम्पदाहरु प्रति गौरव गर्नु पर्छ ?<br>-तिम्रो वडामा मनाइने मुख्य चाडपर्व के के हुन् ? कुनै एउटाको मनाउने तरिका लेख ।<br>- चाडपर्वहरुको महत्व लेख्नुहोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | -आफ्नो वडाभित्र मनाइने चाडपर्वहरु मनाउने तरिका र ती पर्वहरुको महत्व बताउन र लेख्न । | | -आफ्नो वडाभित्र मनाइने चाडपर्व कसरी मनाउने गरेको छ, ती पर्वमा के के गरिन्छ भनि बालबालिकासँग छलफल गर्ने । चित्र, पोष्टर तथा भिडियो आदि देखाएर पनि प्रष्ट पारिदिने । ती पर्व मान्नुका कारण र महत्व बारे पनि छलफल गर्ने । जस्तेः परिवार र नातेदारसँग भेट हुन्छ । परम्परा र संस्कृति जोगिन्छ, आदि । | | |
| | -चाडपर्व मान्नुपर्ने कारण खोजी गर्न । | -चाडपर्व मनाउनुका कारणहरु धार्मिक विश्वास , परम्पराको निरन्तरता आदि । | -चाडपर्व मान्नु वा मनाउनुका कारणहरुबारे बालबालिकासँग छलफल गर्ने । शिक्षकले चाडपर्व मनाउनुका कारणहरुबारे बताइदिने । जस्तैः परम्पराको निरन्तरता , धार्मिक मान्यता, पारिवारिक मिलन आदि । | -चाडपर्व मनाउनुका कारणहरु लेख । | |
| | -आफ्नो वडाभित्र बजाइने परम्परागत बाजाहरुको पहिचान गरी स्थानीय बाजाहरुको खोजी गर्न । | -आफ्नो वडाभित्र बजाइने परम्परागत बाजाहरु जस्तैःढ्याङ्ग्रो, डम्फु, टुङ्ना, मादल, घ्यालिङ, पञ्चेबाजा शङ्ख, घण्ट आदिको पहिचान । स्थानीय बाजाहरुको खोजी । | - आफ्नो वडाभित्र बजाइने परम्परागत बाजाहरुबारे छलफल, चिनारी, प्रश्नोत्तर गराउने । स्थानीय बाजाहरु बारे पहिचान र खोजी , प्रत्यक्ष अवलोकन गराउने । | -तिम्रो वडामा बजाइने परम्परागत बाजाहरु के के हुन ?<br>- तिमीले चिनेका स्थानीय बाजाहरुको नाम लेख । | |
| हाम्रो संस्कार र संस्कृति | अरुले गरेको राम्रो कामको प्रशंसा र सम्मान गर्न साथै सहयोग गरेकोमा धन्यवाद दिन । | **समाजमा गरिने प्रशंसा गर्न लायक कार्यहरु** : सामाजिक कार्य, सरसफाइ, सामूहिक बाटो, मन्दिर, गुम्बा, चौतारो,चोक, कुवा आदिको संरक्षण गर्ने, सामाजिक हितको काम गर्ने व्यक्तिलाई प्रशंसा, स्यावासी, धन्यवाद दिन र सामुहिक कार्यमा सहयोग गर्ने ।<br>**सहयोग गरेकोमा धन्यवाद दिन —** आफूलाई सूचना दिने, सरसापट / सामान दिँदा / काममा सहयोग गर्दा / बिरामी पर्दा / चोटपटक लाग्दा / सम्मान व्यक्त गर्दा / हराएको वा छुटेको वस्तु वा सामान ल्याइदिँदा / आफूलाई बिभिन्न काम कुरामा सहयोग गर्दा आदिमा । | -आ-आफनो टोल समुदायमा हुने गरेका सामाजिक कार्य, सरसफाइ तथा सामुहिक कार्यबारे छलफल, प्रश्नोत्तर गराउने ।<br>- सार्वजनिक सम्पत्तिको बाटो, मान्दिर, गुम्बा, चौतारो, आदिको सुरक्षा, संरक्षणमा सहयोग गर्ने व्यक्तिलाई प्रशंसा र सम्मान गरेको चित्र / पोष्टर / भिडियो देखाउने ।<br>- आफूलाई सहयोग गर्नेलाई धन्यवाद दिने बानीको विकास गराउने ।<br>-प्रशंसा, सम्मान र धन्यवाद दिएको अभिनय गराउने । | हाम्रो संस्कार र संस्कृति | |

| | | | | | |
|---|---|---|---|---|---|
| | -अपाङ्गले गर्न सक्ने क्रियाकलाप बताउन । | अपाङ्गले गर्न सक्ने कार्यहरु —<br>-दृष्टि सम्बन्धी अपाङ्गता भएका — पढ्ने, नाच्ने, गित गाउने, बाजा बजाउने, कार्यक्रम प्रस्तोता आदि ।<br>-श्रवण/ बोली सम्बन्धी अपाङ्गता भएका — मौन पढाइ, साङ्केतिक भाषामा पढाइ, खेल खेल्ने, सिलाई, बुनाई, खेतीको काम, घर कुर्ने आदि ।<br>सामान्य अपाङ्ग — सबै काम<br>-अपाङ्गले आ-आफ्नो क्षमता अनुसार काम गर्न सक्छन् तर उनीहरुलाई अवसर र उचित सहयोग आवश्यक पर्ने । | -आपाङ्गहरुलाई सम्मान र आदर गर्ने बानीको विकास गराउने<br>-उनीहरुले गरेको कार्यको भिडियो/पोष्टर आदि देखाउने ।<br>-अवसर पाएमा अपाङ्गले पनि काम गर्न सक्छन् भनी छलफल प्रश्नोत्तर, अनुभव बताउन लगाउने | | |
| | -कुनै पनि उच्छृङ्खल क्रियाकलापहरु, त्यसबाट हुने परिणाम बताउन र त्यस्ता कार्य नगर्न । | **उच्छृङ्खल क्रियाकलापहरु -** जिस्काउने, हो-हल्ला गर्ने, छाडा बोल्ने, जथाभावी फाल्ने, बिगार्ने, तोडफोड गर्ने आदि ।<br>**उच्छृङ्खल क्रियाकलापहरुबाट हुने परिणामहरु —**<br>-मान्छे रिसाउँछ,<br>-अरुले मन नपराउने ,<br>-सामान बिग्रने/नास हुने/ दोहोरो खर्च हुने,<br>-व्यक्ति, समाज र देशको सम्पत्ति नास हुने, समाजले मन नपराउने,<br>-प्रहरीले समाउने, जरिवाना गराउने, जेलमा राख्ने आदि ।<br>- व्यक्ति आफूलाई, समाजलाई र देशलाई पनि हानि नोक्सानी हुने ।<br>बिभिन्न उदाहरण दिइ उच्छृङ्खल क्रियाकलापहरु वा खराब कार्यहरु नगर्न प्रेरित गर्ने । | -बालबालिकालाई गर्न नहुने कार्यबारे छलफल, प्रश्नोत्तर गराउने ,<br>- उच्छृङ्खल क्रियाकलापहरुबाट हुने परिणामहरु बारे अनुभव भन्न लगाउने ।<br>-उच्छृङ्खल क्रियाकलापहरु र त्यसका परिणाम झल्कने चित्र /पोष्टर / भिडियो देखाइ उच्छृङ्खल गतिविधि गर्न नहुने बारे सचेत गराउने । | | |
| | ऐतिहासिक धार्मिक र महत्वका कुराहरु चाडपर्व, धार्मिक स्थल, | ऐतिहासिक धार्मिक र महत्वका कुराहरु बारे बताउन (आफ्नो पालिकाभित्र मनाउने चाडपर्व, धर्मिक स्थल, लगाउने | -आफ्नो पालिका भित्रका जात्राहरु बारे छलफल, प्रश्नोत्तर गराउने ।<br>-पालैपालो धार्मिक क्षेत्रको नाम भन्न लगाउने । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | भेषभूषा र नाचगान बारे बताउन । | भेषभूषा / परम्परागत र प्रचलित नाचहरु जस्तै-<br>**चाडपर्व र जात्राहरु** - भैरबकुण्ड जात्रा, नायायणस्थान जात्रा, तातोपानी स्नान मेला, भूमेथान जात्रा, कालीदेवी जात्रा, सेतीदेवी जात्रा, सेतीवदेवी पञ्चकन्या जात्रा,थामीगाउँ जात्रा आदि ।<br>**धार्मिक स्थलहरु —** उग्रचण्डी (लिस्ती माई) मन्दिर, भैरवकुण्ड पोखरी, नारायण मन्दिर, कालीदेवी, सेतीदेवी, कोकरसिङ मन्दिर, छगाम गुम्बा, पाउ गुम्बा आदि ।<br>**भेषभूषा** - दौरा, सुरुवाल, टोपी, कोट, खन्ज्याक, बक्खु, छुबा, सारी, चोलो, दोर्मा, पटुका,आङ्दुङ, पङ्गाप, स्यामा, स्ही, गिन्जिङ, स्यामोक, बोरे, तेको, गरक्याङ आदि ।<br>**नाचगान** - स्याब्रु नाच (शेर्पाको परम्परागत नृत्य), सेलो नाच, तामाङको परम्परागत नृत्य), झ्याउरे नाच, झाँक्री नाच, लामा नाच, भजन, कीर्तन, बालन आदि । | - आफ्नो पालिका भित्रका भेषभूषाबारे पालैपालो प्रश्नोत्तर, छलफल, गराउने ।<br>- विद्यालयमा सांस्कृतिक कार्यक्रमको आयोजना गरी बालबालिकालाई आ-आफ्नो परम्परागत भेषभूषामा भाग लिन लगाउने ।<br>- आफ्नो वडा वा पलिका भित्र नाचिने नाचहरु बारे सोधखोज गर्ने । उक्त नाचहरु कुन कुन बेला नाचिन्छन् छलफल गर्ने ।<br>-वृत चित्र, भिडियो देखाइ आफनो पालिका भित्र नाचिने नाच बारे प्रष्ट पार्ने | | |
| | प्रचलित धर्महरु -हिन्दु, बौद्ध, इसाई बारे छुट्टा छुट्टै वर्णन गर्न र महत्व बताउन । | **प्रचलित धर्महरु (हिन्दु, बौद्ध, इसाई बारे छुट्टाछुट्टै वर्णन गर्ने र महत्व बताउने —**<br>-धर्महरुबारे वर्णन<br>**प्रतिपादक** :ऋषिमुनिहरुद्वारा सुरु गरिएको/गौतम बुद्ध/येशु खिष्ट<br>**मुख्य देवता** : ब्रम्हा,विष्णु, महेश्वर / भगवान बुद्ध /येशु खिष्ट<br>**धर्म ग्रन्थ** : वेद (ऋगवेद, यजुर्वेद, सामवेद, अथर्ववेद ) /त्रिपिटक(सुक्ति पिटक, विनय पिटक र अभिधम्म पिटक) /बाइबल | - हिन्दु, बौद्ध र इसाई धर्म बारे बालबालिकालाई जानकारी भएका कुरा भन्न लगाउने ।<br>- शिक्षकले तीन ओटै धर्मका प्रतिपादक, धर्म ग्रन्थ, मुख्य देवता, कुन समयदेखि प्रचलनमा आएको आदिबारे बताउने ।<br>- सबै धर्मले देखाएको बाटो र हाम्रो सामाजमा रहेको धार्मिक सहिष्णुता बारे छलफल, प्रश्नोत्तर अनुभव बताउन लगाउने ।<br>-धर्मका नाममा झैझगडा नहुनु , एकले अर्को धर्म मान्नेलाई सम्मान गर्ने मेलमिलाप,सहयोग आदानप्रदान आदि धार्मिक सहिष्णुता बारे प्रष्ट पारीदिने । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | **मानिने क्षेत्र :** पालिका भित्र पाँच ओटै वडाहरु<br>**पुरानो :** अनुमानित (हिन्दु- लगभग पाँच हजार वर्ष, बौद्ध — २५०० वर्ष, इसाई -२००० वर्ष )<br>**धर्महरुको मौलिक एकता —** मनमा शान्ति, मानवता (मानवकल्याण )<br>**नेपालीहरुको धार्मिक सहिष्णुता-** मानवीय समानता, परस्पर सहयोग, मेलमिलाप, एकअर्काप्रति सम्मान । | | | |
| हाम्रा धार्मिक तथा पर्यटकीय क्षेत्रहरू | आफ्नो वडा भित्रका धार्मिक स्थलहरुको अवलोकन गरी परिचय, विषेशता र महत्व, कार्य सम्पन्न हुने तिथि मिति र विधिहरु बताउन र लेख्न । | आफ्नो वडा भित्रका धार्मिक स्थलहरुको अवलोकन गराउने, ती धार्मिक क्षेत्रको परिचय जस्तै- पुरा नाम / रहेको स्थान / कति पुरानो, हाल कस्तो अवस्थामा, विषेशता र महत्व के कस्तो, कहिले विषेश पुजा हुने वा मेला लाग्ने आदि कुराहरुको स्पष्ट जानकारी जस्तैः<br>परिचय-नाम र ठेगाना<br>विषेशताः धार्मिक, ऐतिहासिक, आर्थिक,सामाजिक, पर्यटकीय आदि<br>कार्य सम्पन्न हुने तिथि मिति : महिना, गते, बार वा तिथि आदि ।<br>कार्य सम्पन्न विधिः नित्य पूजा, होम, ब्राम्हण भोजन, प्रसाद वितरण | - बालबालिकालाई आफ्नो वडाभित्र स्थलगत भ्रमण गराउने ।<br>- सम्पुर्ण धार्मिक स्थलहरुको परिचय, विषेशता महत्व बारे छलफल, प्रश्नोत्तर गराउने ।<br>- विषेश पूजा, जात्रा वा मेला हुने भए त्यसको तिथि मिति र ती क्रियाकलाप गर्ने विधि बताउन लगाउने र शिक्षकले थप स्पष्ट पारीदिने । | हाम्रा धार्मिक तथा पर्यटकीय क्षेत्रहरू | |
| | आफ्नो वडा र छमेककी वडामा रहेका पर्यटकीय स्थलहरुको अवलोकन गरी नक्सामा चिनाउन, परिचय, विषेशता र महत्व बताउन र लेख्न । | - आफनो वडाभित्र रहेका पर्यटकीय स्थलहरु —खोला, भोटेकोशी नदी, तातोपानी धारा, बन्जी, ताल, भैरवकुण्ड, झ्यालेभिर, पहरा, झरना, पोखरी, खानी, दुगुनागढी, गुफा आदिको स्थलगत भ्रमण<br>- नक्सामा आफनो वडा र छिमेकी वडामा रहेका पर्यटकीय स्थलहरुको अवलोकन गरी चिन्न । | -बालबालिकालाई पालैपालो आफनो वडा र छिमेकी वडामा धेरै मानिसहरु घुम्न आउने स्थलको सूची बनाउन लगाउने ।<br>- आफ्नो र छिमेकी वडामा रहेका मुख्य पर्यटकीय क्षेत्रहरुको अवलोकन भ्रमण गराउने ।<br>- नक्सामा उक्त क्षेत्रहरु चिनाउने<br>- उक्त क्षेत्रको परिचय ,विषेशता र महत्व स्पष्ट पारिदिने । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | -आफ्नो र छिमेकी वडामा रहेका पर्यटकीय स्थलहरुको परिचय, विषेशता र महत्व बारे जानकरी । | | | |
| सुरक्षा | १.शारीरिक सुरक्षाका उपाय<br>२. घर तथा विद्यालयका सुरक्षा उपायहरु वताउन । | १.घर भित्र तथा वाहिरको सुरक्षा<br>२.साइकल कुदाउँदा,पौडी खेल्दा र झगडावाट सुरक्षा<br>३. अस्वस्थकर खानावाट सुरक्षा | १. घरभित्र भान्सामा काम गर्दा अपनाउनु पर्ने सुरक्षाको उपाय र घरको प्रयोग गरिने विजुली लगायतको सामग्री प्रयोगमा ल्याउँदा अपनाउनु पर्ने सुरक्षाका सम्वन्धी चार्ट, भिडियो प्रदर्शन गर्दै प्रयोग गरेर देखाउने र छलफल गराउने<br>२. साइकल कुदाउँदा,पौडी खेल्दा र झगडावाट सुरक्षा अपनाउनुपर्ने सुरक्षाका उपाय तथा नियमहरु सम्वन्धी चार्ट, भिडियो प्रदर्शन गर्दै प्रयोग गरेर देखाउने र छलफल गराउने ।<br>३. अस्वस्थकर खानावाट हुने बेफाइदाका वारेमा छपफल गराउने । | १. भान्सामा काम गर्दा अपनाउनु पर्ने सुरक्षाको उपायहरु सूची वनाऊ .<br>२. साइकल कुदाउँदा,पौडी खेल्दा कस्तो सुरक्षाका उपायहरु अपनाउनु पर्छ ?<br>३.कस्ता खाना खायो भने मानिस अस्वस्थ हुने गर्दछ ? | ५ |
| प्राथमिक उपचार | १.प्राथमिक उपचार वाकस र यसमा रहेका सामग्रीको आवश्यकता र महत्व बताउन | १. घर र विद्यालयमा प्राथमिक उपचार वाकसको निर्माण<br>२. प्राथमिक उपचार वाकसमा रहने सामग्री सम्वन्धी जानकारी<br>३. प्राथमिक उपचार वाकसको महत्व | १.विद्यार्थीलाई विद्यालयमा रहेको प्राथमिक उपचार वाकसको अवलोकन गर्न लगाउने उक्त वाकसमा रहने सामाग्रीहरुको सूची तयार गर्न लगाउने ।<br>२.स्थानीय सामग्रीहरुको प्रयोग गरी प्राथमिक उपचार बाकस निर्माण गर्ने तरिकाहरुको बारेमा छलफल गराउने ।<br>३. प्राथमिक उपचार बाकसको महत्वको बारेमा छलफल गराउने । | १. प्राथमिक उपचार वाकसका आवश्यक पर्ने सामग्रीको सुची तयार पार ?<br>२. प्राथमिक उपचार बाकसको महत्व उल्लेख गर । | |
| विपद | १. प्राकृतिक विपदहरुवाट जोगिने उपायहरु वताउन | १.हावा, हुरी र आगलागीको जानकारी र बचाउ<br>२. बाढी , पहिरोको जानकारी र बचाउ<br>३. चट्याङ सम्वन्धी जानकारी र बचाउ<br>४. भूकम्पको जानकारी र बचाउ | १. हावा, हुरीले पार्ने असर र आगलागीका घटना बारे छलफल गराउनुका साथै चार्ट, भिडियो प्रदर्शन गर्दै यसवाट बचाउका उपायहरुको वारेमा छलफल गराउने ।<br>२. बाढी,पहिरोको जानकारी गराउँदै यसका असर र बचाउ सम्वन्धी छलफल गराउने ।<br>३.चट्याङ सम्वन्धी जानकारी गराउँदै यसवाट बच्ने उपायहरु छलफल गराउने<br>४. भूकम्प सम्वन्धी भिडियो प्रदर्शन गर्दै जानकारीका साथै बचाउका उपायहरुको वारेमा छलफल गराउने । | १.हावा, हुरीले तथा आगलागीवाट हुने क्षतिहरुको सूची तयार पारी यसवाट बच्ने उपायहरु लेख ।<br>२. बाढी,पहिरोवाट बच्ने उपायहरु बताऊ ।<br>३.चट्याङ हुन सक्ने हानि नोक्सानीहरु र यसवाट बच्ने उपायहरु लेख ।<br>४. भूकम्प भनेको के हो ? यसवाट बच्न के-के गर्नुपर्छ । | |
| **पेशा व्यवसाय र रोजगारी** | -आफ्नो वडाभित्रका मानिसले अपनाइको पेशाहरु र त्यसबाट हुने फाईदाबारे बताउन र लेख्न । | -आफ्नो वडाभित्रका मानिसले अपनाएका पेशाहरु जस्तैः खेतीपाती, पशुपालन, फलफुल तथा तरकारी खेती, गाडी चलाउने आदि र त्यसबाट हुने फाईदाहरु खेतीबाट ताजा र स्वच्छ खानेकुरा पाइने, | -आफ्नो वडाभित्रका मानिसहरुको पेशाबारे खोजी गर्न लगाउने । ती पेशाहरुको सूची तयार गर्न लगाई ती पेशाले के कस्ता फाइदा भएको छ छलफल गर्ने । शिक्षकले पनि सम्बन्धित वडाभित्र के कस्ता पेशा गर्ने मानिसहरु छन् भनि तयार पारेको सूची देखाउने । भिडियो देखाइ पेशा र त्यसबाट हुने फाइदाबारे छलफल गर्ने गराउने । | - तिम्रो वडाभित्र कुन कुन पेशा गर्ने मानिसहरु छन् सूची तयार गर ।<br>- फलफुल तथा तरकारी खेतीबाट के फाइदा हुन्छ ? | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पशुपालनबाट दुध, मासु, मल तथा खेतबारी जोत्न, बढी भएको अन्न, फलफुल आदि बेचेर आम्दानी गर्न । | | | |
| | -आफ्नो वडामा गरिएका व्यवसायहरुको पहिचान र ती व्यवसाय विस्तार गर्ने उपायहरु खोजी गर्न । | -आफ्नो वडामा रहेका व्यवसायहरु जस्तैः परम्परागत व्यवसायहरुः चौरीको घिउ, छुर्पी बनाउने, पटुका, राडी, बक्खु आदि बुन्ने, सुइटर, टोपी, मोजा आदि बुन्ने । आधुनिक व्यवसायहरुः होम स्टे, होटल, रेस्टुरेन्ट, ट्रेकिङ् ,बिभिन्न किसिमका पसलहरु चलाउने आदि । ती व्यवसाय बिस्तार गर्ने उपायहरु । | -तिम्रो वडाभित्र के कस्ता व्यवसाय गर्ने मानिसहरु छन् भनि खोजी गर्न लगाउने, छलफल गराउने , शिक्षकले आवश्यक सहयोग गर्ने । बिभिन्न किसिमका पसलहरु, होटल, रेस्टुरेण्ट, होम स्टे आदिबारे छलफल गराउने ।<br>-ती व्यवसाय विस्तार गर्न सुरक्षा, बिमा आन्तरिक पर्यटनमा वृद्धि , सस्तो व्याजमा ऋण दिने आदि सुविधा हुनुपर्ने । | -तिम्रो वडामा गरिएका व्यवसायको सूची बनाऊ ।<br>-आफ्नो वडामा रहेका व्यवसाय विस्तार गर्ने उपायहरु लेख । | |
| | -आफ्नो वडाभित्रका मानिसले अपनाएको रोजगारी सूची बनाउन र रोजगारीका अबसर बढाउने उपाय खोजी गर्न । | -आफ्नो वडाभित्रका मानिसले पाएका रोजगारीहरु जस्तैः सरकारी कार्यालयमा काम गर्ने, विद्यालयमा पढाउने,विभिन्न सामाजिक क्षेत्रमा काम गर्ने, होटल तथा रेस्टुरटण्टमा काम गर्ने, जाबिधुत कमपानी तथा हाइड्रो पावरमा, उद्योग वा निर्माणमा, विदेशमा काम गर्ने आदि । रोजगारीका अवसर बढाउने उपाएहरु जस्तैः शिक्षा, स्वास्थ्य, यातायातको राम्रो व्यवस्था हुनुपर्ने, आन्तरिक पर्यटन वृद्धि गर्नुपर्ने, बजारको व्यवस्था हुनुपर्ने आदि । | -आफ्नो वडाभित्रका मानिस के कस्ता रोजगारीमा संलग्न छन् सो बारेमा छलफल, प्रश्नोत्तर गराइ रोजगारीको सूची बनाउन लगाउने । शिक्षकले सम्बन्धित वडाभित्रका मानिसको रोजगारीमा संलग्नता बारेको चार्ट प्रदर्शन गरी विषयवस्तु थप प्रष्ट पार्ने । स्थानीय तहमै रोजगारी बढाउन के कस्ता उपाय गर्न सकिन्छ भनि छलफल गर्ने । शिक्षा र स्वास्थ्यको राम्रो व्यवस्था, कृषि उत्पादनका लागि बजारको व्यवस्था, आन्तरिक पर्यटनमा वृद्धि, स्थानीय उत्पादनको प्रयोगमा जोड आदि भएमा रोजगारीका अवसर बढाउन सकिन्छ । | - तिम्रो वडाभित्रका मानिसले गर्ने गर्ने रोजगारीको सूची तयार गर ।<br>-स्थानीय तहमा रोजगरी बढाउन के गर्नुपर्छ ? | |
| स्थानीय संघसंस्था | १.आफ्नो विद्यालयको स्थापना गर्ने व्यक्तित्वहरु(संस्थापक अध्यक्ष, प्र.अ, र अन्य ) सामान्य परिचय दिन ।<br>२.वडाभित्र सञ्चालित शैक्षिक संस्था र सामाजिक संस्थाहरुको सामान्य परिचय र ती संस्थाहरुवाट प्राप्त हुने सेवाहरु भन्न तथा सेवा लिन ।<br>३.वडाभित्रका शिक्षाप्रेमी व्यक्तित्वहरुको नाम र पुऱ्याएको योगदान बताउन र त्यसवाट शिक्षा ग्रहण गर्न । | १. आफ्नो विद्यालयको स्थापना गर्ने व्यक्तिको परिचय (संस्थापक,अध्यक्ष,प्र.अ.)<br>२. वडाभित्र सञ्चालित शैक्षिक संस्थाको परिचय<br>३. पालिकाभित्र सञ्चालित स्वास्थ्य संस्थाको सामान्य परिचय र ती संस्थावाट प्राप्त हुने सेवा<br>४. वडाभित्रका व्यक्तित्वको नाम र पुऱ्याएको योगदान | १. विद्यालयको संस्थापक अध्यक्ष र प्रधानाध्यापकको सम्भव भएमा फोटो सहितको संक्षिप्त जीवनीको चार्ट प्रदर्शन गर्दै उनीहरुले पुऱ्याएको योगदान भन्ने<br>२. विद्यालयको संस्थापकहरुलाई बोलाइ गरेका कार्यहरुको जानकारी दिन लगाउने ।<br>३. वडाभित्र सञ्चालनमा रहेका शैक्षिक संस्थाको जानकारी गराउने साथै ती संस्थावाट प्रदान गरीने सेवाको वारेमा सम्वन्धित संस्थाको भ्रमण गरी वा संस्थाका व्यक्तिलाई विद्यालयमा आमन्त्रण गरी जानकारी गराउने लगाउने<br>४.शैक्षिक व्यक्तित्वहरुको जीवनी भन्ने र उहाँहरुले गर्नु भएको असल अभ्यासको अनुकरण गर्नुपर्ने कुराको जानकारी गराउने । | १. विद्यालयका संस्थापक अध्यक्ष र प्रधानाध्यापकले पुऱ्याएका २ वटा योगदानहरु भन् ।<br>२. वडाभित्रका सञ्चालनमा रहेका शैक्षिक संस्थाको परिचय र प्रदान गर्ने सेवा के-के हुन ।<br>३. पालिकाभित्रका स्वास्थ्य संस्थाले प्रदान गर्दै आएका सेवाहरु के-के हुन ?<br>४. शैक्षिक व्यक्तित्वहरुले गर्नु भएका असल कार्यहरु वताऊ । | ५ |

## कक्षा ५

| विषयवस्तु / क्षेत्र | सिकाइ उपलव्धी | विषयवस्तुका विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घ०टी |
|---|---|---|---|---|---|
| **-म र मेरो स्थानीय तह** | -आफ्नो पालिका त्यसका वडासंख्या बताउन । | -आफ्नो पालिकाको नाम भोटेकोशी र त्यसका वडासंख्या ५ ओटा भनि बताउन । | - आफ्नो पालिकाको नाम भोटेकोशी र त्यसका वडासंख्या ५ ओटा भनि बताउन भोटेकोशी गाउँपालिकाको सबै वडाहरु प्रष्ट देखिएको नक्सा प्रदर्शन गर्ने । | - तिम्रो पालिकाको नाम र यसका वडासंख्याहरु लेख । | |
| | -पालिकाको नक्सा अध्ययन गर्न । | -पालिकाको नक्सा अध्ययन गरी आफनो पालिकाका वडाहरुको सिमाना, आकार, आफ्नो पालिकाको सिमानामा पर्ने अन्य पालिकाहरु । | - सबै बालबालिकालाई भोटेकोशी गाउँपालिकाको नक्सा उपलब्ध गराई त्यसबाट पत्ता लगाएका जानकारीहरुको टिपोट गर्न लगाउने । त्यसबारे छलफल गर्ने । जस्तैः भोटेकोशी नदी कहाँ पर्छ ? | -भोटेकोशी गाउँ पालिकाको नक्सामा देखेका कुनै ५ तथ्यहरुको सूची बनाऊ । | |
| | `आफ्नो पालिकाको क्षेत्रफल र सिमाना बताउन । | -भोटेकोशी गाउँ पालिकाको क्षेत्रफल र सिमाना नक्सा अध्ययन गरी भन्न । | -नक्सा अध्ययन र तथ्यबारे जानकारी गराउने । | -तिम्रो पालिकाको क्षेत्रफल कति छ ? लेख | |
| | -आफ्नो पालिकाको नक्सा कोर्ने अभ्यास गर्न । | - प्रयोगात्मक अभ्यास गराउने । | -सबै बालबालिकालाई भोटेकोशी गाउँ पालिकाको नक्सा दिइ नक्सा कोर्ने अभ्यास गर्न लगाउने । | -तिम्रो पालिकाको नक्सा बनाऊ । | |
| | -स्थानीय व्यवस्थापिका, कार्यपालिका र न्याय पालिकाको परिचय दिइ गठन प्रकृया र कार्यहरु उल्लेख गर्न । | - स्थानीय व्यवस्थापिका, कार्यपालिका र न्याय पालिकाको परिचय दिइ गठन प्रकृया र कार्यहरुबारे शैक्षिक सामग्री प्रयोग गरी शिक्षण । | - स्थानीय व्यवस्थापिका भनेको स्थानीय तहको कानुन निर्माण गर्ने अङ्ग, कार्यपालिका भनेको कानुन कार्यान्वयन गर्ने र न्याय पालिका भनेको झै झगडा मिलाउने वा न्याय दिने अङ्ग हो भनेर परिचय दिइ गठन प्रकृया र कार्यहरु लेखेको चार्ट प्रदर्शन गरी विषयवस्तुबारे प्रष्ट पारिदिने । | -व्यवस्थापिका भनेको के हो ?<br>-कार्यपालिक केलाई भनिन्छ ?<br>-न्यायपालिकाले के काम गर्छ ?<br><br>-गाउँपालिकाको गठन प्रकृया लेख । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | -स्थानीय सरकारको परिचय दिइ यसले दिने सेवाहरु उल्लेख गर्न । | - स्थानीय सरकार भनेको पालिका स्तरमा रहेको, स्थानीय तहको शासन संचालन गर्ने अङ्ग ।<br>- यसले दिने सेवाहरु कानुनमा व्यवस्था भए बमोजिमका सबै । | -स्थानीय कार्यपालिकालई नै स्थनीय सरकार भनिन्छ । यो प्रत्येक पालिकामा रहन्छ ।<br>- स्थानीय सरकार भनेको पालिका स्तरमा रहेको, स्थानीय तहको शासन संचालन गर्ने अङ्ग हो । यसलाई गाउँ कार्यपालिका भनिन्छ भनि जानकारी गराउने । स्थानीय सरकारले गर्ने कार्यहरु लेखिएको चार्ट प्रदर्शन गरी विषयवस्तु स्पष्ट पार्ने । | -स्थानीय सरकार भनेको के हो ? लेख ।<br>- स्थानीय सरकारले दिने सेवाहरुको सूची बनाऊ । | |
| **हाम्रा सम्पदाहरु** | -आफ्नो पालिका भित्र रहेका सम्पदाहरु ( प्राकृतिक र सांस्कृतिक) को पहिचान गरी रेखाङ्कन गर्न र चित्रमा रङ भर्न । | - आफ्नो पालिका भित्र रहेका सम्पदाहरु प्राकृतिक मानिसले नबनाइ आफैंबनेका जस्तैः हिमाल पहाड,नदी, जङ्गल पोखरी, डाँडा, झरना आदि र सांस्कृतिक मानिसले बनाएका जस्तैः मन्दिर, गुम्बा, माने, चर्च छ्योर्तेन आदिको पहिचान, रेखाङ्कन र सुहाउँदो रङ लगाउने आदि । | - शिक्षकले बालबालिकाहरुलाई प्राकृतिक र सांस्कृतिक सम्पदाको परिचय दिई आफ्नो पालिकाभित्र रहेका सम्पदालाई प्राकृतिक र सांस्कृतिक सम्पदामा छुट्याउन लगाउने । प्राकृतिक र सांस्कृतिक सम्पदाको चित्र बनाउने र सुहाउँदो रङ लगाउने अभ्यास गराउने । | -प्राकृतिक सम्पदा भनेको के हो ?<br>-सांस्कृतिक सम्पदा केलाई भनिन्छ ?<br>- तिमीलाई मन पर्ने कुनै एक प्राकृतिक र सांस्कृतिक सम्पदाको चित्र बनाई सुहाउँदो रङ भर । | |
| | -हाम्रा सम्पदाहरुप्रति गौरव गर्न र सम्पदाहरुको संरक्षणमा सहभागी हुन । | - हाम्रा सबै किसिमका सम्पदाहरु हाम्रा पहिचान हुन्, हामी सबैका साझा सम्पति हुन, सम्पदा जोगाउनु हाम्रो कर्तव्य हो भन्ने अनुभूति गराउनु । | - शिक्षकले बालबालिकाहरुलाई हाम्रा सबै प्रकारका सम्पदाहरु हाम्रो पहिचान भएकाले सबै मिलेर संरक्षण गर्नुपर्ने कुराको जानकारी गराउने ।<br>-आफ्ना सम्पदाहरुप्रति गौरव गर्न प्रेरित गर्ने । | - किन हामीले हाम्रा सम्पदाहरुप्रति गौरव गर्नुपर्छ ?<br>-तिमी सम्दाहरुको संरक्षणमा कसरी सहभागी हुन्छौ ? | |
| | -आफ्नो पालिकाभित्र मनाइने पर्वहरुको धार्मिक र सांस्कृतिक महत्व बताउन । | - पालिकाभित्र मनाइने विभिन्न चाडपर्वहरुको धार्मिक र सांस्कृतिक महत्वको खोजी जस्तैः कहिलेदेखि मनाउन थालिएको, किन मनाएको, कसरी मनाउने, के सन्देश दिन्छ आदि । | - चाडपर्वको धार्मिक र सांस्कृतिक महत्वको खोजी गर्न लगाउने । आफ्नो पालिका भित्र मनाइने चाडपर्वहरु कहिले देखि,किन र कसरी मनाइदै आइएको छ यसको महत्व बारे छलफल गर्ने, विभिन्न चाडपर्वमा सहभागी गराएर समाजका जानकार व्यक्तिहरुलाई कक्षा लिन लगाएर पनि चाडपर्वको महत्व बारे जानकारी गराउने । | - तिमी कुन चाडपर्व मान्छौ? त्यस पर्वको धार्मिक महत्व छ? लेख ।<br>- तिमीले मनाएको कुनै पर्वको सांस्कृतिक महत्व लेख । | |
| | -चाडपर्वले परिवार तथा समाजमा पार्ने सकारात्मक प्रभाब र सुधार गर्नुपर्ने पक्षहरु बारे लेख्न । | -चाडपर्वले परिवारमा पार्ने सकारात्मक प्रभावहरु जस्तैः एकता, मेलमिलाप, सहयोग, भावना साटासाट आदि ।<br>-चाडपर्वका सुधार गर्नुपर्ने पक्षहरु जस्तैः पशुबलि छाड्नुपर्ने, चाडपर्वको नाममा अत्याधिक मादक पदार्थको सेवन, फजुल खर्च आदि । | - बालबालिकाहरुलाई उनीहरुले मनाउने पर्वको तिमीलाई मन परेको पक्ष के हो र कुन पक्ष सुधार गर्नुपर्छ जस्तो लाग्छ भनि प्रश्न गर्ने । सबैका उतर टिपोट गर्ने र छलफल गर्ने । चाडपर्वका सकारात्मक पक्ष र सुधार गर्नुपर्ने पक्षहरु लेखिएको चार्ट प्रदर्शन गरी प्रष्ट पारीदिने । | - चाडपर्वले परिवार तथा समाजमा पार्ने सकारात्मक प्रभावहरु लेख ।<br>- हाम्रा चाडपर्वका सुधार गर्नुपर्ने पक्षहरु के के हुन् ? लेख । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | -पञ्चेबाजा लगायत यस पालिकाभित्र बजाइने बाजाहरुको संरक्षण गर्ने उपायहरु खोजी गर्न । | -आफ्नो पालिकाभित्र बजाइने बाजाहरु पञ्चेबाजा, डम्फु, टुङ्ना, मादल, घ्यालिङ आदिको संरक्षण । | - आफ्नो पालिकभित्र बजाइने बाजाहरुको सूची बनाउन लगाउने । पञ्चेबाजा लगायत सबै परम्परागत बाजाहरु हाम्रा पहिचान भएकाले सबैले ध्यान दिनुपर्ने, सामाजिक संस्कार,विवाह, ब्रतबन्ध, मेला, पर्व, जात्रा आदिमा बाजाहरुको प्रयोगलाई निरन्तरता दिनुपर्ने आदिबारे छलफल गर्ने । | - हाम्रा बाजाहरुको संरक्षण गर्ने उपायहरु लेख ।<br>-पञ्चेबाजाभित्र पर्ने बाजाहरु के के हुन्? लेख । | |
| हाम्रो संस्कार र संस्कृति | समाजमा परम्परागत प्रचलनका राम्रा र नराम्रा पक्षहरु छुट्याइ राम्रा पक्षलाई मात्र ग्रहण गरी आफ्नो तर्क प्रस्तुत गर्न । | परम्परागत मूल्यहरुको सामान्य परिचय, जस्तै –<br>• आमा, बुबा, गुरु र आफूभन्दा ठूलालाई आदर गर्ने ।<br>• पूजा गर्ने, ढोग्ने, टिका लगाउने, प्रसाद खाने/दिने ।<br>• पण्डित/ पुरोहित र जोगी/माग्नेलाई दान दिने,<br>• अशक्त, असहाय र अप्ठ्यारोमा परेकालाई सहयोग गर्ने<br>परम्परागत प्रचलनका राम्रा र नराम्रा पक्षहरु छुट्याउन, जस्तै –<br>• महिला र पुरुषबीच समानता / भेदभाव<br>• जातीय समानता / भेदभाव<br>• धनी र गरिबमा समानता / भेदभाव<br>• रुढीवादी परम्परा – भोज भतेरमा फजुल खर्च, भूतप्रेत / वैज्ञानिकता / आधुनिकता र मितव्ययिता ।<br>• धर्म – विविधतामा एकता, फरकपनको सम्मान आदिमा सकारात्मक दृष्टिकोण अपनाउने ।<br>सही तर्क र व्यवहारको पक्षमा भाग लिने बोल्ने र काम गर्ने । | -आ-आफनो परम्परागत मूल्यहरुबारे पालैपालो बताउन लगाउने र सेतो पाटीमा टिप्दै जाने ।<br>-उक्त मूल्यहरुलाई राम्रा र सुधार गर्नुपर्नेमा छुट्याउन लगाउने ।<br>- महिला र पुरुष, जातजाति, धनी र गरिबमा समानता हुनुपर्छ, भेदभाव हुनु हुँदैन/ सामाजिक रुपले भेदभाव गर्नुहुन्न भन्ने सन्देश दिने भिडियो / वृत्तचित्र /पोष्टर आदि देखाउने ।<br>- अनावशयक (फजुल) खर्च, अन्धविश्वास (भूतप्रेत / नजर लाग्ने / बोक्सी / वायु ) आदि चलनहरुले समाजलाई अघि बढ्न नदिने भएकाले सुधार गर्नुपर्ने तर्क दिन सक्ने र उदाहरण पेश गर्न सक्ने बनाउने ।<br>- वैज्ञानिक कुरामा विश्वास गर्न र मितव्यिता (आवश्यक काममा मात्र खर्च गर्ने ) को बानी बसाल्न सिकाउने ।<br>-सबै धर्मप्रति सम्मान र सकारातमक दृष्टिकोण राख्नुपर्ने, सही तर्क, व्यवहार र विचारको विकास गराउने । | - तिम्रो समाजका परम्परागत मूल्यहरूको सूची तयार पार ।<br>- तिम्रो समाजका राम्रा र सुधार गर्नुपर्ने पक्षहरु छुट्याऊ ।<br>- फजुल खर्च भनेको के हो ? उदाहरण देउ ।<br>- मितव्ययीता भनेको के हो ?<br>- सबै धर्मप्रति सम्मान गर्नुपर्ने कारण लेख । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | धर्म, लिङ्ग र जातिका आधारमा भेदभाव नराखी समान व्यवहार गर्न । | - मानवीय समानताको सामान्य परिचय, जस्तो-जाति, वर्ण, लिङ्ग, वर्ग, धर्म आदिका आधारमा भेदभाव नगर्ने ।<br>- नम्र व्यवहारको परिचय — शिष्ट व्यवहार, अरुलाई मान्ने, सम्मान गर्ने, क्षमा माग्ने, अभिवादन गर्ने, धन्यवाद दिने ।<br>- जाति, वर्ण, लिङ्ग, वर्ग, धर्म आदिका आधारमा भेदभाव नगर्दा हुने फाइदा — झै झगडा, लडाईं, मनमुटाव र असन्तोष नहुने त्यसको सट्टामा मित्रता, सहयोग, शान्ति र भाइचारा कायम हुने ।<br>-असमान र अप्रिय व्यवहार हटाउन बालबालिकाहरुले गर्न सक्ने क्रियाकलापहरु जस्तै अरुको कुरा ध्यान दिएर सुन्ने, राम्रो कुरा र कामको कदर / सम्मान गर्ने, धन्यवाद / प्रशंशा दिने ।<br>-भूल भएमा क्षमा माग्ने र राम्रो काममा आत्मविश्वासका साथ गौरव गर्ने | -बालबालिकालाई मानवीय समानताको परिचय दिन लगाउने ।<br>- नम्र व्यवहार बारे छलफल प्रश्नोत्तर, गराउने ।<br>- समान व्यवहार गर्दा हुने फाइदा बारे छलफल गर्ने ।<br>-बिभिन्न उदाहरण प्रस्तुत गरी समान व्यवहार गर्नुपर्नेमा जोड दिने<br>- बालबालिकाको व्यवहारको अवलोकन गरी सुधारको लागि सुझाव दिने | - मानवीय समानता भित्र पर्ने कुराहरु लेख ।<br>- मानव - मानवबीच समान व्यवहार गर्दा हुने फाइदाहरुको सूची बनाऊ ।<br>-असमान र अप्रिय व्यवहार हटाउन बालबालिकाहरुले गर्न सक्ने क्रियाकलापहरु लेख । | |
| | स्थानीय भाषा, भेषभूषा, रहनसहन, मेला, पर्व र जात्राहरुको परिचय दिई महत्व पहिचान गर्न । | - आफ्नो पालिका भित्र बोलिने भाषाहरुको सूची निर्माण<br>-आफ्नो पालिका भित्र मानिने धर्महरुको सूची निर्माण र सबै धर्मप्रति समभाव ।<br>- आफनो पालिका भित्रको रहनसहन रीतिरिवाजको जानकारी तथा भेषभूषाको अवलोकन र वर्णन ।<br>- आफनो पालिका भित्रका बिभिन्न मेलापर्व, जात्रा,चाडपर्वहरुको नाम, मनाइने महिना र यसको परम्परागत महत्व पहिचान ।<br>- स्थानीय पर्वमा सहभागिता जनाउन । | - बालबालिकालाई आफ्नो आफनो पालिका भित्र बोलिने भाषा र धर्महरुको सूची बनाउन लगाउने ।<br>- आफ्नोपालिका भित्रको रहनसहन रीतिरिवाजको जानकारी तथा भेषभूषाको भिडियो / पोष्टर / चित्र अवलोकन, छलफल, प्रश्नोत्तर र वर्णन गराउने ।<br>-आफ्नो पालिका भित्रका विभिन्न मेलापर्व, जात्रा,चाडपर्वहरुको सम्बन्धमा प्रश्नोत्तर गर्ने ।<br>ती पर्वहरुमा साभगिताका लागि प्रेरित गर्ने ।<br>(सम्भव भएसम्म श्रव्यदृश्य सामाग्री प्रयोग गर्ने ।) | तिम्रो पालिका भित्र बोलिने भाषा र मानिने धर्महरुको सूची बनाऊ ।<br>आ-आफ्नो भेषभूषाको सम्बन्धमा एक अनुच्छेद लेख ।<br>आफ्नो पालिका भित्र मनाइने मुख्य मेला, पर्व, जात्राहरुको नाम र मनाइने तरिका बारे लेख । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | अनुशासन तथा असल आचरण पालना गर्न । | -सबै मानिसले अनुशासनमा रहनुपर्ने ।<br>-घरभित्र र घर बाहिर जहाँसुकै पनि सबैले अनुशासनको पालना गर्नुपर्ने ।<br>-आफूभन्दा ठूलाको आचरणको छाप बालबालिकामा पर्ने<br>-असल आचरणहरु जस्तै — साधारण जीवनशैली, मितव्ययी, समयको सही पालना गर्ने, धुम्रपान र मद्यपान नगर्ने, सत्य बोल्ने, आफ्नो पेशामा गर्व गर्ने<br>-असल आचरणले मात्र मानिस समाजमा बस्न लायक हुने | - अनुशासनबारे बालबालिकाको धारणा बुझ्न पालैपालो सोधपुछ गर्ने ।<br>- हरेक व्यक्ति जहाँ सुकै पनि अनुशासनमा रहनुपर्ने र यसको पालनाबाट मात्र असल मानिस बन्न सकिन्छ भन्ने उदाहरण दिने ।<br>- असल र खराब आचरण भएका व्यक्तिहरुको उदाहरण र उनीहरुको जीवनशैली बारे वास्तविक घटना, अनुभव आदानप्रदान गरी प्रष्ट पार्ने । | अनुशासन भनेको के हो र यो किन आवश्यक छ ?<br>अनुशसनको पालना नगरेमा हुने हानि बारे लेख ।<br>असल आचरण भित्र पर्ने कुराहरुको सूची बनाऊ । | |
| हाम्रा धार्मिक तथा पर्यटकिय क्षत्रहरु | आफ्नो वडा र पालिकाभित्रका प्रमुख धार्मिक र सांस्कृतिक स्थलहरुको सूची तयार पार्न, परिचय, विषेशता, महत्व र धार्मिक र सांस्कृतिक पर्व सम्पन्न हुने तिथि मिति र विधि लेख्न । | -आफ्नो पालिका भित्रका पालिकाभित्रका प्रमुख धार्मिक र सांस्कृतिक स्थलहरुको सूची जस्तै — छगाम गुम्बा, पाउ गुम्बा, गुरु पद्म रेम्पोर्छे, गुप्तेश्वर महादेव, तातोपानी धारा, कोकरसिङ मन्दिर, देउढुङ्गा,लिस्तीमाई, थापी नारायण मान्दिर पेन्चिपेले, साङ्मानी कुण्ड आदि ।<br>-उक्त स्थलहरुको परिचय, विषेशता र महत्व बारे स्थलगत भ्रमण गराइ / भिडियो / हाते पुस्तिका जानकार व्यक्तिसँग छलफल आदिबाट प्रष्ट ।<br>- धार्मिक र सांकृतिक पर्व सम्पन्न हुने तिथि मिति जस्तैः नारायणस्थान जात्रा - पौष शुक्ल पुर्णिमा,<br>तातोपानी स्नान — कार्तिक र चैत्रमा विषेश मेला<br>लिस्तीमाई — बडा दशैं र चैते दशैंमा विषेश पूजा आदि ।<br>-धार्मिक र सांस्कृतिक पर्व सम्पन हुने विधि जस्तै- स्नान गर्ने, पूजा गर्ने, ब्रत बस्ने, भाकल चढाउने, जाग्राम बस्ने, प्रसाद वितरण गर्ने, दान दिने, भोजन गराउने आदि । | - आफ्नो वडा र पालिकाभित्रका प्रमुख धार्मिक र सांस्कृतिक स्थलहरुको छुट्टा छुट्टै सूची तयार गर्न र पालैपालो पढेर सुनाउन लगाउने ।<br>-उक्त स्थलहरुको परिचय, विषेशता र महत्व बारे प्रश्नोत्तर, छलफल गराउने, स्थलगत भ्रमण गराई जानकार व्यक्तिसँग सोधखोज गराउने ।<br>-पर्व सम्पन्न हुने तिथिमिति र विधि बारे सम्बन्धित व्यक्तिबाटै जानकारी लिन सहयोग गर्ने जस्तैः (लिस्ती मान्दिरमा गरिने पुजा तिथिमिति र पूजा विधि बारे मन्दिरका पुजारीसँग सोधखोज ) | - तिम्रो वडा र पालिकाभित्रका प्रमुख धार्मिक र सांस्कृतिक स्थलहरुको छुट्टा-छुट्टै सूची तयार गर ।<br>-तिम्रो पालिकाभित्र रहेको कुनै एक धार्मिक र सांस्कृतिक स्थलको , परिचय, विषेशता, महत्व लेख ।<br>-तिम्रो परिवारले मनाउने धार्मिक र सांस्कृतिक पर्वहरु सम्पन्न हुने तिथिमिति र विधि बारे लेख । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | आफनो वडा र पालिका भित्रका प्रमुख पर्यटकीय स्थलहरु अवलोकन गरी नक्सामा चिनाउन, परिचय, विषेशता र महत्व बताउन र लेख्न । | -आफ्नो पालिका भित्रका प्रमुख पर्यटकीय स्थलहरु<br>वडा नं. १ मा —उग्रचण्डीमाई (लिस्तीमाई ) को मन्दिर, बन्जी, पाउ गुम्बा, छगाम आनी गुम्बा, भैरवकुण्ड पदमार्ग, झ्याले भिर आदि ।<br>वडा नं.२- तातोपानी धारा, भैरवकुण्ड, बहुला पोखरी, झरना, भोटेकोशी नदी आदि ।<br>वडा नं. ३ - दुगुना गढी (युद्ध किल्ला), कालीदेवी, सेतीदेवी, गुप्तेश्वर, बोक्चेन ककलिङ, टासी धार्गेलिङ आदि ।<br>वडा नं. ४ - थापी नारायण मन्दिर, सेतिदेवी पञ्चकन्या मन्दिर, झिर्पुको शिव मन्दिर, गुम्बाहरु आदि ।<br>वडा नं. ५ — बन्जी, साङ्माखानी, देउढुङ्गा, भयैाली कुण्ड, चाथली गुफा आदि ।<br>उपर्युक्त स्थानको अवलोकन गराउने, नक्सामा देखाउने, परिचय विषेशता र महत्व बारे हाते पुस्तिका, पालिका प्रोफाइल, जानकारी पुस्तिका वृत्तचित्र / भिडियो आदिबाट जानकारी । | आफनो क्षेत्रका प्रमुख पर्यटकीय स्थलहरुको सूची बनाउन लगाउने ।<br>-प्रत्येक वडा भित्रका प्रमुख पर्यटकीय स्थलहरुको छुट्टाछुट्टै सूची बनाउन लगाउने । शिक्षकले आवश्यक सहयोग गर्ने ।<br>- नक्सा अवलोकन गराउने ।<br>बिभिन्न जानकारी पुस्तिका अध्ययन गराइ आफनो वडा र पालिका भित्रका प्रमुख पर्यटकीय स्थलहरुको, परिचय, विषेशता र महत्व बारे छलफल, प्रश्नोत्तर गराउने । | -तिम्रो पालिका भित्रका प्रमुख पर्यटकीय स्थलहरुको सूची बनाऊ ।<br>-भैरवकुण्डपोखरीको परिचय देउ । --- -<br>तातोपानी धारा र दुगुना गढीको विषेशता र महत्व लेख ।<br>नक्सामा बन्जी देउढुङ्गा र उग्रचण्डी मन्दिर देखाऊ । ( बालबालिकाले नक्सामा सही स्थान पहिचान गरे नगरेको शिक्षकले अवलोकन गर्ने ) | |
| सुरक्षा | १.शारीरिक सुरक्षाका उपाय<br>२. घर तथा विद्यालयका सुरक्षा उपायहरु वताउन । | १.घर भित्र तथा वाहिरको सुरक्षा<br>२.खेलमा सुरक्षा<br>३. वाटोमा हिँडदा सुरक्षा<br>४. ट्राफिक नियमको पालना<br>५.अस्वस्थकर खानावाट सुरक्षा | १. घरभित्र वाहिर काम गर्दा अपनाउनु पर्ने सुरक्षाको उपाय र विजुली लगायतको सामग्री प्रयोगमा ल्याउँदा अपनाउनु पर्ने सुरक्षाका सम्वन्धी चार्ट, भिडियो प्रदर्शन गर्दै प्रयोग गरेर देखाउने र छलफल गराउने<br>२. उमेर समुहका ५ वटा खेलमा अपनाउनुपर्ने नियमहरुको वारेमा छलफल गराउने ।<br>३.साइकल कुदाउँदा,पौडी खेल्दा र झगडावाट सुरक्षा अपनाउनुपर्ने सुरक्षाका उपाय तथा नियमहरु सम्वन्धी चार्ट, भिडियो प्रदर्शन गर्दै प्रयोग गरेर देखाउने र छलफल गराउने । | १. घर भित्र र वाहिर काम गर्दा अपनाउनु पर्ने सुरक्षाको उपायहरु सूची वनाऊ ?<br>२. तिमिले खेल्ने कुनै ५ वटाको खेल नाम भन र उक्त खेल खेल्दा अपनाउनु पर्ने सुरक्षाका नियमहरु उल्लेख गर।<br>३. साइकल कुदाउँदा,पौडी खेल्दा कस्तो सुरक्षाका उपायहरु अपनाउनु पर्छ ?<br>४. गाडीवाट उत्रदा ध्यान दिनु पर्ने कुराहरु उल्लेख गर ।<br>५.ट्राफिक नियमहरुको चार्ट बनाई प्रस्तुत गर । | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ४. ट्राफिक नियमसँग सम्वन्धित भिडियो प्रदर्शन गर्दै सवारी साधन चढ्दा,बस्दा, उत्रदा,बाटो काट्दा,बाटोमा हिँडदा पालना गर्नुपर्ने सुरक्षाका उपायहरु वताउने<br>५. अस्वस्थकर खानाको सूची तयार गरी यसवाट हुने बेफाइदाका वारेमा छपफल गराउने । | ६. अस्वस्थकर खानाको ४ वटा बेफाइदाहरु के-के हुन ? | |
| प्राथमिक उपचार | १.प्राथमिक उपचार बाकस र यसमा रहेका सामाग्रीको आवश्यकता र महत्व बताउन | १. घर र विद्यालयमा प्राथमिक उपचार बाकसको निर्माण प्रयोग<br>२. प्राथमिक उपचार बाकसमा रहने सामाग्री सम्वन्धी जानकारी<br>३. प्राथमिक उपचार बाकसको महत्व | १.विद्यार्थीलाई विद्यालयमा रहेको प्राथमिक उपचार वाकसको अवलोकन गर्न लगाउने उक्त बाकसमा रहने सामाग्रीहरुको सूची तयार गर्न लगाउने ।<br>२. प्राथमिक उपचार बाकसको प्रयोग गरी सामान्य चोटपटक लागेको अवस्थामा प्राथमिक उपचार गर्ने तरिका वारेमा छलफल गराउने र<br>३.स्थानीय सामाग्रीहरुको प्रयोग गरी प्राथमिक उपचार बाकस निर्माण गर्ने तरिकाहरुको बारेमा छलफल गराउने ।<br>४. प्राथमिक उपचार बाकसको महत्वको बारेमा छलफल गराउने । | १. प्राथमिक उपचार बाकसका आवश्यक पर्ने सामाग्रीको सूची तयार पार ?<br>२. प्राथमिक उपचार बाकसको प्रयोग कसरी गर्न सकिन्छ ?<br>३.प्राथमिक उपचार बाकसको महत्व उल्लेख गर । | |
| **-पेशा व्यवसाय र रोजगारी** | -आफ्नो पालिकाभित्रका मानिसले अपनाएको परम्परागत तथा आधुनिक पेशाहरुको सूची ती पेशाहरुको महत्व तथा व्यवस्थित गर्ने उपाय बताउन । | -आफ्नो पालिकाभित्रका मानिसले अपनाएको परम्परागत (खेतीपाती, डकर्मी, सिकर्मी, पशुपालन, लामा, झाँक्री, पुजारी, डोको, मान्द्रो, भकारी, थुन्से बुन्ने आदि) तथा आधुनिक ( व्यावसायिक कुखुरा पालन, ऊन्नत जातका बाखा पालन, तरकारी खेती, किवी खेती, सरकारी तथा गैर सरकारी सेवा, सवारी चालक, ब्युटिसियन, टेलरिङ आदि) पेशाहरु । | -आफ्नो पालिकाभित्रका मानिसले गरिरहेका परम्परागत पेशाहरुको पहिचान गराउने, उदाहरण दिने, अवलोकन गराउने ।<br>-आधुनिक पेशाहरुको पहिचान गराउने ।<br>- पेशाहरुको महत्वबारे जानकारी र यी पेशाहरुलाई कसरी व्यवस्थित गर्न सकिन्छ भनि छलफल गर्ने । | - तिम्रो पालिकामा गरिएका परम्परागत पेशाहरुको उदाहरण सहित लेख ।<br>- तिम्रो पालिकामा गरिएका आधुनिक पेशाहरुको नाम लेख । | |
| | -आफ्नो पालिकाभित्र गरिएका व्यवसायहरुको पहिचान गरी यी व्यवसायको महत्व र फाइदा बारे उल्लेख गर्न । | - आफ्नो पालिकाभित्र गरिएका व्यवसायहरु जस्तैः होटल, रेस्टुरेण्ट, होम स्टे, व्यापार आदि ।<br>- यी व्यवसायको महत्व तथा फाइदाबारे छलफल । | - आफ्नो पालिकाभित्र गरिएका व्यवसायहरुको पहिचान गराउने जस्तैः होटल, रेस्टुरेण्ट, होम स्टे, व्यापार, चिया पसल, बेकरी मासु, फलफूल तथा तरकारी पसल किराना पसल आदि ।<br>- यी व्यवसायको महत्व तथा फाइदाबारे छलफल गराउने । | -आफ्नो पालिकाभित्रका मानिसहरुले अपनाएका पेशाहरुको परिचय देऊ । ती पेशाहरुको महत्व समेत लेख । | |
| | -आफ्नो पालिकाभित्रका मानिसहरुको रोजगारीको अवस्था र जीवनस्तरको तुलनात्मक अध्ययन गर्न । | - आफ्नो पालिकाभित्रका मानिसहरुको रोजगारीको अवस्था के कस्तो रोजगारीमा संलग्न छन् र काम अनुसार जीवन शैलीको अवस्थाको अध्ययन । | - आफ्नो पालिकाभित्रका मानिसहरुको रोजगारीको अवस्था के कस्तो छ,? कुन कुन रोजगारीमा संलग्न छन् ? भनी छलफल गर्ने, सूची बनाउन लगाउने, रोजगारी (काम) अनुसार जीवनस्तरमा के कस्तो फरकपन देखिएको छ छलफल गरी तुलना गर्न लगाउने । | -आफ्नो पालिकाभित्रका मानिसहरुको रोजगारीको सूची तयार गर ।<br>- रोजगरीमा संलग्न र असंलग्न मानिसहरुको जीवनस्तरमा के फरक छ ? | |

| | | | | | |
|---|---|---|---|---|---|
| स्थानीय संघसंस्था | १.गाउँपालिकाभित्र सञ्चालन भएको शैक्षिक संस्था, स्थापना गर्ने व्यक्तिको सामान्य परिचय दिन ।<br>२.गाउँपालिका भित्रका सामाजिक संस्थाहरुको नाम बताउन।<br>३.गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुको सूची बनाउन ।<br>४. गाउँपालिका भित्रका स्वास्थ्य संस्थावाट प्रदान गरिने स्वास्थ्य सेवाका प्रकारहरु उल्लेख गर्न ।<br>३.गाउँपालिकाभित्रका शिक्षाप्रेमी व्यक्तित्वहरुको नाम र पुऱ्याएको योगदान बताउन र त्यसवाट शिक्षा ग्रहण गर्न । | १.पालिकाभित्र सञ्चालन भएको पहिलो शैक्षिक संस्था र स्थापना गर्ने व्यक्तित्वको परिचय<br>२. पालिकाभित्रका मुख्य सामाजिक संस्थाहरू<br>३.पालिकाभित्रका वित्तीय संस्थाहरूको परिचय<br>४.पालिकाभित्रका स्वास्थ्य संस्थाबाट प्रदान गरीने स्वास्थ्य सेवाहरूका प्रकार<br>५.गाउँपालिकाभित्रका शैक्षिक व्यक्तित्वको नाम र पुऱ्याएको योगदान | १.भोटेकोशी गा .पा .को पहिलो विद्यालय ( थापीनारायण ) को फोटो प्रर्दशन गर्दै विद्यालय स्थापनाको कथा प्रस्तुत गर्ने<br>२.शैक्षिक व्यक्तिको जीवनीको बारेमा तयार गरी एक भिडियो डकुमेन्ट्री वा पावरप्वाइन्ट प्रस्तुत गर्दै उहाँहरूको योगदानको चर्चा गर्ने<br>३.पालिकाभित्रका मुख्य वित्तीय संस्थाहरूको जानकारीमूलक हातेपुस्तिका (ब्रोसर) अध्ययन गर्न लगाउने<br>४.वित्तिय संस्थाहरूले सामाजिक तथा आर्थिक पक्षमा पुऱ्याएको योगदान बारेमा समूहगत छलफल गराई कक्षामा प्रस्तुत गर्न लगाउने<br>५.सम्बन्धित संस्थाको अध्ययन भ्रमण गराउने र उक्त संस्थाले गर्दै आएका कार्यहरू र पुऱ्याएको सेवाको जानकारी दिन लगाउने तथा विद्यार्थीहरूलाई मुख्य मुख्य विवरणहरूको टिपोट गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने<br>६.गाउँपालिकाभित्रका वित्तीय संस्था तथा सहकारी संस्थाहरूका व्यक्तिलाई आमन्त्रण गरी वा उक्त संस्थामा भ्रमण गराई ती संस्थाहरूको परिचय र संस्थाले गरेका कार्यहरूको बारेमा जानकारी दिन लगाउने<br>७.पालिकाभित्रका स्वास्थ्य संस्थाहरूको भ्रमण गराई वा स्वास्थ्य संस्थाका व्यक्तिलाई विद्यालयमा आमन्त्रण गरी ती संस्थाबाट प्रदान गरीने स्वास्थ्य सेवाका प्रकार र सेवाको जानकारी दिन लगाउने<br>८.पालिकाभित्रका स्वास्थ्य संस्थाहरूबाट आवश्यकताअनुसार सेवा लिने कुराको जानकारी गराउने। | १. भोटेकोशी गापाको को परिचय दिनुहोस्<br>२.पालिकाभित्रका मुख्य वित्तीय संस्थाहरूको परिचय तथा ती संस्थाले सामाजिक तथा आर्थिक पक्षमा पुऱ्याएको योगदानको सूची बनाऊ ।<br>३.गाउँपालिका भित्रका मुख्य वित्तीय संस्था तथा सहकारी संस्थाहरूको बारेमा बताऊ ।<br>४.पालिकाभित्रका स्वास्थ्य संस्थाबाट प्रदान गरीने स्वास्थ्य सेवाका प्रकार उल्लेख गर । | |

## कक्षा ६

| विषयवस्तु / क्षेत्र | सिकाइ उपलव्धी | विषयवस्तुका विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टि |
|---|---|---|---|---|---|
| | -भोटेकोशी गाउँ पालिकाको प्राकृतिक तथा आर्थिक स्रोतको नाम बताउन । | - भोटेकोशी गाउँ पालिका अन्तर्गतका प्राकृतिक तथा आर्थिक स्रोतहरुः वनजङ्गल, नदी, खोलाहरु, ताल, पोखरी, झरना, बन्जी, विधुत पावर हाउस, हाइड्रो | -प्राकृतिक तथा आर्थिक स्रोतहरु सम्बन्धी विषयमा कक्षामा छलफल गरी प्रस्तुत गराउने ।<br>-पालिका भित्रका प्राकृतिक तथा आर्थिक स्रोतहरुको पहिचान गराउने | -आफ्नो पालिका भित्रका प्राकृतिक तथा आर्थिक स्रोतको सूची बनाउनुहोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पावर, सुक्खा बन्दरगाह, महत्वपूर्ण धार्मिक तथा ऐतिहासिक र पर्यटकीय स्थलहरु । | | | |
| | -प्राकृतिक तथा आर्थिक स्रोतको परिचालन, फाइदा तथा महत्व बताउन । | -प्राकृतिक तथा आर्थिक स्रोतहरुले अर्थतन्त्रमा दिएको योगदान ।<br>-स्रोतको परिचालनका फाइदा तथा महत्व । | -पालिका भित्रका स्रोतहरुबाट प्राप्त हुने आर्थिक आम्दानी बारे जिम्मेवार व्यक्तिबाट प्रत्यक्ष भेटघाट गराइ जानकारी गराउने । पालिकाको बुलेटिन, स्मारिका, वेवसाइडबाट पनि अध्ययन गराइ प्राकृतिक तथा आर्थिक स्रोतको परिचालन, फाइदा तथा महत्व बारे जानकारी गराउने। | -आफ्नो पालिका भित्रका प्राकृतिक तथा आर्थिक स्रोतहरु परिचालनको महत्व बारे लेख्नुहोस् । | |
| | -वडा कार्यालयले उपलब्ध गराउने सेवाहरु बताउन । | -घटना दर्ता, सिफारिस, प्रमाणिकरण, सामाजिक सुरक्षा भत्ता वितरण आदि । | -वडाको नागरिक वडापत्र कक्षामा प्रस्तुत गरी वडाबाट प्रवाह हुने सेवा, सुविधा, लाग्ने समय र शुल्क, जिम्मेवार पदाधिकारी सम्बन्धी छलफल गराउने । | -वडा कार्यालयले उपलब्ध गराउने सेवाहरु उल्लेख गर्नुहोस् । | |
| हाम्रा सम्पदाहरु | -भोटेकोशी गाउँ पालिकाभित्र रहेका सम्पदाहरुको पहिचान गर्न । | आफ्नो पालिकाभित्रका उग्रचण्डी (लिस्तीमाई) मन्दिर, थापिनारायण मन्दिर, छगाम आनी गुम्बा, दुगुना गढी, भैरवकुण्ड पोखरी, तातोपानी धारा, मितेरी पुल, भोटेकोशी नदी आदि । | शिक्षकले बालबालिकालाई आफ्नो पालिकाभित्र रहेका सम्पदाहरुको पहिचान गर्न लगाउने, जस्तैः लिस्ती मन्दिर कहाँ पर्छ? कुन पर्वमा धेरै मानिसहरु आउँछन्? पुजारी को हुन्छन्? आदि प्रश्नहरु सोधी छलफल गर्ने र भन्न नसके बताइदिने । सकेसम्म स्थलगत भ्रमण गराउने । त्यसैगरी अन्य सम्पदाहरुको पनि पहिचान गराउने । | -आफ्नो पालिका भित्र रहेका कुनै १० सम्पदाहरु नाम तोकेर लेख्नुहोस् । | |
| | -प्राकृतिक, सांस्कृतिक र ऐतिहासिक सम्पदाहरु छुट्याउन । | प्राकृतिक सम्पदाहरु: आफैं उत्पत्ति भएका पहाड, जङ्गल, नदी, पोखरी, भिर, खानीहरु आदि ।<br>सांस्कृतिक सम्पदाहरु: मानिसले बनाएका गुम्बा, मान्दिर, पाटी, माने, धार्मिक क्षेत्रहरु आदि ।<br>ऐतिहासिक सम्पदाहरु: गढी, सिमा क्षेत्रका किल्लाहरु, पुराना नक्साहरु, स्तम्भ, शिलालेख, अभिलेख, पुराना सिक्काहरु आदि । | शिक्षकले सम्पदाहरुलाई कुन कुन समुहमा छुट्याउन सकिन्छ भनि बिभिन्न सम्पदाहरुको नाम दिएर बालबालिकाहरुलाई छुट्याउन लगाउने । आवश्यक परे सहयोग पनि गर्ने । प्राकृतिक, सांस्कृतिक र धार्मिक सम्पदाहरुको परिचय भन्न र लेख्न लगाउने । | -आफ्नो पालिकाभित्रको ३/३ ओटा प्राकृतिक, सांस्कृतिक र ऐतिहासिक सम्पदाहरुको सूची तयार गर्नुहोस् । | |
| | -सम्पदाहरुको महत्व र यसबाट हुने फाइदाहरु उल्लेख गर्न । | -सम्पदाहरु हाम्रा पहिचान, हाम्रा अमूल्य सम्पत्ति, हाम्रो जीवनको बाँच्ने आधार हुन भन्ने उदाहरण दिने जस्तैः नदीको महत्व र फाइदा बारे छलफल गराउने, त्यसैगरी वनजङ्गलको महत्व र फाइदा बारे छलफल गराउने, आदि । | बालबालिकाहरुलाई नदीको महत्व र यसबाट हुने फाइदाबारे छलफल गरी गराइ लेख्न लगाउने । शिक्षकले आवश्यक सहयोग गर्ने । त्यसैगरी वनजङ्गलको महत्व तथा यसबाट हामीलाई हुने फाइदाबारे छलफल गराइ पालैपालो भन्न र बुँदागत रुपमा लेख्न लगाउने । शिक्षकले आवश्यक सहयोग गर्ने । | -नदीको महत्व लेखी यसका फाइदाहरु लेख्नुहोस् ।<br>-हाम्रा सम्पदाहरु मध्ये वनजङ्गलको महत्व लेखी यसका फाइदाहरु उल्लेख गर्नुहोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| हाम्रो संस्कार र संस्कृति | -पालिकाभित्रका धार्मिक तथा सांस्कृतिक सम्पदाको पहिचान र संरक्षण गर्न । | -पालिका भित्र रहेका धर्मिक तथा सांस्कृतिक सम्पदाहरु ( मन्दिर, गुम्बा, स्तुपा, माने, छ्योर्तेन, भूमेथान, देवीथान, शिवालय, भिमसेन थान आदि ) को पहिचान गर्न ।<br>- उपर्युक्त सम्पदाहरु रहेको स्थानको सरसफाइ, सुरक्षा र संरक्षण गर्ने तरिका बताउन र संरक्षणमा सहभागी हुन । | -आफ्नो पालिका धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको सूचीकरण गर्न लगाउने ।<br>- शिक्षकले तयार गरेको धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको सूची प्रदर्शन गराउने र बालबालिकाले छुटाएका सम्पदाहरु टिप्न लगाउने ।<br>- धर्मिक तथा सांस्कृतिक सम्पदाहरुको सरसफाइ, सुरक्षा र संरक्षण गर्ने जिम्मेवारी बारे छलफल गर्ने गराउने ।<br>- उपर्युक्त सम्पदाहरु हाम्रा सार्वजनिक (साझा) सम्पत्ती भएकाले संरक्षण गर्ने जिम्मेवारी सबैको हो भन्ने अनुभूति गराउने ।<br>धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणमा सहभागी हुनप्रेरित गर्ने । | -आफ्नो पालिका धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको सूची बनाउनुहोस् ।<br>- धर्मिक तथा सांस्कृतिक सम्पदाहरुको सरसफाइ, सुरक्षा र संरक्षण गर्ने जिम्मेवारी क कस्को हो कारण दिनुहोस् ।<br>-धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणमा आफू सहभागी हुँदाको अनुभव लेख्नुहोस् । | |
| | -पालिका भित्रका रीतिरिवाज लोक गीत, लोक बाजा, लोक नृत्य र भेषभूषाको पहिचान गर्न । | -पालिकाभित्रको रीतिरिवाज वा चालचलन लोक गीत -तामाङ, शेर्पा नेवार आदि जातिका परम्परागत गीतहरु ।<br>-लोक बाजा - पञ्चे बाजा, डम्फु, टुङ्ना शङ्ख, घ्यालिङ आदि ।<br>-लोक नृत्य — लामा नाच, झाँक्री नाच, शेर्पाको नृत्य स्याब्रु, तामाङको नृत्य सेलो, क्षेत्री ब्राम्हणको बालन आदि ।<br>-पालिका भित्रका बिभिन्न जातजातिका मानिसहरुले लगाउने पहिरन-लुगा, गरगहना आदि । | -कक्षामा पालिका भित्रको रीतिरिवाज वा चालचलन बारे छलफल र प्रश्नोत्तर गराउने ।<br>-आफनो क्षेत्रमा बजाइने बाजाहरुबारे जिज्ञासा राख्ने र जवाफ टिप्ने,<br>-आफ्नो क्षेत्रको लोक नृत्यहरुको परिचय गराउने ,<br>-आफ्नो क्षेत्रको भेषभूषाबारे पालैपालो भन्न लगाउने ।<br>-शिक्षकले पालिका भित्रका लोक गीत, लोक बाजा, लोक नृत्य र भेषभूषाको बारेमा वृत्त चित्र / भिडियो / हाते पुस्तिका / पालिका प्रोफाइल आदिको प्रयोग गराई विषयवस्तु स्पष्ट पार्ने । | -आफनो पालिका भित्रका बाजाहरुको परिचय दिनुहोस् ।<br>- आफनो पालिका भित्रका लोक नृत्यहरुको बारेमा लेखनुहोस् ।<br>- आफ्नो क्षेत्रको भेषभूषाबारे परिचय दिनुहोस् ।<br>- स्याब्रु नाचको परिचय दिनुहोस् । | |
| | -शेर्पा जातिको परिचय, चाडपर्व, भेषभूषा, रीतिरिवाजको बर्णन गर्न । | -नेपालका ६० जनाजाति मध्येको एक हिमाली क्षेत्रमा उद्‌गम स्थल रहेका जाति<br>-शेर्पा जातिको मुख्य पर्व ग्याल्बो<br>-ल्होसारको परिचय र अन्य चाडपर्वहरु दशैं, तिहार, बुद्ध जयन्ती कोरा गर्ने पुर्णिमा आदि ।<br>-भेषभूषा अन्तर्गत पुरुषले लगाउने - दौरा, सुरुवाल, कोट, टोपी, बक्खु, खेन्चब, छुबा, ठेडा, गुरुमाला, बोरे आदि । महिलाले लगाउने — आङ्दुङ, पाँङ्गेप, | -शेर्पा जातिको परिचय, चाडपर्व, भेषभूषा, रीतिरिवाजको बरेमा विद्यार्थीसँग सोधपुछ, छलफल गर्ने ।<br>-नेपालका ६० जानजाति मध्येको एक हिमाली क्षेत्रमा उद्‌गम स्थल रहेका आदि वासी ।<br>-शेर्पा जातिको मुख्य पर्व ग्याल्बो ल्होसारको परिचय गराउने ।<br>ल्हो को अर्थ वर्ग वा वर्ष र सारको अर्थ नयाँ, १२ ओटा जनावरको नाममा वर्ग (वर्ष) को नाम रहने,<br>- प्रत्येक वर्ष फागुन शुक्ल प्रतिपदा देखि नयाँ वर्ष सुरु हुने । १२ ओटा वर्गहरु — मुसा, गाई, बाघ, बिरालो, गरुड, सर्प,घोडा, भेडा, बाँदर, चरा, कुकुर र बँदेल<br>- अन्य पर्वहरु दशैं, तिहार, माघे सक्रान्ती आदि । | -शेर्पा जातिको परिचय दिनुहोस् ।<br>- ग्याल्बो ल्होसारको बारेमा लेख्नुहोस् ।<br>-शेर्पा जातिको चाडपर्व, भेषभूषाबारे बिस्तार गर्नुहोस् ।<br>शेर्पा जातिको परिचय दिनुहोस् ।<br>स्याब्रु नाच नाच्ने उपायहरु लेखनुहोस् | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | घ्याप्टिल, स्याक्मा, दोर्मा, सेर्सी स्यामोङ, स्ही, घेन्जेन, ध्वचा आदि ।<br>-शेर्पा जातिका नृत्यहरु - लामा नाच, झाँक्री नाच, स्याब्रु नाच आदिको परिचय विषेशता ।<br>-शेर्पा जातिले बजाउने बाजा ढयाङ्ग्रो, घ्यालिङ, टुङ्ना आदि । | - शेर्पा जातिको भेषभूषा, रीतिरिवाजको पहिचान गराउन, विद्यार्थीलाई वृत्त चित्र / भिडियो प्रदर्शन जानकारी पुस्तिका आदिबाट प्रष्ट पार्ने । | | |
| | -शेर्पा जातिको संस्कार र संस्कृति बताउन । | -शेर्पा जातिको बच्चा जन्मेमा तीन दिनमा लामाद्वारा न्वारन (लामा गुरु द्वारा बच्चा जन्मेको बार अनुसार नामकरण गरिने जस्तैःआइतबार जन्मेमा निमा, सोमबार जन्मेमा दावा, मङ्गलबार जन्मेमा मिङ्मार, बुधबार जन्मेमा लाक्पा आदि ।<br>-विवाह पहिले मागी, भागी र जारी हुन्थ्यो हाल भागी वा प्रेम र केही जारी हुने गरेको ।<br>- मृत्युमा लास डाँडामा जलाउने, एक हप्ताभित्र नेबर (सातु पोल्ने वा मृतकको नाम पोल्ने), प्रत्येक हप्तामा धिन्जी गरिने सात हप्तासम्म, उनन्चास दिन भित्र मृतकको माने बनाउने र घेवा गर्ने ।<br>- आपनो परिवारका सदस्यको चिहान (जलाउने स्थान), र माने बनाउने स्थान निश्चित हुने । | -विद्यार्थीहरुलाई शेर्पा जातिको संस्कार र संस्कृति बारे छलफल र प्रश्नोत्तर गराउने ।<br>-जन्म संस्कार र नामकरण बारे जानकारी बताउन लगाउने ।<br>-यस जातिमा गरिने विवाह प्रथा बारे सोधखोज गर्ने ।<br>-मृत्यु संस्कार बारे बालबालिकाका जानकारी प्रस्तुत गर्न लगाउने ।<br>-शिक्षकले शेर्पा जातिको जन्म, विवाह र मृत्यु संस्कार बारे सम्पुर्ण जानकारी गराउने ।<br>- शिक्षकले शेर्पा समुदायको संस्कार र संस्कृति बारे विद्यार्थीलाई वृत्त चित्र / भिडियो प्रदर्शन आदिबाट प्रष्ट पार्ने । | -शेर्पा जातिमा बच्चा जन्मेमा को द्वारा कति दिनमा न्वारन गरिन्छ ?<br>-शेर्पा जातिमा कस्तो विवाह प्रथा छ ? लेखुहोस् ।<br>-शेर्पा जातिको मृत्यु संस्कार बारे बर्णन गर्नुहोस् । | |
| हाम्रा धार्मिक तथा पर्यटकीय क्षेत्रहरु | -तातोपानी धाराको परिचय, धार्मिक र सांस्कृतिक महत्व वर्णन गर्न । | -आफ्नो पालिका भित्र रहेको प्रसिद्ध धार्मिक तथा पर्यटकीय क्षेत्र तातोपानीको परिचय -अवस्थिति, प्राकृतिक स्वरुप, धाराहरुको सङ्ख्या, आकार, त्यस क्षेत्रभित्र पर्ने कुराहरु) दिन ।<br>-तातोपानीको धार्मिक महत्व र सांस्कृतिक महत्व — तीर्थस्थलको रुपमा, पुराना छालासम्बन्धि रोगहरु निको हुने जनविश्वास, सबै धर्म मान्ने र सबै | -बालबलिकाहरुलाई तातोपानी धाराको प्रत्यक्ष अवलोकन भ्रमण गराउने ।<br>-त्यस क्षेत्रको प्राकृतिक बनावट बारे छलफल गर्ने।<br>- तातोपानीको धार्मिक महत्व र सांस्कृतिक महत्व बारे जानकार व्यक्तिसँग सोधखोज गराउने ।<br>- शिक्षकले तातोपानीको धार्मिक र सांस्कृतिक महत्व बारे उदाहरण सहित वर्णन गरिदिने । | - तातोपानी धाराको परिचय दिनुहोस् ।<br>-तातोपानी धाराको धार्मिक र सांस्कृतिक महत्वबारे वर्णन गर्नुहोस्?<br>तपाईले तातोपानी धारामा नुहाउनु भएको छ ?, यदि छ भने नुहाउँदाको अनुभव बताउनुहोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | जातिकाले प्रवेश पाउने, धार्मिक सहिष्णुताको उदाहरणको रुपमा, सांस्कृतिक विकास आदि महत्व बताउन । | | | |
| | -तातोपानीको आर्थिक महत्व र संरक्षणका लागि गरेको कार्यबारे बताउन । | -यस क्षेत्रको आर्थिक उन्नतिमा तातोपानीको योगदान, लाखौ स्वदेशी तथा विदेशी पर्यटक आउने, व्यापार,व्यावसाय वृद्धि आदि ।<br>- यस क्षेत्रको विकासका लागि गरिएका प्रयासहरु तटबन्ध निर्माण, पहिरो नियन्त्रण,तातोपानी धारा सरसफाइ तथा संरक्षण आदिबारे बयान गर्न । | -तातोपानीमा तीर्थयात्रीहरु आउनुको के होला भनि छलफल र प्रश्नोत्तर गर्ने गराउने, पालैपालो बालबालिकाको विचार लिने ।<br>-तातोपानीको आर्थिक महत्व बताउन लगाउने, यसको संरक्षण गर्नुपर्ने कारण र संरक्षणका लागि गरिएका प्रयासबारे छलफल गर्ने ।<br>- शिक्षकले तातोपानीको परिचय, यस क्षेत्रको महत्व र संरक्षणका लागि गरेको कार्यबारे बताइदिने । | -तातोपानीमा तीर्थयात्रीहरु आउनुको उद्धेश्य के होला ?<br>-तातोपानीको आर्थिक महत्वबारे बर्णन गर्नुहोस् -तातोपानी धारा सरसफाइ तथा संरक्षणका लागि भएका प्रयास बारे लेख्नुहोस् । | |
| | -बञ्जीको परिचय, विषेशता र महत्व बारे लेख्न। | -बञ्जीको परिचय, अवस्थिति, हालको अवस्था आदिबारे जानकारी ।<br>- यसको विशेषता (विशेष हुनुको कारण) र महत्व के का लागि बारे तथ्य पत्ता लगाउने | -बालबालिकालाई आफ्नो पालिका भित्र वडा नं. १ र ५ जोड्न बनाइएको झोलुङ्गे पूल र त्यसमा रहेको साहसिक र मनोरञ्जनात्मक कार्य गरिने पर्यटकीय क्षेत्र नयाँ पूलको बञ्जीको अवलोकन भ्रमण गराउने ।<br>-यसको विशेषता र महत्वबारे जानकार व्यक्तिसँग प्रश्नोत्तर र छलफल गराउने । | -तपाईंले बञ्जी देख्नुभएको छ ? त्यहाँ के गरिन्छ ? लेखनुहोस<br>-बञ्जीको विषेशता र महत्व बारे प्रकाश पार्नुहोस् । | |
| | -यसको पर्यटकीय र आर्थिक महत्व बारे लेख्न । | -बञ्जीमा हामफाल्न आउँने स्वदेशी र विदेशी पर्यटकहरुको प्रवाह बारे तथ्याङ्क लिन ( कुन माहिनामा धेरै, कुनमा थोरै, हरेक वर्ष बढ्दो वा घट्दो क्रममा )<br>- यसले पर्यटकीय क्षेत्र र आर्थिक क्षेत्रमा दिएको योगदान र महत्व बारे जानकारी । | - बालबालिकालाई साहसिक र मनोरञ्जनात्मक कार्य (बञ्जी जम्प) गर्न आउँने स्वदेशी र विदेशीको तथ्याङ्क देखाइ अध्ययन गराउने ।<br>कुन महिनामा धेरै र कुन महिनामा थोरै पर्यटकको प्रवाह हुँदो रहेछ ? भनी छलफल गराउने ।<br>-हरेक वर्ष बढ्दो वा घट्दो क्रममा के कस्तो छ , तथ्य प्रस्तुत गरिदिने ।<br>-यसले पर्यटकीय क्षेत्र र आर्थिक क्षेत्रमा दिएको योगदान र महत्व बारे शिक्षकले जानकारी दिने । बालबालिकालाई जानकारी रहेको कुरा बताउन अवसर दिने । | -बञ्जीजम्प गर्ने कार्य साहसिक छ त ? आफ्नो विचार दिनुहोस् ।<br>-बञ्जीले आर्थिक क्षेत्रमा दिएको योगदान बारे लेख्नुहोस् ।<br>यसको पर्यटकीय महत्व बारे प्रकाश पार्नुहोस् । | |
| सुरक्षा | १. व्यक्तिगत सुरक्षा उपायहरु वताउन । | १.वालमैत्री विद्यालय र बालबालिकाको सुरक्षा<br>२. किटपतङ्ग र जनावरको टोकाइ अपनाउनु पर्ने सुरक्षाका उपाय | १.वालमैत्री विद्यालयको अवधारणा छलफल गराइ घरभित्र बालबालिका सुरक्षित रहने उपायहरुको चार्ट तथा भिडियो छलफल गराउने ।<br>२. मौरी, लामखुट्टे,उडुस,जुम्रा,कुकुरको टोकाइवाट अपनाउनु पर्ने सुरक्षाका उपायहरुको वारेमा छलफल गराउने । | १. वालमैत्री घर भनेको के हो ? बालबालिका घरचित्र सुरक्षित रहने उपायहरु बताऊ।<br>२. मौरी, लामखुट्टेको टोकाइवाट बच्ने उपायको सूची बनाऊ ।<br>३. महिनावारीको समयमा किशोरीहरुले ध्यान दिनुपर्ने कुराहरु भन । | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ३ महिनावारीको समयमा किशोरीले भोगेका समस्या र स्यानीटरी प्याडको प्रयोग । | ३.महिनावारीको धारणा बारे छलफल गर्ने र सुरक्षित महिनावारी बारेमा स्पष्ट पार्ने । | | |
| | सामुदायिक सुरक्षा | १.सामुदायिक सुरक्षाको महत्व<br>२. विपदको वेलामा छिमेकीमा आपसी सहयोग<br>३. भोकमरीमा सहयोग<br>४. चोरी, डकैतीमा सामूहिक सहयोग | १.सामाजिक सुरक्षाको अवधारणा र आवश्यकता वारे छलफल गराउने ।<br>२.विपद (भोकमरी,चोरी,डकैतीमा) मा सामुहिक सहयोगमा छिमेकीमा आपसी सहयोगको जरुरत सम्वन्धमा अनुभव प्रदान गर्दै विस्तृतमा कुराकानी गर्ने तथा अनुभव आदानप्रदान गर्ने । | १.व्यक्तिगत सुरक्षा र सामाजिक सुरक्षा मा के फरक छ ? सामाजिक सुरक्षाको आवश्यकता किन पर्दछ ?<br>२.विपदमा छिमेकीको सहयोग किन आवश्यक पर्दछ ।<br>३. चोरी,डकैतीमा भएको बेलामा समुदायको आवश्यकता किन पर्दछ ? | |
| | वातावरणको सुरक्षा र यसको संरक्षणकाका संरक्षण उपायहरु | १.कुलो/नहर को सुरक्षा<br>२. बाटो र नालीको सुरक्षा<br>३. बोट विरुवा र प्रकृतिको सुरक्षा | १.कुलो/नहर को सुरक्षा सम्वन्धी छलफल गराउने ।<br>२. बाटो र नालीको सुरक्षा सुरक्षा सम्वन्धी छलफल गराउने ।<br>३. बोट विरुवा र प्रकृतिको सुरक्षा र संरक्षण सम्वन्धी छलफल गराउने । | १.कुलो/नहर को सुरक्षा किन आवश्यक छ ?<br>२. बाटो र नालीको सुरक्षाको आवश्यकता बताऊ ।<br>३. हाम्रो वरिपरिका बोट विरुवा र प्रकृतिको सुरक्षा किन गर्नुपर्दछ ? | |
| प्राथमिक उपचार | १.प्राथमिक उपचार | १.किरा फट्याङ्ग्रा (अरिङ्गाल,बारुला,झुसिल्किरा,कमिला) आदिले टोक्दा प्राथमिक उपचार | १. किरा फट्याङ्ग्रा (अरिङ्गाल,बारुला,झुसिल्किरा,कमिला) आदिले टोक्दा प्राथमिक उपचार प्राथमिक उपचार गर्ने विधि वारेमा प्रयोगात्मकरुपमा छलफल गराउने । | १.अरिङ्गाल,बारुलाले टोक्दा प्राथमिक उपचार प्राथमिक उपचार कसरी गरिन्छ । | |
| विपद | १.विपदका किसिम असर र यसवाट बच्ने उपायहरु | १.विपदका अवधारणा<br>२. .विपदको किसिम<br>३.महामारी र भाइरसको असर<br>३. भूकम्प ,आगलागी,बाढी, पहिरो,हुरी जस्ता विपदका घटनाहरु | १.विपद र यसका किसिमका बारेमा छलफल गराउने<br>२. महामारीको रुपमा सरुवा रोग कसरी फैलिन्छ भन्ने वारे छलफल गराउने ।<br>३. भूकम्प ,आगलागी,बाढी, पहिरो,हुरी जस्ता विपदका घटनाहरुबारे चार्ट तथा अन्य सन्दर्भ सामाग्री प्रदर्शन गर्दै विद्यार्थीहरुमा बच्ने उपायहरुको बारेमा छलफल गराउने | १. विपद भनेको के हो ? विपदका किसिमहरु उल्लेख गर।<br>२. महामारीको रुपमा सरुवा रोग कसरी फैलिन्छ ?<br>३. भूकम्प ,आगलागी,,,बाढी, पहिरो,हुरी जस्ता विपदवाट कसरी बच्न सकिन्छ ? | |
| पेशा व्यावसाय र रोजगारी | -पेशाको परिचय, किसिम र महत्व<br>उल्लेख गर्न । | -जीविकोपार्जनकालागि गरिने कार्यलाई पेशा भनिने ।<br>-बिभिन्न प्रकारका पेशाहरु जस्तैः कृषि, पशुपालन, मौरी पालन, तरकारी खेती, फलफूल खेती आदिको परिचय र महत्व । | -बालबालिकाहरुलाई पेशाहरुबारे प्रश्न गर्ने, पेशाहरुको परिचय दिन लगाउने, आफ्नो पालिका भित्रका मानिसहरुले अपनाएको पेशा र तिनको महत्व बारे छलफल गर्ने । शिक्षकले तयार गरेको पेशाको परिचय, किसिम र महत्वबारे लेखिएको चार्ट देखाइ प्रष्ट पारिदिने । | -पेशा भनेको के हो ? कुनै ५ पेशाहरुको नाम लेख्नुहोस् ।<br>-पेशाको महत्व लेख्नुहोस् । | |
| | व्यावसायको परिचय र महत्व उल्लेख गर्न । | -आर्थिक उपार्जनका लागि वस्तुको खरिद तथा बिक्री गरिने कार्य जस्तैः व्यावसायिक | -शिक्षकले बालबालिकालाई व्यावसायको परिचय दिन लगाउने, बिभिन्न प्रकारका व्यावसायको पहिचान गराइ तिनीहरुको महत्व बारे | -व्यावसायको परिचय दिनुहोस् ।<br>-व्यावसायको महत्व लेख्नुहोस । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | रुपमा गरिने पशुपालन, कुखुरा पालन, तरकारी तथा फलफूल व्यावसाय, किराना पसल, होटल, जडीबुटी संकलन तथा बिक्री, होम स्टे, पर्यटन आदि । | छलफल गर्ने, गराउने जस्तैः आर्थिक लाभको महत्व — व्यावसायबाट वस्तु तथा सेवाको खरिद बिक्री हुने हुनाले आर्थिक लाभ हुने, स्वरोजगार भइने, समयको सदुपयोग हुने, आदि । | | |
| | -स्थानीय रोजगारी सम्बन्धी सूचना प्राप्त गर्ने स्रोतहरु पहिचान गर्न । | -स्थानीय तहमा विभिन्न प्रकारका रोजगारीको सूचना र जानकारीहरु प्राप्त गर्ने माध्यम जस्तेः स्थानीय पत्रपत्रिका, पालिकाको फेसबुक पेज, पालिकाको वेवसाइट,पालिका बुलेटीन आदि । | -शिक्षकले बालबालिकालाई स्थानीय तहमा रोजगारी (काम) सम्बन्धी सूचना कहाँ कहाँ बाट पाइन्छ भनि प्रश्न गर्ने, सबैको उत्तर टिपोट गरी छलफल गराउने । आफूले तयार गरेको जानकारी बताइदिने । | - स्थानीय तहमा विभिन्न प्रकारका रोजगारीको सूचना र जानकारीहरु प्राप्त गर्ने माध्यमहरु उल्लेख गर्नुहोस् । | |
| स्थानीय संघसंस्था चर्चित व्यक्तित्व (जलविधुत कम्पनी ) | १.जलविद्युत सामान्य परिचय दिन ।<br>२.गाउँपालिका भित्रका राष्ट्रिय स्तरको कम्पनी तथा संस्थाहरु वारेमा जानकारी प्राप्त गर्न । | १ जलविद्युतको परिभाषा, परिचय महत्व<br>२ भोटेकोशी गाउँपालिकामा जलविद्युतको सम्भावना<br>३ पालिकाभित्र सञ्चालन भएको पहिलो जलविद्युत कम्पनीको<br>परिचय तथा यसको योगदान | १. जलविद्युतको परिभाषा दिँदै भोटेकोशी नदी र यसका सहायक खोलाहरुमा बनिरहेको विभिन्न हाइड्रो बारेमा प्रत्यक्ष अवलोकन भिडियो स्रोत व्यक्तिको सहयोग मार्फत विद्यार्थीहरुलाई नदी खोला को महत्व र यसवाट उत्पादन गर्न सकिने जलविद्युत बारेमा अवधारणा प्रस्तुत गर्दै विद्यार्थीका अनुभव समेत आदानप्रदान गर्ने<br><br>२. भोटेकोशी गाउँपालिकामा सञ्चालित विभिन्न हाइड्रो जलविद्युत कम्पनी हरुको सूची जस्तै भोटेकोशी पावर कम्पनी, मध्य भोटेकोशी जलविद्युत कम्पनी ,इलेक्ट्रो पावर कम्पनी, शिवश्री हाइड्रोपावर कम्पनी आदीको जानकारी दिँदै भोटेकोशी गाउँपालिकामा यसको सम्भावना खासगरी वित्तीय र रोजगार क्षेत्रमा यसको सम्भावना बारेमा तथ्याङ्क र रिपोर्टमा आधारित भएर कक्षा सञ्चालन गर्ने ।<br>३ पालिका भित्र सञ्चालित पहिलो विद्युत कम्पनी भोटेकोशी पावर कम्पनी लिमिटेडको स्थापना र यसको योगदान सम्वन्धमा प्रत्यक्ष अवलोकन गरि कम्पनीका जिम्मेवार प्राप्त अधिकारीहरुसँग संवाद गरि प्रतिवेदन सहित छलफल गर्ने । | १.जलविद्युत भनेको के हो<br>२.भोटेकोशी गाउँपालिकामा सञ्चालित जलविद्युतहरुको सूची बनाउनुहोस् ।<br>३ भोटेकोशी गाउँपालिकामा जलविद्युतको सम्भावना बारेमा लेख्नुहोस् ।<br>३.भोटेकोशी गाउँपालिकाको पहिलो जलविद्युत कम्पनीको नाम उल्लेख गरी यसको योगदान वारेमा लेख्नुहोस् । | ५ |

## कक्षा ७

| विषयवस्तु / क्षेत्र | सिकाइ उपलव्धी | विषयवस्तुका विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टि |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| म र मेरो स्थानीय तह | -सार्वजनिक स्थलहरुको संरक्षण गर्ने तरिका, महत्व र जिम्मेवारी बताउन । | -सार्वजनिक स्थलहरुको संरक्षण गर्ने तरिका, महत्व र जिम्मेवारी । | -विद्यार्थीहरुको समूह विभाजन गरी सार्वजनिक स्थलहरुको संरक्षण गर्ने तरिका, महत्व र जिम्मेवारी बारे छुट्टाछुट्टै चार्ट तयार गरी प्रस्तुत गर्न लगाउने । | - सार्वजनिक स्थलहरुको संरक्षण गर्ने तरिकाहरु लेख्नुहोस् ।<br>सार्वजनिक स्थलहरुको संरक्षण गर्ने जिम्मेवारी क–कसको हुन्छ, बुँदागत रुपमा लेख्नुहोस् । | |
| | -पालिकाबाट प्राप्त हुने सेवा सुविधा उल्लेख गर्न । | पालिकाबाट प्राप्त हुने सेवा सुविधाहरु :<br>-सिफारिस, प्रमाणिकरण, घटनाको अभिलेखिकरण, न्याय सम्पादन, बजेट भुक्तानी आदि । | - पालिकाको वडापत्र कक्षामा प्रस्तुत गर्ने र पालिकाबाट प्राप्त हुने सेवा, सुविधा, लाग्ने समय र शुल्क, जिम्मेवार पदाधिकारी बारे छलफल गरी प्रष्ट्याउने । | | |
| | -पालिकाको, राष्ट्रिय जनगणना २०७८ अनुसारको कुल जनसंख्या, माहिला र पुरुषको सङ्ख्या, जातिगत र उमेरगत जनसंख्या बताउन । | -पालिकाको जम्मा जनसंख्या, महिला र पुरुषको संख्या, साक्षरता प्रतिशत्, जातिगत र उमेरगत जनसंख्या । | -पालिकाको जनसंख्याको प्रतिवेदन अध्ययन गर्न लगाइ बालबालिकाहरुलाई बिभिन्न कुराहरु पत्ता लगाउन सिकाउने, जस्तैः -पालिकाको जम्मा जनसंख्या, महिला र पुरुषको संख्या, साक्षरता प्रतिशत्, जातिगत र उमेरगत जनसंख्या आदि । शिक्षकले आवश्यक सहयोग गर्ने । | -२०७८ को जनगणना अनुसार आफ्नो पालिकाको जम्मा जनसंख्या, पुरुष र महिलाको संख्या उल्लेख गर्नुहोस् ।<br>- जातिगत र उमेरगत जनसंख्याको विवरण दिनुहोस् । | |
| हाम्रा सम्पदाहरु | -भोटेकोशी गाउँ पालिकाभित्रका ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरुको महत्व र संरक्षण गर्ने उपायहरु उल्लेख गर्न । | -पालिका भित्रका ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरुः दुगुनागढी, विभिन्न मन्दिरहरु, गुम्बाहरु, छ्योर्तेनहरु आदिको महत्व, तिनीहरुको संरक्षण गर्ने उपायहरु । | -पालिकाभित्रका ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरुको महत्व पालैपालो भन्न लगाउने, ती सम्पदा संरक्षण गर्ने उपायहरु बारे छलफल गर्ने, शिक्षकले आवश्यक सहयोग गर्ने । | -आफनो पालिकाभित्रका ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरुको महत्व उल्लेख गर्नुहोस् | |
| | -आफ्नो पालिकाभित्र पाइने जडिबुटी जन्य वनस्पतिहरुको पहिचान र महत्व उल्लेख गर्न । | - पालिकाभित्र पाइने जडीबुटी जन्य वनस्पतिहरु जस्तैः बोझो, टिम्मुर, अमला, चिराइतो, यार्सागुम्बा,धुपी, तितेपाती, सिस्नु, अल्लो,पाँचऔंले आदिको पहिचान र महत्व । | -जडिबुटी भनेको के हो भनि प्रश्न गर्ने र उत्तर भन्न नसके मात्र बताइदिने ।<br>- आफ्नो पालिका भित्र पाइने औषधीजन्य वनस्पतिको नाम पालैपालो भन्न लगाउने र आवश्यकता अनुसार सहयोग गर्ने । जडिबुटीको महत्व वारे छलफल गराउने । | - आफ्नोपालिकाभित्र पाइने जडिबुटीहरुको सूची बनाउनुहोस् ।<br>-जडिबुटीको परिचय तथा महत्व बारे जानकारी दिनुहोस् । | |
| | -आफ्नो पालिका समेत समेटिएको गौरीशंकर संरक्षण क्षेत्रको परिचय र यहाँ पाइने जीवजन्तुहरुको पहिचान गर्न । | - रामेछाप, दोलखा र सिन्धुपाल्चोक जिल्लाका केही भाग समेटेर स्थापना गरिएको गौरीशंकर संरक्षण क्षेत्रको परिचय र यस क्षेत्रमा पाइने विभिन्न जीवजन्तुहरु । | - गौरीशंकर संरक्षण क्षेत्र बारे परिचय गराइ यस क्षेत्रमा पाइने जीवजन्तुबारे छलफल गराउने । | -गौरीशंकर संरक्षण क्षेत्रको परिचय दिइ यहाँ पाइने जीवजन्तुहरुको सूची बनाउनुहोस् । | |
| हाम्रो संस्कार र संस्कृति | पालिका भित्रका विभिन्न व्यक्ति र समुदायप्रति सहानुभूतिको व्यवहार प्रदर्शन गर्न । | - आफ्नो पालिका भित्र रहेका विभिन्न व्यक्ति (अशक्त, अपाङ्ग, साहारा विहिन, एकल वृद्ध, वृद्धा, अति विपन्न, दीर्घ रोगी आदि) र अल्प संख्यक तथा पछि परेका, समुदाय प्रति सहानुभूति राख्ने र सकेको सहयोग गर्ने । | -आफ्नो पालिका भित्रका अप्ठ्यारो अवस्थामा रहेक बिभिन्न व्यक्तिहरु को को हुन सक्छन् भनी छलफल गराउने ।<br>-पालिका भित्रका बिभिन्न व्यक्ति र समुदायप्रति सहानुभुतिको भावना जगाउने । -बालबालिकामा सहानुभूतिको व्यवहार प्रदर्शन गर्ने बानीको विकास गराउन | कस्ता व्यक्तिहरुप्रति सहानुभूति राख्नुपर्छ ? लेख्नुहोस् ।<br>(बालबालिकाहररुले बिभिन्न व्यक्ति र समुदायप्रति सहानुभुतिको व्यवहार प्रदर्शन गरे नगरेको अवलोकन गर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | -धार्मिक तथा सांस्कृतिक सम्पदाको महत्व उल्लेख गर्न । | **-धार्मिक सम्पदाहरु** — मन्दिर, गुम्बा, विहार, चर्च धार्मिक पुस्तकहरु आदि ।<br>**-सांस्कृतिक सम्पदाहरु** — लोकबाजा, लोक गीत, लोकनृत्य, परम्परागत पहिरन,जात्रा,पर्व, मेला आदि ।<br>उपर्युक्त सम्पदाहरुको महत्व पहिचान र उल्लेख । | -आफ्नो पालिकाभित्र रहेका धार्मिक र सांस्कृतिक सम्पदाको महत्व के छ भनी पालैपालो भन्न लगाउने ।<br>शिक्षकले धार्मिक तथा सांस्कृतिक सम्पदाको महत्व उल्लेख गरिदिने ।<br>जस्तै -परम्पराको<br>हस्तान्तरणमा, राम्रा पक्षको अनुशरणमा आदि । | -धार्मिक तथा सांस्कृतिक सम्पदाको महत्व उल्लेख गर्नुहोस ।<br>-आफ्नो पालिका भित्रका धार्मिक तथा सांस्कृतिक सम्पदाको सूची बनाउनुहोस् । | |
| | नेवार जातिको संस्कार, संस्कृति, रहनसहन र भेषभूषाको परिचय दिन । | **-नेवार जातिको बिभिन्न संस्कारहरु -** (जन्म, बेलविवाह, विवाह, ब्रतबन्ध,जंको, मृत्यु संस्कार) आदिको परिचय ।<br>**-नेवार समुदायको संस्कृति** - चाडपर्व भोज भतेर, जात्रा, मेला आदिबारे चिनारी ।<br>-नेवार जातिको रहन सहन र भेषभुषा — समूहमा बस्ने, गुठी को परम्परा, पाटी, पौवा, धारा आदि बनाउने, परम्परागत पहिरन र गरगहना आदिको परिचय । | -नेवार जातिको संस्कारहरु बारे प्रश्न गर्ने र कक्षामा छलफल गराउने ।<br>-नेवार जातिको विभिन्न संस्कारहरु जन्म, बेलविवाह, विवाह, ब्रतबन्ध, जंको, मृत्यु संस्कार आदिको परिचय गराउने ।<br>-नेवार जातिको संस्कृति बारे प्रश्न गर्ने र जानकारी संकलन गर्ने,<br>- शिकक्षकले चाडपर्व, भोजभतेर, जात्रा, मेला आदिबारे शैक्षिक सामग्री प्रयोग चिनारी गराउने ।<br>- नेवार जातिको रहनसहन र भेषभूषाको परिचय दिने र दिन लगाउने | -नेवार जातिको संस्कार बारे लेख्नुहोस् ।<br>-नेवार जातिको संस्कृतिको परिचय दिनुहोस् ।<br>-नेवार जातिको रहनसहन र भेषभूषाको परिचय दिनुहोस् । | |
| | बेल विवाह (ईही) को परिचय र विशेषताको वर्णन गर्न । | -नेवार समुदायमा किशोरीहरुको बेलसँग विवाह गर्ने चलन ।<br>-विवाह गर्नुपूर्व गुफा राख्ने र विधिपूर्वक बेलसँग विवाह विधि सम्पन्न गरिने । | -बेल विवाह बारे सुनेका वा देखेका छौ कि भनी प्रश्न गर्ने र विद्यार्थीका उत्तरहरु सुन्ने ।<br>- विद्यार्थीबाट सही जवाफ नआएमा नेवार समुदायमा किशोरीहरुको विवाह गर्नुपूर्व गुफा राखी विधिपूर्वक बेल (रुखमा फल्ने कडा बोक्रो भएको फल) सँग विवाह गर्ने परम्परा हो भनि बताइदिने । | -बेल विवाह भनेको के हो ? यसको परिचय र विशेषता बारे लेख्नुहोस् ।<br>-आफ्नो समुदायमा गरिने कुनै एक विवाह विधि लेख्नुहोस् । | |
| | बेल विवाह (ईही) को परिचय र विशेषताको वर्णन गर्न । | -नेवार समुदायमा किशोरीहरुको बेलसँग विवाह गर्ने चलन ।<br>-विवाह गर्नुपुर्व गुफा राख्ने र विधिपूर्वक बेलसँग विवाह विधि सम्पन्न गरिने । | -बेल विवाह बारे सुनेका वा देखेका छौ कि भनी प्रश्न गर्ने र विद्यार्थीका उत्तरहरु सुन्ने ।<br>- विद्यार्थीबाट सही जवाफ नआएमा नेवार समुदायमा किशोरीहरुको विवाह गर्नु पुर्व गुफा राखी विधिपूर्वक बेल (रुखमा फल्ने कडा बोक्रो भएको फल) सँग विवाह गर्ने परम्परा हो भनि बताइदिने । | -बेल विवाह भनेको के हो ? यसको परिचय र विशेषता बारे लेख्नुहोस् ।<br>-आफ्नो समुदायमा गरिने कुनै एक विवाह विधि लेख्नुहोस् । | |
| हाम्रा धार्मिक तथा | -उग्रचण्डी (लिस्ती) मन्दिरको परिचय दिन । यसको ऐतिहासिक र धार्मिक महत्व वर्णन गर्न । | भोटेकोशी गाउँ पालिका वडा नं. १ मा रहेको प्रसिद्ध उग्रचण्डी (लिस्ती) मन्दिरको परिचय अवस्थिति, स्थापना, संस्थापक हालको अवस्था आदि । | -बालबिकालाई लिस्ती मन्दिर गएका वा नाम सुनेका छौ कि भनी प्रश्न गर्ने ।<br>सबैको जवाफ आएपछि उक्त मन्दिरसँग सम्बन्धित विभिन्न प्रश्न गर्ने र जवाफहरु सुन्ने । | -उग्रचण्डी मन्दिरको परिचय दिनुहोस् ।<br>-त्यस मन्दिरको ऐतिहासिक र धार्मिक महत्व वर्णन गर्नुहोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| पर्यटकीय क्षेत्रहरु | | -यसको ऐतिहासिक र र धार्मिक महत्व बारे विस्तृत अध्ययन गराउने । आवश्यकता अनुसार शैक्षिक सामग्रीको प्रयोग गर्ने। | -शिक्षकले उग्रचण्डी (लिस्ती) मन्दिरको परिचय, यसको ऐतिहासिक र धार्मिक महत्व बारे प्रश्नोत्तर,छलफल तथा सामग्री प्रयोग गरी स्पष्ट पारिदिने । | | |
| | यस मन्दिरको विशेषता, भक्तजन आउने क्षेत्र, पुजारी र पूजा विधि बारे लेख्न । | -उग्रचण्डी (लिस्ती) मन्दिरको विशेषता — पालिकाको प्रसिद्ध र मन्दिर, हिन्दु र बौद्ध दुबैको आस्थाको केन्द्र, धार्मिक सहिष्णुताको उदाहरण आदि ।<br>- पुजारी - नेवार जातिका पुजारी रहने चलन रहेको ।<br>पूजा विधि — दैनिक पुजा, बडा दशैं र चैते दशैंमा बढी भिडभाड हुने । | -बालबालिकालाई कुन कुन धर्म मान्नेहरु लिस्ती मन्दिर जान्छन् भनी प्रश्न गर्ने । कहाँ कहाँ बाट भक्तजन आउँछन भनी प्रश्न गर्ने । शिक्षकले यस मन्दिरको विशेषता र भक्तजन आउँने क्षेत्र (यसै पालिका भित्रका, बाह्रबिसे नगर पालिका र अन्य स्थान) बारे बताइदिने ।<br>-नेवार जातिका पुजारीको प्रचलन रहेको यस मन्दिरमा दैनिक पूजा हुन्छ, जुनसुकै जात र धर्म मान्नेले पनि प्रवेश पाउने, बडा दशैं र चैते दशैंमा धेरै भक्तजनहरु आउने गरेका भनी बताउने । | -उग्रचण्डी (लिस्ती) मन्दिरको विशेषताबारे लेख्नुहोस् ।<br>-यस मन्दिरको विशेषता, भक्तजन आउने क्षेत्र, पुजारी र पूजा विधि बारे वर्णन गर्नुहोस् । | |
| | भैरवकुण्ड पोखरीको परिचय, धार्मिक र सांस्कृतिक महत्व वर्णन गर्न । | - भैरवकुण्ड पोखरीको परिचय ( रहेको स्थान, पुग्न लाग्ने समय, बाटोको अवस्था, यसको आकार, पाइने वनस्पति र जीवजन्तु आदि) ।<br>-भैरवकुण्ड पोखरीको धार्मिक र सांस्कृतिक महत्व (हिन्दु र बौद्ध दुबैको आस्थाको केन्द्र, हरेक वर्ष जनै पुर्णिमामा झाँक्रीहरु सहित जात्रामा आउने, अन्य तीर्थयात्री र पकृतिप्रेमीहरु आउने गरेका ) | -तपाईंहरु भैरवकुण्ड जानुभएको छ कि भनी प्रश्नबाट छलफल सुरु गर्ने ।<br>-पालिका प्रोफाइल / जानकारी पुस्तिका/चित्र / भिडियो प्रदर्शन गरी भैरवकुण्ड पोखरीको परिचय गराउने ।<br>- भैरवकुण्ड पोखरीको धार्मिक र सांस्कृतिक महत्व बारे छलफल, प्रश्नोत्तर अनुभव बताउन लगाउने ।<br>- शिक्षकले भैरवकुण्ड पोखरीको परिचय, धार्मिक र सांस्कृतिक महत्व बारे वर्णन गरीदिने । | भैरवकुण्ड पोखरीको परिचय दिनुहोस् ।<br>-भैरवकुण्ड पोखरीको धार्मिक र सांस्कृतिक महत्व बारे पकाश पार्नुहोस् । | |
| | - यसमा लाग्ने विशेष जात्रा र पर्यकीय महत्व बारे लेख्न । | -हरेक वर्ष श्रावण शुक्ल पुर्णिमाका दिन यस पोखरीमा मेला लाग्ने गरेको ।<br>- यहाँ लाग्ने मेलामा हजारौंको सङ्ख्यामा पर्यटकहरु आउने गरेका ।<br>-पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न सकिने । | -भैरवकुण्डमा लाग्ने जात्राको तिथि मिति बारे प्रश्न गर्ने ।<br>-हरेक वर्ष श्रावण शुक्ल पुर्णिमाका दिन यस पोखरीमा मेला लाग्ने गरेको भनी बताइदिने ।<br>-यस क्षेत्रमा आन्तरिक पर्यटक धेरै र बाह्य पर्यटक कम हुने गरेका भनी बताउने ।<br>- बाटोको स्तरोन्नति, व्यापक प्रचार प्रसार र बस्ने खाने प्रवन्ध मिलाउन सके पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न सकिने । | -भैरवकुण्डमा लाग्ने जात्राको तिथिंमिति लेख्नुहोस् ।<br>- यसमा लाग्ने विशेष जात्रा र पर्यकीय महत्व बारे लेख्नुहोस् । | |
| सुरक्षा | १. व्यक्तिगत,सामुदायिक तथा स्थानीय प्राकृतिक वातावरणको सुरक्षा उपायहरु वताउन । | १.वालमैत्री विद्यालय र बालबालिकाको सुरक्षा | १. बालमैत्री विद्यालयको आवश्यकता बारे छलफल गराई बालमैत्री विद्यालयका पक्षहरको सूची तयार गर्न लगाउने | १. बालमैत्री विद्यालयको आवश्यकता किन पर्दछ ?<br>२.भिरमौरी र खागोको मह काड्दा अपनाउनु पर्ने सुरक्षाका उपायहरु | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | २. भिरमौरी र खागोको मह काड्दा अपनाउनु पर्ने सुरक्षाका उपाय<br>३ महिनावारीको समयमा किशोरीले भोगेका समस्या र स्यानीटरी प्याडको प्रयोग । | २. भिरमौरी र खागोको मह काड्दा अपनाउनु पर्ने सुरक्षाका उपायहरुको वारेमा छलफल गराउने ।<br><br>३.किशोरीले महिनावारीको समयमा भोगेका समस्या बारे छलफल गराई स्यानीटरी प्याडको प्रयोगवारे जानकारी प्रदान गर्दै छलफल गर्ने । | लेख ।<br><br>३. स्यानीटरी प्याडको महत्व वारेमा लेख । | |
| | सामुदायिक सुरक्षा | १.सामाजिक सुरक्षाको महत्व<br>२. विपदको वेलामा छिमेकीमा आपसी सहयोग | १.सामाजिक सुरक्षाको अवधारणा र आवश्यकता वारे छलफल गराउने ।<br>२. सामुहिक सुरक्षाका कार्यहरुको सूची तयार गरी विद्यार्थीहरुलाई छलफल गराउने ।<br>३.विपदमा छिमेकीमा आपसी सहयोगको जरुरत सम्वन्धमा अनुभव प्रदान गर्दै विस्तृतमा कुराकानी गर्ने तथा अनुभव आदानप्रदान गर्ने । | १.सामाजिक सुरक्षा भन्नाले के बुझिन्छ? सामाजिक सुरक्षाको आवश्यकता किन पर्दछ ?<br>२.विपदमा छिमेकीको सहयोग किन आवश्यक पर्दछ ? | |
| | स्थानीय प्राकृतिक वातावरणको संरक्षण | १. वोटविरुवा र प्रकृतिको सुरक्षा | १.स्थानीय प्राकृतिक वातावरण बारेमा छलफल गराउने<br>२.वातावरणको ह्रास हुने कारण बारे छलफल गराउने ।<br>३. प्राकृतिक वातावरण सरक्षाको बारेमा बुँदागत छलफल गराउने । | १.वातावरणको ह्रास हुने कारणहरु के-के हुन्।<br>३. प्राकृतिक वातावरण सरक्षाको उपायहरु बताऊ । | |
| प्राथमिक उपचार | १.प्राथमिक उपचार | १.पानीमा डुब्दा, हिउँले खाँदा, कुकुरले टोक्दा प्राथमिक उपचार | १. पानीमा डुब्दा, हिउँले खाँदा, कुकुरले टोक्दा प्राथमिक उपचार गर्ने विधि वारेमा प्रयोगात्मकरुपमा छलफल गराउने । | १. पानीमा डुब्दा, हिउँले खाँदा प्राथमिक उपचार कसरी गरिन्छ । | |
| विपद | १.विपदका किसिम असर र यसवाट बच्ने उपायहरु | १.विपदका अवधारणा र विशेष घटनाहरु<br>२. महामारी<br>३. ,वाढी पहिरो जस्ता विपदका घटनाहरु | १. विपदका अवधारणा बारेमा छलफल गर्दै<br>नेपालमा घटेका महत्वपूर्ण विपद्का घटनाहरु (२०७२ को भूकम्प, २०७१ को जुरे पहिरो, २०७३ को भोटेकोशी वाढी ) का वारेमा छलफल गराउने ।<br>२. महामारीसँग सम्वन्धित भिडियो, चार्ट तथा अन्य सन्दर्भ सामाग्री प्रदर्शन गर्दै विद्यार्थीहरुमा महामारीको परिचय तथा बच्ने उपायहरुको बारेमा छलफल गराउने<br>३. २०७३ को भोटेकोशी वाढी लगायतको उदाहरण प्रस्तुत गर्दै ,वाढीका असर र भोटेकोसीमा यसको जोखिम वारेमा दोहोरो कुराकानी तथा छलफल गर्दै समीक्षा गर्ने । | १. नेपाल घटेका महत्वपूर्ण विपद्का घटनाहरुको सूची तयार गर ।<br>२.विपदका बच्ने उपायहरु बताऊ ।<br>३. महामारी भनेको के हो र नेपालमा घटेका कूनै ४ ,२ वटा महामारीको घटनाहरु उल्लेख गर । | |
| पेशा व्यावसाय र रोजगारी | -परम्परागत र आधुनिक पेशाबीच तुलना गर्न । | -परम्परागत पेशाहरु जस्तैः डोको, डालो, भकारी, मान्द्रो दाम्लो, नाम्लो गुन्द्री, सुकुल, चकटी, राडी, पाखी, | -परम्परागत पेशाको परिचय दिन लगाउने, ती पेशाहरुको उदाहरण भन्न लगाउने र आवश्यक सहयोग गर्ने । | -परम्परागत पेशा र आधुनिक पेशाबीच तुलना गर्नुहोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बक्खु, पटुका आदि बुन्ने, परम्परागत खेती, पशुपालन, ढुङ्गाको काम, हँसिया कोदालो बनाउने, लुगा सिउने, लामा, झाँक्री, पण्डित आदि ।<br>आधुनिक पेशाहरु जस्तैः आधुनिक तरिकाबाट खेती (तरकारी तथा फलफूल),<br>मौरी पालन, माछा पालन, ब्युटीपार्लर, टेलरिङ, इलेकट्रिसियन, मेकानिक्स, ड्राइभिङ, वेटर, कुक, सामाजिक कार्यकर्ता आदि । | -आधुनिक पेशाहरुको परिचय सोध्ने र उदाहरण सहित भन्न लगाउने । आफूले बनाएको चार्ट देखाएर दुवैको फरक प्रष्ट्याउने । | | |
| | -व्यवसायका प्रकार र महत्व बताउन । | व्यावसायका प्रकारहरु जस्तैः होटल, लज, होमस्टे, चिया तथा खाजा घर, पर्यटन, किराना तथा फेन्सी पसल, गार्मेन्ट आदि र यिनीहरुको महत्व । | -व्यावसायको परिचय दिइ विभिन्न प्रकारका व्यवसायको बारेमा छलफल गराइ तिनीहरुको महत्वको बारेमा बताइदिने जस्तैः<br>- स्वरोजगार भइने,<br>-आम्दानी बढाउन सकिने,<br>-समयको सदुपयोग हुने,<br>-आवश्यकता पुरा गर्न सजिलो हुने, आदि । | -व्यावसायको परिचय दिइ यसका प्रकार र महत्व बारे लेख्नुहोस् । | |
| | -रोजगारीका फाइदाहरु र जीवनस्तरमा पारेको प्रभाव उल्लेख गर्न । | -विभिन्न प्रकारका रोजगारीहरु जस्तैः स्वदेशमै गरिने (सरकारी सेवा, शिक्षण, गैर सरकारी सेवा आदि ) तथा वैदेशिक रोजगार । रोजगारीका फाइदाहरु र जीवनस्तरमा पर्ने सकारात्मक प्रभाव । | -रोजगारीको परिचय सोध्ने, यसका प्रकारहरु बारे छलफल गराउने, रोजगारीबाट हुने फाइदा र यसले गुणस्तरीय जीवनका लागि पार्ने प्रभावहरु बारे छलफल गराउने । | -रोजगारीको परिचय दिइ यसका फाइदाहरु बारे लेख्नुहोस् ।<br>- रोजगारीले जीवनस्तरमा कस्तो प्रभाव पार्छ ? लेख्नुहोस । | |
| स्थानीय संघसंस्था गा पा अध्यक्ष | १.गाउँपालिका अध्यक्ष उपाध्यक्ष को सामान्य परिचय दिन ।<br>२.गाउँपालिका भित्रका गैरसरकारी सस्थाहरुको नाम तथा कार्य वारेमा वताउन<br>३. | १.गाउँपालिकाको अध्यक्ष तथा उपाध्यक्षको परिचय तथा सम्पादन गरेका कार्यहरु विवरण<br>२. पालिकाभित्रका मुख्य गैरसकारी संस्थाहरू<br>३.पालिकाभित्रका मुख्य उद्योग तथा तिनीहरुको काम | १.भोटेकोशी गापाको अध्यक्ष तथा उपाध्यक्षको बारेमा फोटो प्रर्दशन गर्दै वहाँहरुको सामान्य परिचय तथा संविधान ऐन मार्फत जनप्रतिनिधि कसरी निर्वाचित हुन्छ भनेर पावर प्वाइट स्लाइड ऐन, कानुनमा भएको व्यवस्था त्यसको अभ्यास जस्ता पक्षहरुको पूर्ण जानकारी प्रदान गर्ने ।<br>२.गाउँपालिका भित्र अनुमति लिइ सामाजिक, शैक्षिक, स्वास्थ्य, महिला, वालवालिका, कृषि तथा पशुपालन लगायत क्षेत्रका कार्य गरिरहेका विभिन्न गैरसरकारी संघसंस्था जस्तै हाम्रो प्रतिवद्ध परियोजना, सावर्स एक्सन नेपाल, इको हिमाल, जस्ता संस्थाको बारेमा भिडियो डकुमेन्ट्री वा पावर प्वाइन्ट प्रस्तुत गर्दै ती संस्थाहरुले हाम्रो समाजमा पुऱ्याएको योगदान तिनका उद्देश्य विषयमा यथेष्ट जानकारी उपलव्ध गराउने । | १.भोटेकोशी गाउँपालिकाको अध्यक्षको जीवनी तयार गर्नुहोस् ।<br>२.पालिकाभित्रका मुख्य गैरसरकारी संस्थाहरूको परिचय तथा ती संस्थाले पुऱ्याएको योगदानको चर्चा गर्नुहोस्।<br>३.गाउँपालिका भित्रका मुख्य उद्योग तथा होटल पर्यटन सम्वन्धी ५ व्यवसायको सूची तयार गरी प्रत्येकको कार्य उल्लेख गर्नुहोस् । | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ३. यस भोटेकोशी गाउँपालिका भित्र रहेका चर्तित उद्योग तथा व्यवसायहरु जस्तै वन्जी जम्प, हेली रिसोर्ट, अरनिको भिलेज, पेपर मिल्स को परिचय यसको फाइदाहरुको वारेमा चर्चा गर्दै व्यवसायिको प्रोत्साहन तथा हौसला प्रदान गर्ने । | | |

## कक्षा ८

| विषयवस्तु / क्षेत्र | सिकाइ उपलव्धी | विषयवस्तुका विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घ०टी |
|---|---|---|---|---|---|
| म र मेरो स्थानीय तह | - गाउँ कार्यपालिका र गाउँ सभाको गठन प्रकृया उल्लेख गर्न । | -गाउँ कार्यपालिका गठन, गाउँसभा गठन, गाउँ सभा संचालन प्रकृया । | -नेपालको संविधानमा गाउँ कार्यपालिकाको गठन, गाउँ सभाको गठन तथा गाउँ सभा संचालन संबन्धी व्यवस्थाको अध्ययन गर्न लगाउने । | -गाउँ कार्यपालिका गठन प्रकृया उल्लेख गर्नुहोस् ।<br>-गाउँसभा गठन र गाउँ सभा संचालन प्रकृयाबारे लेख्नुहोस् । | |
| | -स्थानीय न्यायिक समितिको गठन, काम, कर्तव्य र अधिकार उल्लेख गर्न । | -न्यायिक समितिको गठन प्रकृया, समितिको काम, कर्तव्य र अधिकार । | -गाउँ सभा संचालन, न्यायिक समिति गठन र न्याय सम्पादन प्रकृया संबन्धी कानुनी प्रावधानहरु अध्ययन, खोज गर्न लगाउने । | -न्यायिक समितिको गठन प्रकृयाबारे लेख्नुहोस्।<br>- न्यायिक समितिको काम, कर्तव्य र अधिकारबारे लेख्नुहोस् । | |
| | -स्थानीय तहमा न्याय सम्पादन प्रकृया उल्लेख गर्न । | -स्थानीय तहमा न्यायिक समितिले न्याय सम्पादनमा खेल्ने भूमिका, उजुरीको माध्यम, मेलमिलापको सिद्धान्त, झै झगडाको प्रकृति र गाम्भीर्यता, तालुकदार निकायमा सिफारिस र कानुनी प्रावधान आदि । | -बालबालिकाहरुसँग पालिका अध्यक्ष/उपाध्यक्ष/ वडाध्यक्ष कार्यक्रमको आयोजना गरी कार्यपालिका पालिका सभा, न्यायिक समिति सम्बन्धी विस्तृत छलफल गराउने, छलफलबाट सिकेका कुरा कक्षामा प्रस्तुत गर्न लगाउने । | -स्थानीय तहमा न्यायिक समितिले न्याय सम्पादनमा खेल्ने भूमिकाबारे लेख्नुहोस् । | |
| हाम्रा सम्पदाहरु | -आफ्नो पालिकाभित्रका जातजातिको भाषा, धर्म, संस्कृति, पहिरन आदिको छुट्टाछुट्टै परिचय दिन । | - आफ्नो पालिकाभित्रका जातजातिको भाषाहरुः नेपाली,शेर्पा, तामाङ, नेवारी गुरुङ, थामी, मगर आदि। तथ्याङ्क अनुसार मिलाउने<br>धर्महरुः बौद्ध, हिन्दु, इसाइ तथा बोन आदि । संस्कृतिः धार्मिक तथा सांस्कृतिक प्रचलन तथा परम्परागत पहिरन आदि । | -बालबालिकाहरुलाई आफ्नो पालिका भित्रका जातजातिको भाषा, धर्म, संस्कृति, पहिरन आदिको छुट्टाछुट्टै परिचय दिन लगाउने र शिक्षकले आवश्यक सहयोग गर्ने। | - आफ्नो पालिकाभित्रका जातजातिको भाषा, धर्म, संस्कृति, पहिरन आदिको छुट्टाछुट्टै परिचय दिनुहोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | -तिनीहरुको महत्व र संरक्षण गर्ने उपायहरु उल्लेख गर्न । | - आफ्नो पालिकाभित्रका जातजातिको भाषा, धर्म, संस्कृति, पहिरन आदिको महत्व र संरक्षण गर्ने | -आफ्नो पालिकाभित्रका जातजातिको भाषा, धर्म, संस्कृति, पहिरन आदिको महत्व र संरक्षण गर्ने तरिकाबारे बालबालिकाहरुसँग छलफल गर्ने । | - आफ्नो पालिकाभित्रका जातजातिको भाषा, धर्म, संस्कृति, पहिरन आदिको महत्व लेखी संरक्षण गर्ने उपायहरु लेख्नुहोस् । | |
| | -पालिकाभित्र पाइने वन्यजन्तु तथा पन्क्षीहरुको पहिचान र तिनीहरुको संरक्षणका लागि गरिएका प्रयासहरु बताउन । | - पालिकाभित्र पाइने वन्यजन्तु तथा पन्क्षीहरुको पहिचान र तिनीहरुको संरक्षणका लागि गरिएका प्रयासहरु । | -बालबालिकाहरुसँग आफनो पालिकाभित्र पाइने वन्यजन्तु तथा पन्क्षीहरुको पहिचान र तिनीहरुको संरक्षणका लागि गरिएका प्रयासहरु बारे छलफल गर्ने । भोटेकोशी गा.पा. पनि गौरीशंकर संरक्षण क्षेत्र अन्तर्गत पर्ने हुनाले यहाँ सिकार खेल्न नपाइने, जीवजन्तु मार्न नपाइने भएकाले सबै सुरक्षित रहेका । | -आफ्नो पालिकाभित्र पाइने वन्यजन्तुहरुको सूची बनाउनुहोस् ।<br>-पालिकाभित्रका पन्छीहरुको पहिचान गरी तिनीहरुको संरक्षणका लागि गरिएका प्रयासहरु लेख्नुहोस् । | |
| हाम्रो संस्कार र संस्कृति | आ - आफ्नो संस्कार र संस्कृतिको परिचय र विशेषता उल्लेख गर्न । | -आ - आफ्नो संस्कार ( न्वारन, पास्नी, छेवार,बेलविवाह (इही) विवाह, जङ्को, चौरासी, सोङ्गेक (जीउँदो घेवा), मृत्यु आदि)<br>- संस्कृति (न्युङ्ने, चाडपर्व, जात्रा, भुमे पुजा, गुठी, स्योटे, कुलपुजा, न्वागी, काङ्सु, भूत फाल्ने आदि) | -विद्यार्थीलाई आ-आफ्नो जाति वा समुदायको सम्पुर्ण संस्कारहरुको छोटो परिचय लेख्न लगाई पालैपालो सबैको संस्कार बारे कक्षामा पढेर सुनाउन लगाउने ।<br>- सबैलाई आ-आफ्नो संस्कृतिको पहिचान गरी छोटो परिचय र विशेषता लेख्न लगाउने ।<br>विद्यार्थीले छुटाएका कुराहरु शिक्षकले थप गरी स्पष्ट पारिदिने । | -आफ्नो जाति वा समुदायको संस्कारहरुको सूची बनाइ प्रत्येकको छोटो परिचय दिनुहोस् ।<br>-आफ्नो जाति वा समुदायको संस्कृतिहरुको सूची बनाइ प्रत्येकको छोटो परिचय र विशेषता उल्लेख गर्नुहोस् ।<br>-तपाईं आफू सरिक भएको कुनै एक संस्कार बारे चिनारी दिइ विशेषता उल्लेख गर्नुहोस् । | |
| | ब्राम्हण र क्षेत्रीको संस्कार र संस्कृतिको पहिचान गर्न । | -ब्राम्हण र क्षेत्रीको संस्कार र संस्कृतिको पहिचान गर्न :<br>संस्कारहरु - जन्म, छैटी, नामकरण, पास्नी, छेवर (चुडाकर्म), ब्रतबन्ध, विवाह, चौरासी, मृत्यु आदिको परिचय गर्ने ।<br>संस्कृतिहरु - अतिथि सत्कार, चाडपर्व, धार्मिक अनुष्ठान (सप्ताह, एकाहा, रुद्री, सत्यनारायणको पूजा, ग्रह शान्ति ब्रत, उपवास आदि), भाषा, भेषभूषा, धर्म, धार्मिक बाजा, भजन, कीर्तन, बालन, लोकगीत, लोक नृत्य, लोक बाजा आदिको परिचय गर्ने | -विद्यार्थीहरुलाई ब्राम्हण र क्षेत्रीको संस्कार बारे जानकारी भएको कुरा टिपोट गर्न लगाउने ।<br>-ब्राम्हण र क्षेत्रीको संस्कृति बारे पनि टिपोट गर्न लगाउने ।<br>-शिक्षकले छोटो परिचय सहित सम्पुर्ण संस्कारहरुबारे परिचित गराउने जस्तैः ब्राम्हण र क्षेत्रीको समुदायमा बच्चा जन्मेमा एघार दिनमा पण्डित (पुरोहित) द्वारा न्वारन (नामकरण) हुने, छोरीलाई पाँच र छोरालाई छ महिनामा विधिपूर्वक पास्नी (अन्न खुवाउने) गर्ने आदि ।<br>- शिक्षकले छोटो परिचय सहित सम्पुर्ण संस्कृतिहरुको परिचय गराउने जस्तैः पाहुनाको आदर सत्कार, एकादशीमा ब्रत बस्ने आदि । | -ब्राम्हण र क्षेत्रीको संस्कारहरु बारे सूची तयार पार्नुहोस् ।<br>-ब्राम्हण र क्षेत्रीको संस्कारहरु मध्ये कुनै तीनको छोटो परिचय दिनुहोस् ।<br>-ब्राम्हण र क्षेत्रीको संस्कृतिको पहिचान गर्नुहोस् ।<br>-ब्राम्हण र क्षेत्रीको संस्कृतिहरु मध्ये कुनै तिनको छोटो परिचय दिनुहोस् । | |
| | ब्रतबन्धको परिचय र महत्व उल्लेख गर्न । | -ब्राम्हण र क्षेत्री समुदायको सोह्र संस्कारहरु मध्येको एक अनिवार्य संस्कार<br>- हिन्दु धर्म र संस्कार अनुसार छोराको आठ वर्ष उमेर पुगेपछी विवाह गर्नु पुर्व उपयुक्त साइतमा पण्डितद्वारा गराइने । | -विद्यार्थीलाई ब्राम्हण र क्षेत्री समुदायमा गरिने ब्रतबन्ध कर्म बारे सोध्ने, उनीहरुका जानकारी बताउन लगाउने ।<br>- शिक्षकले ब्रतबन्ध कर्मका बरेमा परिचय गराउने ।<br>-हिन्दु धर्म र संस्कार अनुसार ब्रतबन्ध कर्म अनिवार्य हुने कारणहरु र यसको महत्व बारे बताइदिने । | -ब्रतबन्ध भनेको के हो ? परिचय दिनुहोस् ।<br>- हिन्दु धर्म र संस्कार अनुसार छोराको ब्रतबन्ध कर्म किन अनिवार्य छ ? लेख्नुहोस् ।<br>-हिन्दु संस्कारमा ब्रतबन्धको महत्व उल्लेख गर्नुहोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | -गुरुद्वारा ऋचा (मन्त्र) सहित जनै (काँचो धागो बाट बनाएको) धारण गराउने ।<br>-हिन्दु धर्म र संस्कार अनुसार ब्रतबन्ध कर्म अनिवार्य हुने, बाबुआमाको काजक्रिया गर्न र विवाह गर्न समेत पहिले ब्रतबन्ध गरेको हुनुपर्ने । | | | |
| हाम्रा धार्मिक तथा पर्यटकीय क्षेत्रहरु | -थापी नारायण मन्दिरको परिचय, ऐतिहासिक र धार्मिक महत्व र यहाँ लाग्ने जात्रा र आन्तरिक पर्यटन बारे लेख्न । | -थापी नारायण मन्दिरको परिचय (स्थापना, अवस्थिति, हालको अवस्था आदि) दिन ।<br>-ऐतिहासिक (कति पुरानो वा कहिले देखि वा ईतिहासमा यसको महत्व)<br>-धार्मिक महत्व (कुन धर्म सँग सम्बन्धित, के मा विश्वास वा मान्यता)<br>-जात्रा यस मन्दिर परिसरमा लाग्ने जात्रा पौष शुक्ल पुर्णिमामा<br>-आन्तरिक पर्यटन विकासमा यसको भूमिका महत्वपुर्ण रहेको | -विद्यार्थीहरु थापी नारायण मन्दिरबारे पारिचित भएनभएको बारे पश्नोत्तर गर्ने<br>-उक्त मन्दिरको स्थापना ,रहेको स्थान, हालको अवस्था बारे छलफल पश्नोत्तर गराउने ।<br>-पालिकाको नक्सा देखाएर उक्त स्थानको अवस्थितिबारे जानकारी गराउने ।<br>-स्थलगत भ्रमण गराएर र जानकार व्यक्तिसँग सोधपुछ गरी मान्दिरको ऐतिहासिक र धार्मिक महत्व बारेमा जानकारी गराउने ।<br>-हरेक वर्ष पौष शुक्ल पुर्णिमाका दिनमा परापुर्व कालदेखि निरन्तर जात्रा लाग्ने गरेको बारे जानकारी गराउने ।<br>- जात्रामा धेरै स्थानिय मानिसहरुको सहभागिता रहने र आन्तरिक पर्यटन विकासमा यसको भूमिका महत्वपुर्ण रहेको बारे बताइदिने । | -थापी नारायण मन्दिरको स्थापना र अवस्थिति बारे लेख्नुहोस् ।<br>-यस मन्दिरको ऐतिहासिक र धार्मिक महत्व बारे लेख्नुहोस् ।<br>-यस मन्दिरमा लाग्ने जात्रा र आन्तरिक पर्यटन विकासमा यसको भूमिका बारे लेख्नुहोस् । | |
| | छगाम आनी गुम्बाको परिचय, धार्मिक महत्व र विशेषता बारे लेख्न | -छगाम आनी गुम्बाको परिचय (स्थापना, अवस्थिति, हालको अवस्था आदि) दिन ।<br>यस गुम्बामा रहने आनीहरुको अवस्था बारे जानकारी लिन ।<br>आन्तरिक पर्यटन विकासमा यसको भूमिका महत्वपुर्ण रहेको | -बालबालिकालाई छगाम आनी गुम्बा बारे थाहा भएका कुरा बताउन लगाउने<br>-गुम्बा रहेको स्थान र स्थापना, अवस्थिति, हालको अवस्था आदि बारे बताइदिने ।<br>-स्थलगत भ्रमण गराइ प्रत्यक्ष अवलोकन गराउने र त्यहाँ बस्ने आनीहरुसँग गुम्बामा हुने कार्य र बसाइ व्यवस्था बारेमा सोधपुछ र छलफल गराउने ।<br>- धार्मिक महत्व - बौद्ध धर्म सँग सम्बन्धित र महिला बौद्ध भिक्षुणी (आनी) मात्रै बसेर पढ्ने र धार्मिक कार्य गर्ने , सामुहिक पाट र धार्मिक कार्यका लागि ठूलो गुम्बा र बास बस्नका लागि प्रत्येकको छट्टा छुट्टै स- साना घर रहेको आदि बारे जानकारी गराउने । | -छगाम आनी गुम्बाको परिचय (स्थापना, अवस्थिति, हालको अवस्था बारे) लेख्नुहोस् ।<br>-यस गुम्बा रहने आनीहरुको अवस्था र त्यहाँ हुने धार्मिक कार्य बारे चिनारी दिनुहोस् ।<br>-यस गुम्बाको धार्मिक महत्व र विशेषता बारे लेख्नुहोस् ।<br>-यस क्षेत्रको आन्तरिक पर्यटन विकासमा यसको भूमिका बारे उल्लेख गर्नुहोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - बाटोको स्तरोन्नति र होम स्टे र होटल, लजको व्यवस्था गर्न सके आन्तरिक पर्यटन विकासमा यसको भूमिका महत्वपुर्ण रहेने बारे बताइदिने । | | |
| सुरक्षा | १. व्यक्तिगत,सामुदायिक तथा स्थानीय प्राकृतिक वातावरणको सुरक्षा उपायहरु वताउन । | १.पहाड, हिमाल चढ्दा लेक लाग्ने<br>२. निर्माण कार्य गर्दा ( वायरिङ,रंगरोगन, प्लमविङ आदि)<br>३ विषादिवाट सुरक्षा<br>४. विद्यालय स्टाफ नर्स कार्यक्रम | १. पहाड, हिमाल चढ्दा लेक लाग्ने समस्याका वारेमा छलफल गराइ बच्ने उपायका वारेमा वताउने ।<br>२.निर्माण कार्य गर्दा ( वायरिङ,रंगरोगन, प्लमविङ आदि) हुन सक्ने जोखिमको वारेमा सुरक्षित रहने उपायका वारेमा छलफल गराउने ।<br>३. विषादिका कारण खानेकुरा तथा सिधा मानिसमा पर्न सक्ने असरवारे चार्ट, भिडियो प्रदर्शन गर्दै यसवाट बचाउका उपायहरुको वारेमा छलफल गराउने ।<br>४.विद्यालय स्टाफ नर्स कार्यक्रम र यसको महत्व वारे छलफल गराउने । | १.पहाड, हिमाल चढ्दा लेक लाग्न वाट कसरी बच्न सकिन्छ ?<br>२. वायरिङ गर्दा अपनाउनुपर्ने सुरक्षाका उपायहरु के-के हुन ?<br>३. विषादिको प्रयोग र यसवाट सुरक्षित हुनेः उपायहरु बताऊ<br>४. विद्यालय स्टाफ नर्स कार्यक्रम र यसको महत्व बारे लेख । | ५ |
| | सामुदायिक सुरक्षा | १.सामाजिक सुरक्षाको महत्व<br>२. विपदको वेलामा स्थानीय सरकारी गैरसरकारी संस्थाको सहयोग<br>३. फोहोरमैला व्यवस्थापन | १.सामाजिक सुरक्षाको महत्ववारे छलफल गराउने ।<br>२. विपदको वेलामा स्थानीय सरकारी गैरसरकारी संस्थाको सहयोग वारे छलफल गराउने ।<br>३. फोहोरमैला व्यवस्थापन बारे चेतनामुलक सन्देशहरु प्रवाह गराउने । | १.सामाजिक सुरक्षाको महत्वबारे बताऊ ।<br>२. विपदको वेलामा स्थानीय सरकारी गैरसरकारी संस्थाको आपश्यकता किन पर्दछ ?<br>३. फोहोरमैला व्यवस्थापनको महत्व वारे लेख । | |
| | स्थानीय प्राकृतिक वातावरणको संरक्षण | १.स्थानीय प्राकृतिक वातावरण र सुरक्षा<br>२. वोटविरुवाको सुरक्षा<br>३.स्थानीय तालतलैया<br>४. झरना र खोलानालाको सुरक्षा | १.स्थानीय प्राकृतिक वातावरण र सुरक्षा सम्वन्धी छलफल गराउने<br>२. वोटविरुवाको सुरक्षाको उपायहरु बारे बुँदागत छलफल गराउने ।<br>३.स्थानीय तालतलैया ,झरना र खोलानालाको सुरक्षाको महत्ववारे छलफल गराउने । | १.स्थानीय प्राकृतिक वातावरणको संरक्षण किन गर्नुपर्दछ ?<br>२. वोटविरुवाको सुरक्षा उपायहरु लेख ।<br>३. स्थानीय खोलानालाको सुरक्षाको महत्ववारे सूची बनाऊ । | |
| प्राथमिक उपचार | १.प्राथमिक उपचार | १. सर्पको टोकाइमा प्राथमिक उपचार<br>२. करेन्ट लग्दा, पानीमा तथा लेक लाग्दा प्राथमिक उपचार | १. सर्पको टोकाइमा प्राथमिक उपचार गर्ने वारेमा छलफल<br>२. करेन्ट लग्दा, पानीमा डुब्दा तथा लेक लाग्दा प्राथमिक उपचार प्राथमिक उपचार गर्ने तरिका वारेमा छलफल गराउने । | १. सर्पको टोकाइमा प्राथमिक उपचार विधिको वारेमा लेख ।<br>२. करेन्ट लग्दा, पानीमा तथा लेक लाग्दा प्राथमिक उपचार प्राथमिक उपचार गर्ने तरिकाको सूची वनाऊ । | |
| विपद | १.प्राकृतिक विपदहरुवाट जोगिने उपायहरु वचाउन | १.नेपाल घटेका महामारीका मुख्य घटनाहरु<br>२. नेपालमा घटेका भूकम्पका<br>३. आगलागीका महत्वपूर्ण घटनाहरु | १. भोटेकोशीमा घटेका महामारीका मुख्य घटनाहरु जस्तैः विफर, बर्ड फ्लु लम्पी स्किन सलह किरा कोरोना भाइरस आदि वारेमा छलफल गराउने ।<br>२. भोटेकोशीमा घटेका भूकम्पका घटनाहरु (विस १९९०,२०४५,२०७२) का वारेमा छलफल गराउने । | १. नेपाल घटेका महामारीका मुख्य घटनाहरु सूची तयार गर ।<br>२.महामारीका घटनाहरुवाट बच्ने उपायहरु लेख।<br>३.नेपालमा घटेका भूकम्पका घटनाहरुको सूची तथार गर र भुकम्पवाट बच्ने उपायहरु लेख। | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ३. आगलागीका महत्वपूर्ण घटनाहरुको जानकारी गराउँदै यसवाट बच्ने उपायहरु छलफल गराउने | ४ आगलागीका मुख्य घटनाहरु उल्लेख गरि यसवाट बच्ने उपायहरु भन । | |
| पेशा व्यावसाय तथा रोजगारी | -मध्यम र उच्च स्तरीय पेशाको परिचय र महत्व बताउन । | मध्यम र उच्चस्तरीय पेशाहरु कृषि क्षेत्रसँग सम्बन्धित पेशाहरु, इन्जिनियरिङसँग सम्बन्धित पेशाहरु, नर्सिङ तथा स्वास्थ्य क्षेत्रसँग सम्बन्धित पेशाहरु, शिक्षणसँग सम्बन्धित पेशाहरु आदि । | -बालबालिकाहरुलाई मध्यम र उच्च स्तरीय पेशाबारे छलफल गराउने । मध्यम र उच्चस्तरीय पेशाहरुको परिचय र महत्व चार्ट प्रदर्शन गरी बताइदिने । | -मध्यम स्तरका पेशाहरुको परिचय दिनुहोस् ।<br>- उच्च स्तरीय पेशाको परिचय दिइ यसको महत्व लेख्नुहोस् । | |
| | -व्यावसाय संचालनमा ध्यान दिनुपर्ने कुराहरु उल्लेख गर्न । | -व्यावसाय संचालनमा ध्यान दिनुपर्ने कुराहरुः छनोट प्रकृया, वातावरण संरक्षण, प्रभाव मूल्याङ्कन र दिगो विकास आदि । | -बालबालिकाहरुलाई व्यावसाय संचालनमा ध्यान दिनुपर्ने कुराहरु बारे छलफल गराउने ।<br>- आफूले तयार गरेको व्यावसाय संचालनमा ध्यान दिनुपर्ने कुराहरु लेखिएको चार्ट देखाइ छलफल गराउने र छनोट प्रकृया, वातावरण संरक्षण, प्रभाव मूल्याङ्कन र दिगो विकास आदि व्यावसाय संचालनमा ध्यान दिनुपर्ने कुराहरु हुन भनि बताइदिने । | -व्यवसाय भनेको के हो ? लेख्नुहोस् ।<br>- व्यावसाय संचालनमा ध्यान दिनुपर्ने कुराहरु उल्लेख गर्नुहोस् । | |
| | -पालिका भित्रका स्वदेश तथा वेदेशिक रोजगारमा संलग्न जनसंख्याको तथ्यांक र आर्थिक अवस्था बारे खोजी गर्न । | - पालिका भित्रका स्वदेश तथा विदेशमा रोजगारमा संलग्न महिला तथा पुरुषको संख्या र आर्थिक अवस्था खोजी गर्न । | - पालिकाको तथ्यांक अध्ययन गर्न लगाई स्वदेश तथा वैदेशिक रोजगारमा संलग्न जनसंख्याको विवरण र आर्थिक अवस्थाको अध्ययन गर्न लगाउने । | -आफनो पालिका भित्रका स्वदेश तथा वेदेशिक रोजगारमा संलग्न जनसंख्याको तथ्यांक र आर्थिक अवस्था बारे खोजी गरी लेख्नुहोस् । | |
| स्थानीय संघसंस्था गौरीशंकर संरक्षण क्षेत्र आयोजना | १.संरक्षित क्षेत्र र यसको आवश्यकता ।<br>२ संरक्षित क्षेत्रको वर्गीकरण र महत्व ।<br>३.गौरीशंकर क्षेत्रको परिचय र यसका उद्देश्यहरु ।<br>४. .गौरीशंकर क्षेत्रकोभूगोल वनस्पती जडिवुटि जीवजन्तु तथा संरक्षणका कार्यहरु फाइदाहरु । | १.निकुन्ज आरक्ष र संरक्षण क्षेत्रको परिभाषा भिन्नता परिचय र आवश्यकता<br>२ निकुन्ज आरक्ष र संरक्षित क्षेत्रको राष्ट्रिय वर्गीकरण र महत्व<br>३. गौरीशंकर क्षेत्रको अवस्थिति क्षेत्रफल भूगोल हावापानी आदिको परिचय गौरीशंकर क्षेत्रलाई संरक्षित घोषणा गर्नुका कारण र उद्देश्यहरु यसका प्राकृतिक मानवीय तथा जैविक विविधता जस्ता पक्षहरुको फाइदा<br>४.गौरीशंकर क्षेत्रभित्र पाइने वनस्पति जडिवुटि जीवजन्तु सूची र वनस्पति जडिवुटि जीवजन्तुको महत्व यसका संरक्षणका कार्यहरु । | १निकुन्ज ,आरक्ष र संरक्षण क्षेत्रहरु स्थापना गर्नुपर्ने कारण वा आवश्यकतावारे विद्यार्थी विच कक्षामा छलफल गराउँदै यसको परिभाषा भिन्नता वारेमा प्रष्ट पारिदिने ।<br><br>२. राष्ट्रिय निकुन्ज र संरक्षण क्षेत्रको तालिका चार्ट बनाई तिनको महत्व एवम् भिन्नता बारे विस्तृतमा ब्याख्या गरिदिने ।<br>३. गौरीशंकर संरक्षण क्षेत्रको अवस्थिति क्षेत्रफल भुगोल हावापानी आदिको परिचय गौरीशंकर क्षेत्रलाई संरक्षित घोषणा गर्नुका कारण र उद्देश्यहरु यसका प्राकृतिक मानवीय तथा जैविक विविधता जस्ता पक्षहरुको फाइदा बारेमा स्रोत व्यक्ति जसले सम्वन्धित क्षेत्रमा कार्य गरेको छ उक्त व्यक्ति मार्फत कक्षा शिक्षण गर्ने ।<br>४ गौरीशंकर संरक्षित क्षेत्रवाट हुने फाइदाहरुको सूची बनाएर प्रस्तुत गरिदिने ।<br>५ गौरीशंकर क्षेत्रभित्र पाइने वनस्पति जडिवुटि जीवजन्तु सूची बनाइ यसको स्थानीय र राष्ट्रिय महत्व तथा यसका संरक्षणका कार्यहरु | १. निकुञ्ज भनेको के हो निकुन्ज र संरक्षित क्षेत्रको भिन्नता लेख्नुहोस् ।<br>२.संरक्षित क्षेत्रको महत्व बताऊनुहोस् ।<br>३ गौरीशंकर संरक्षण क्षेत्रको बारेमा बताऊ ।<br>४. गौरीशंकर संरक्षण क्षेत्रको क्षेत्रफल कति हो । यहाँ पाइने हावापानीको वारेमा चर्चा गर्नुहोस् ।<br>५ गौरीशंकर संरक्षण क्षेत्रमा पाइने वनस्पती जडिवुटि जीवजन्तु सूची तयार गर्नुहोस् । | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सम्वन्धमा शव्दपत्ती सन्दर्भ सामग्रीको प्रयोग गरी तथ्याङ्क सहित विद्यार्थीहरुलाई जानकारी प्रदान गर्ने । | | |

**<u>विद्यार्थी मूल्याङ्कन प्रक्रिया</u>**

विद्यालय शिक्षामा विद्यार्थी मूल्याङ्कनका लागि निर्माणात्मक र निर्णयात्मक

६. सिकाइ सहजीकरण प्रक्रिया

स्यानीय विषयको शिक्षण सिकाइ गर्दा सकेसम्म कक्षा भित्र भन्दा विषयवस्तुसँग सम्बन्धित क्षेत्रमा गरिने क्रियाकलाप जोड दिनुपर्दछ । यसका लागि स्थलगत अवलोकन, विषयवस्तुसँग सम्बन्धित कार्यमा सहभागिता, छलफल अन्तर्क्रिया आदि गराउन सकिने छ । तरकारी, पशुपन्छी, फलफुल, घरेलु सामान, विषयसँग सम्बन्धित विज्ञ तथा व्यावसायिक संस्था र व्यक्तिसँग छलफल अन्तरक्रिया गराउन सकिने छ । यसै गरी अन्य विषयवस्तुका लागि पनि त्यस विषयवस्तुसँग सम्बन्धित व्यक्तिलाई स्रोत व्यक्तिका रूपमा उपयोग गर्न सकिन्छ । स्थानीय आवश्यकता, विषयवस्तु, उपलब्ध स्रोतसाधन र अनुकूलता अनुसार छलफल, स्थलगत अध्ययन भ्रमण, अवलोकन, प्रदर्शन, सहभागिता, प्रश्नोत्तर, स्रोत व्यक्ति आमन्त्रण आदि जस्ता क्रियाकलाप विधि प्रयोगमा ल्याउन सकिन्छ ।

प्राथमिक तहमा विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिइने छ । यस तहमा कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन शिक्षकले सहजकर्ता (facilitator) को भूमिका निर्वाह गर्नुपर्ने छ । विद्यार्थी केन्द्रित शिक्षणसिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, बालबालिकाहरूले व्यावहारिक शिक्षा तथा जीवनोपयोगी सिप आर्जन गर्न सक्ने र उनीहरूमा रहेको प्रतिभा प्रस्फुटनको सम्भावना रहने भएकाले शिक्षणसिकाइ सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्ने छ । सबै प्रकारका आवश्यकता भएका विद्यार्थीलाई समेट्न कक्षामा समावेशी शिक्षण प्रक्रिया अपनाउनुपर्ने छ ।

शिक्षण सिकाइ क्रियाकलाप संगसँगै यस स्थानीय पाठ्यक्रममा भएका सिकाइ उपलब्धि हासिल गराउन एवम् प्रत्यक्ष सक्षमता देखिने निम्न लिखित नियमित क्रियाकलाप संञ्चालन गर्न सकिने छ ।

१. प्रत्येक विद्यालयले विद्यालयहाता नजिक कक्षागत करेसाबारी निर्माण गरी नियमित तरकारी खेती सञ्चालन गर्ने
२. प्रत्येक विद्यालयले विद्यालय वरिपरि रहेका खाली जग्गामा स्थानीय स्तरका फलफूलका विरुवा रोप्ने र संरक्षण गर्ने
३. एउटा कक्षाकोठामा शिक्षक, विद्यार्थी र अभिभावकको सहभागितामा स्थानीय घरेलु प्रविधिका सामग्री, स्थानीय लोक संस्कृतिसँग सम्बन्धित सामग्री, भेषभूषा जस्ता सामग्रीको सङ्ग्राहलय स्थापना गरी संरक्षण गर्ने र विद्यार्थीको सिकाइ प्रयोग गर्ने
४. भोटेकोशीको भूगोल, धार्मिक,संस्कृति , जातजाति जस्ता कुरा समेटी भोटेकोशीगान तयार गर्ने र शिक्षक विद्यार्थीहरूबाट नियमित गाउने
५. आ—आफ्नो जातजाति, धर्म, परम्पराअनुसारका अभिवादन र आचार सहिंता पालन गर्ने तरिका संरक्षण गर्न हरेक दिन कक्षा सञ्चालनपूर्व र विद्यालय छुट्ने समयमा स्थानीय अभिवादन र आचार सहिता अभ्यासलाई नियमित गर्ने ।

**सम्भाव्य शिक्षण सिकाइ विधि :**

१. कथाकथन एवम् गीत : यस विधिमा विषयवस्तुलाई कथाको रूपमा प्रस्तुति तथा अवधारणालाई गीतका माध्यमबाट प्रस्तुत गर्न सकिन्छ ।
२. आगमन विधि : यसमा सूचनाहरूको सङ्कलन, अवलोकन, विश्लेषण, अनुमान, पुष्टि तथा निष्कर्षको प्रयोग गरिन्छ ।
३. भूमिका निर्वाह/अभिनय : यसमा सन्दर्भ र भूमिकाको बारेमा छलफल तथा निर्धारण, भूमिका बहन, छलफल र निष्कर्ष निकाल्ने कार्य गरिन्छ ।

४. निर्माणात्मक कक्षा : यस विधिमा मष्तिस्क मन्थन, पाठसम्बन्धी पूर्वज्ञानको पहिचान, अन्तरक्रियात्मक कार्य (जस्तैः वैयक्तिक चिन्तन, समूह कार्य, परियोजना कार्य, प्रश्नोत्तर), आवश्यकताअनुसार टेवा प्रदान र विचार आदान प्रदान गरी निष्कर्ष निकालिन्छ ।

५. सहयोगात्मक कक्षा : यसमा सामान्यतया समूह विभाजन, समस्या र विषयवस्तु प्रस्तुति, समूहमा छलफल र निष्कर्ष वा समाधान निकालिन्छ ।

६. परियोजना कार्य : सिकारुको उमेर र स्तरअनुसारका विभिन्न परियोजना कार्य दिई सिकारुले आफैं खोज्ने तथा गरेर सिक्ने अवस्था सिर्जना गर्न सकिन्छ ।

७. छलफल र प्रश्नोत्तर : यसमा शिक्षक सिकारु, सिकारु शिक्षक, सिकारु सिकारु बिचमा प्रश्न र उत्तर गर्न सकिन्छ । प्रश्नहरूले स्मरणको प्रत्याह्वान भन्दा पनि सिकारुलाई सोच्न, कारण खोज्न, सिर्जनात्मक तथा रचनात्मक सोचाइलाई प्रोत्साहन गर्न सक्नुपर्छ । त्यसै गरी प्रश्नोत्तर र छलफलमा  कक्षामा सबैका अगाडि प्रश्न सोध्ने, एकछिन पर्खने, कुनै पनि सिकारुलाई तोकेर उत्तर दिन लगाउने, उत्तर राम्रोसँग सुन्ने र अन्तमा छलफल र मूल्याङ्कन गर्ने प्रक्रिया प्रयोग गर्न सकिन्छ ।

८. अन्वेषण, अनुसन्धान तथा खोज : यसमा समस्या वा प्रश्नको प्रस्तुति, गर्नुपर्ने र खोज कार्य र तरिकाको बारेमा छलफल गरी सिकारुहरूद्वारा खोज गरी निष्कर्ष प्रस्तुति र पृष्ठपोषण दिइन्छ ।

९. प्रविधियुक्त कक्षा : मोबाइल, कम्प्युटर, प्रोजेक्टरआदिको उपयोग गरी धारणाहरूको दृश्याङ्कन गर्न सकिन्छ ।

१०. सिर्जनात्मक कार्य : यसमा चित्र निर्माण, रङ भर्ने, कागज काट्ने र पट्याउने, सम्बन्ध स्थापना जस्ता कार्यहरूद्वारा सिकाइ गर्न सकिन्छ ।

११. समस्या समाधान विधि : यस विधिमा समस्यालाई बुझ्ने, योजना निर्माण, योजना कार्यान्वयन, पछाडि फर्केर हेर्ने र परिणामलाई जाँच्ने प्रक्रियाद्वारा समस्या समाधान गरिन्छ ।

१२. खेल विधि :  यसमा विषयवस्तुलाई खेलका माध्यमबाट प्रस्तुत गरी अभ्यास गराइन्छ ।

१३. प्रयोगात्मक विधि : यसमा कक्षाकोठा भित्र र बाहिर प्रयोगात्मक कार्यका माध्यमबाट सिकाइ कार्य गराइन्छ ।

१४. भ्रमण : विभिन्न स्थानको भ्रमण गराई त्यहाँका अनुभव र सिकेको कुरा छलफल तथा प्रत्यावर्तन गराइन्छ ।

१५. प्रदर्शन विधि : विषयवस्तुसँग सम्बन्धित तस्बिर वा अन्य दृश्य सामग्री तथा श्रव्यदृश्य सामग्री प्रदर्शन गरिन्छ ।

१६. स्वाध्ययन तथा छलफल : विभिन्न किसिमका सामग्रीका अध्ययनको माध्यमबाट सिकाइ गर्दा सामग्री छनोट, अध्ययन र धारणा वा विचार निर्माण गरिन्छ र यसलाई आवश्यकतानुसार सिकारुबिच छलफल गराउन सकिन्छ ।

१७. अन्तरक्रिया :  यसमा छलफलको योजना र तयारी, बृहत् समूहमा छलफल सञ्चालन वा समूह विभाजन, कार्यसूची बाँडफाँड  तथा कार्य सञ्चालन, प्रस्तुतीकरण, तुलना, विश्लेषण तथा मूल्याङ्कन र निष्कर्ष निकालिन्छ ।

१८. उदाहरण र प्रयोग : पाठका विषयवस्तुबाट उदाहरण, प्रयोग र अभ्यासमा जोड दिनुपर्छ । यसलाई भाषा शिक्षण अन्तर्गत भाषिक  सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ । भाषा सिकाइमा चित्र वा आकृति निर्माण, निर्देशित, व्यावहारिक लेखन वा स्वतन्त्र रचना, सस्वर वाचन तथा दुरतपठन पनि यसअन्तर्गत उपयोग गर्न सकिन्छ ।

१९. श्रव्यवाच्यका आधारमा सिकाइ सहजीकरण : यसमा व्यक्ति, जोडी, सानो समूह र बृहत् समूहमा सुनाइ र छलफल, नमुना वाचन र अनुकरण, तुलना, विश्लेषण, मूल्याङ्कन र निष्कर्षको मौखिक प्रस्तुतीकरण क्रियाकलाप गर्नुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक  सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्न सकिन्छ ।

७.	विद्यार्थी मूल्याङ्कन

कक्षा १ देखि ५ सम्मको पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न कक्षा १ देखि ३ सम्म निर्माणात्मक र कक्षा ४ देखि ५ सम्म निर्माणात्मक र निर्णयात्मक दुवै किसिमका मूल्याङ्कन गरिनेछ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्दछ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कनलगायतका साधन प्रयोग गर्न सकिन्छ ।

विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइस्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकन लगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रुजूसूची, श्रेणी मापनलगायतका व्यवहार अवलोकन फाराम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यवहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइ पश्चात् गरी सो क्षेत्र वा एकाइ अन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइस्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लोस्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ । पटकपटकको सुधारात्मक सिकाइ पश्चात पनि न्यूनतम स्तरको सिकाइस्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नु पर्दछ ।

कक्षा १—३

विद्यार्थी मूल्याङ्कन अभिलेख फारम :

प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीहरूले के कति हासिल गरे सो आधारमा १ देखि ४ अंक सम्म दिने । मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसेकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको भए १ अंक, मुख्य सिकाइ उपलब्धि आँशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको भए २ अंक, मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको भए ३ अंक र मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको भए ४ अंक प्रदान गर्ने ।

कक्षा ४—८ मूल्याङ्कन :

विद्यार्थी मूल्याङ्कन स्थानीय पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न ५० प्रतिशत निर्माणात्मक र ५० प्रतिशत निर्णयात्मक मूल्याङ्कन अवलम्बन गरिनेछ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य

निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनुपर्दछ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्वः तथा सहपाठी मूल्याङ्कनलगायतका साधन प्रयोग गर्न सकिन्छ । विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनलगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रुजुसूची, श्रेणी मापनलगायतका व्यवहार अवलोकन फाराम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्या लगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ । पटकपटकको सुधारात्मक सिकाइपश्चात पनि न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निमाण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नुपर्दछ ।

मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर मूल्याङ्कनका लागि नमुना मापनका आधार मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर मूल्याङ्कनका लागि पाँचओटा सूचक निर्धारण गरिएको हुनाले पूरा गरेका सूचक सङ्ख्याअनुसार नै अङ्क प्रदान गर्ने गरी मापन गर्नुपर्छ । प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर मूल्याङ्कन गर्दा निर्माणात्मक मूल्याङ्कनका साधनहरू प्रयोग गर्नुपर्नेछ ।

प्रत्येक मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीहरूको कार्य सम्पादन तथा सिकाइस्तर अनुसार शिक्षकले विद्यार्थीहरूलाई थप सहयोग गर्नका लागि देहायका कार्य गर्नुपर्नेछ ।

**आन्तरिक मूल्याङ्कन**

**आन्तरिक मूल्याङ्कन निम्नलिखित आधार र भारका आधारमा गरिनेछ ।**

| सि.न. | मूल्याङ्कनका आधार | भार |
|---|---|---|
| १ | पोर्टफोलियोको लेखाजोखा | ४ |
| २ | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर | २० |
| ३ | प्रयोगात्मक/ परियोजना कार्य | १६ |
| ४ | त्रैमासिक परीक्षाहरु | १० |
| | जम्मा | ५० |

सम्भाव्य परियोजना-प्रयोगात्मक कार्यका उदाहरणहरू

कक्षा ४ र ८

१. आफ्नो पालिकाको सिमाना पूर्व, पश्चिम, उत्तर र दक्षिणमा पर्ने पालिकाका स्थान सूची बनाई तिनीहरूको चार्ट वा तालिका निर्माण र प्रस्तुतीकरण गर्ने ।

२. समुदायका विभिन्न चाडपर्वको सूची बनाई कुनै दुईओटा चाड पर्व कहिले कहिले र के कसरी मनाइन्छ भन्ने विषयमा समुदायका व्यक्तिसँग कुराकानी गरी प्रतिवेदन र प्रस्तुतीकरण गर्ने :

प्रतिवेदनको ढाँचा

(क) परियोजना कार्यको शीर्षक

(ख) परियोजना कार्यको छोटो परिचय

(ग) विवरण सङ्कलनको तरिका

(घ) सेवा प्रदायक निकायले प्रदान गरेका मुख्य सेवाहरू

(ङ) निष्कर्ष

३। आफ्नो समुदायमा भएका प्राकृतिक सम्पदाहरू पहिचान गरी तिनको संरक्षण र संवर्धनका लागि भएका प्रयास र गर्नुपर्ने प्रयास समेटेर तालिकामा प्रस्तुत गरी प्रतिवेदन तयार गर्ने ।

| क्र.स. | प्राकृतिक र सांस्कृतिक सम्पदा | संरक्षण र संवर्द्धनका लागि भएका प्रयासहरु | संरक्षण र संवर्द्धनका लागि गर्नुपर्ने प्रयासहरु |
|---|---|---|---|
| | | | |
| | | | |

४. आफ्नो गाउँपालिकामा भएका सांस्कृतिक पर्यटकीय स्थल खोजी गरी तिनको संरक्षण र संवर्धन गर्नका लागि अपनाउनुपर्ने उपायहरू तालिकामा प्रस्तुत गर्ने ।

| क्र.स. | सांस्कृतिक पर्यटकीय स्थल | संरक्षण र संवर्द्धनका लागि अपनाउनुपर्ने उपायहरु |
|---|---|---|
| | | |
| | | |

५. आफ्नो वडाभित्र पाइने जडीबुटी खोज सङ्कलन गरी तिनीहरूको कुन कुन भाग (जरा, काण्ड, फल, फूल, पात) औषधीका रूपमा प्रयोग गर्न सकिन्छ, छलफल गरी तालिकामा प्रस्तुति गर्ने ।

६, नगरपालिका भित्र सञ्चालित ४ घरेलु सामानहरूको निर्माण प्रयो अवलोकन गरी ती घरेलु उद्योग सञ्चालन गर्दा हुने फाइदा र बेफाइदा तालिकामा प्रस्तुत गर्ने ।

७, आफ्नो घरमा प्रयोग भएका स्थानीय प्रविधिका सामग्रीहरूको सूची बनाई कुनै दुईको निर्माण गर्ने तरिका उल्लेख गर्ने ।

आन्तरिक मूल्याङ्कनलाई वस्तुनिष्ठ र विश्वसनीय बनाउनका लागि अङ्क दिने आधार र तरिका निम्नअनुसार तोकिएको छ ।

| क्र.स. | आन्तरिक मूल्याङ्कनका आधारहरु | | पहिलो परिक्षा अङ्कभार | दोस्रो परीक्षा अङ्कभार | अन्तिम परीक्षा अङ्कभार | जम्मा अङ्कभार | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पोर्टफोलियोको लेखाजोखा (कक्षा कार्य, एकाइ परीक्षा, विभिन्न समयमा गरेका विशिष्ट कार्यको अभिलेख) | | १ | १ | २ | ४ | |
| २ | सिकाइ उपलब्धिको स्तर | कक्षा सञ्चालनका क्रममा सोधिएका प्रश्नका जावफहरू, विद्यार्थीले गरेका क्रियाकलापका अभिलेखहरू तथा सिकाइको अवस्थाको अवलोकन तथा व्यवहार अवलोकन | ५ | ५ | १० | २० | |
| | प्रयोगात्मक तथा परियोजना कार्य | प्रयोगात्मक तथा परियोजना कार्यको अभिलेखीकरण | २ | २ | ४ | ८ | |
| | | परियोजना कार्य - प्रयोगात्मक कार्यको प्रदर्शन र मौखिक परीक्षा ( Viva voce ) | २ | २ | ४ | ८ | |
| ३ | त्रैमासिक परीक्षा | | ५ | ५ | | १० | |
| जम्मा | | | १५ | १५ | २० | ५० | |

नोटः

- पहिलो त्रैमासिक र दोस्रो त्रैमासिक (अर्धवार्षिक) परीक्षालाई ५० अङ्कभार सञ्चालन गरी तोकिएको ५।५ अङ्कभारमा रुपान्तरण गर्नुपर्ने छ ।

प्रयोगात्मक-परियोजना कार्यका लागि सम्भावित क्रियाकलापहरू

तलका कक्षागत प्रयोगात्मक तथा परियोजना कार्यहरू छुट्टै सञ्चालन गर्नुपर्दैन । नियमित सिकाइका क्रममा निम्नानुसारका क्रियाकलाप समावेश गर्नुपर्छ :

| क्र.स. | विषयवस्तुको क्षेत्र | सम्भावित क्रियाकलापहरु |
|---|---|---|
| १ | म र मेरो स्थानीय तह | छलफल, प्रश्नोत्तर, अवलोकन भ्रमण, प्रदर्शन |
| २ | हाम्रा सम्पदाहरु | कथाकथन, छलफल, प्रश्नोत्तर, अवलोकन भ्रमण, प्रदर्शन, प्रयोग, अभिनय |

| | | |
|---|---|---|
| ३ | हाम्रो संस्कार र संस्कृति | छलफल, प्रश्नोत्तर, प्रदर्शन, प्रयोग, अभिनय |
| ४ | हाम्रो धार्मिक तथा पर्यटकीय क्षेत्रहरु | छलफल, प्रश्नोत्तर, कथाकथन, अवलोकन भ्रमण, प्रदर्शन, प्रयोग, अभिनय |
| ५ | सुरक्षा, प्राथमिक उपचार र विपद | छलफल, प्रश्नोत्तर, अनुभव आदानप्रदान, प्रयोग, अभिनय, प्रयोगात्मक कार्य, स्रोतव्यक्ति |
| ६ | पेशा, व्यवसाय र रोजगार | छलफल, प्रश्नोत्तर, अवलोकन भ्रमण, प्रदर्शन, प्रयोग, |
| ७ | स्थानीय ख्यातीप्राप्त व्यक्ति तथा संघसंस्था | छलफल, प्रश्नोत्तर, अनुभव आदानप्रदान, प्रयोग, अभिनय, प्रयोगात्मक कार्य, स्रोतव्यक्ति अन्तर्वार्ता, प्रतिवेदन, |

सिकाइ स्तरीकरण

विद्यालय शिक्षाको राष्ट्रिय पाठयक्रम प्रारूप २०७६, एकीकृत पाठयक्रम कक्षा
(१—३), २०७६ र लेटर ग्रेडिङ निर्देशिका २०७८ बमोजिम विद्यार्थीको सिकाइलाई प्रमाणीकरण गर्नु आवश्यक हुन्छ । विद्यार्थीको आन्तरिक र बाह्य मूल्याङ्कन, कक्षा सहभागिता, प्रयोगात्मक कार्य, अभ्यास कार्य, समूह कार्य, परियोजना कार्य जेजस्ता मूल्याङ्कनका साधनहरू प्रयोग गरिन्छ, ती सबैलाई एकीकृत गरी सिकाइ प्रमाणीकरण गर्न लेटर ग्रेडिङ निर्देशिका २०७८ मा उल्लेख भएअनुसार विद्यार्थीको प्राप्ताङ्कलाई निम्नानुसार ग्रेडको समूहमा रूपान्तरण गर्नुहोस् :

| क्र.स. | उपलब्धि प्रतिशत | स्तरीत अङ्क | अक्षरमा उपलब्धीस्तर | उपलब्धी स्तरको व्याख्या |
|---|---|---|---|---|
| १ | ९० र सो भन्दा माथि | ४.० | A+ | सर्वोतम (outstanding) |
| २ | ८० र सो भन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३ | ७० र सो भन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ४ | ६० र सो भन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५ | ५० र सो भन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Saisfactory) |
| ६ | ४० र सो भन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७ | ३५ र सो भन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic |
| ८ | ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |

*स्रोत : लेटर ग्रेडिङ निर्देशिका २०७८*

विद्यार्थी मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाउनका लागि शिक्षकले शिक्षण सिकाइ  क्रियाकलापयसञ्चालनकै अवस्थामा गरिने मूल्याङ्कन र त्यसको अभिलेख प्रभावकारी मानिन्छ । सिकाइ उपलब्धिअनुसारको अभिलेखीकरण गर्दै विद्यार्थीलाई सिकाइका लागि थप सहयोग उपलब्ध गराउनु आवश्यक हुन्छ ।

नतिजा विश्लेषण :

विद्यालयले विद्यार्थीको सिकाइस्तरका आधारमा शिक्षण सिकाइ व्रियाकलाप, शैक्षणिक योजना, शिक्षक क्षमता विकासजस्ता विभिन्न व्रिmयाकलाप सञ्चालन गर्नका लागि नतिजा विश्लेषण गर्नु आवश्यक हुन्छ । उक्त नतिजा विश्लेषणका लागि २ ढाँचा प्रयोग गर्न सकिन्छ । विद्यार्थीले हासिल गरेको अङ्कको विश्लेषण र अन्तिम नतिजाको ग्रेड विश्लेषण गरी सुधारका उपायहरू अबलम्बन

गर्नुपर्छ । विद्यार्थीले हासिल गरेको अङ्क विश्लेषण गर्दा खासगरी न्यूनतम, अधिकतम, न्यूनतम र अधिकतमका बिचको भिन्नता, स्तरीय भिन्नता र औसत हेर्नुपर्छ । माइक्रोसफ्ट एक्सेलमा डाटावेस तयार गरी यी तथ्यहरू हेर्न सकिन्छ ।

| विषय / ग्रेड | नेपाली | अङ्ग्रेजी | सेरोफेरो | गणित | हाम्रो भोटेकोशी हाम्रो गौरव |
|---|---|---|---|---|---|
| ______. | | | | | |
| __________. | | | | | |
| _________ | | | | | |
| ______. | | | | | |
| न्यूनतम अङ्क | | | | | |
| अधिकतम अङ्क | | | | | |
| न्यूनतम र अधिकतमको भिन्नता | | | | | |
| स्तरीय भिन्नता | | | | | |
| औषत | | | | | |

उल्लेख गरिएका सूचकका आधारमा नतिजा विश्लेषण गर्नुपर्छ । न्यूनतम र अधिकतम बिचको भिन्नता जति कम छ त्यति नै राम्रो मानिन्छ । स्तरीय भिन्नता कम हुनु राम्रो मानिन्छ । औसत सिकाइ उपलब्धिले खासगरी विषयगत औसत सिकाइको जानकारी दिए पनि कमजोरी थाहा हुँदैन तथापि औसत धेरै हुनु राम्रो हो ।

अन्तिम नतिजापश्चात् कक्षाका जम्मा विद्यार्थीले प्राप्त गरेको ग्रेडलाई सङ्ख्याअनुसार विभाजन गरी त्यसलाई विश्लेषण गर्नुपर्छ । यसरी विश्लेषणका लागि निम्नअनुसारको नमुना प्रयोग गर्न सकिन्छ । विषयगत औसत निकाले पनि सबै विषयको औसतबाट कक्षागत औसत निकाल्नु हुँदैन यदि निकाल्नै परे weighted mean को सुत्र प्रयोग गर्नुपर्छ ।

| विषय / ग्रेड | नेपाली | अङ्ग्रेजी | सेरोफेरो | गणित | हाम्रो भोटेकोशी हाम्रो गौरव |
|---|---|---|---|---|---|
| A+ | | | | | |
| A | | | | | |
| B+ | | | | | |
| B | | | | | |
| C+ | | | | | |
| C | | | | | |
| D | | | | | |
| NG | | | | | |

तालिकामा कुन ग्रेडमा कति जना विद्यार्थी पर्दछन् सोहीअनुसार विश्लेषण गर्नुपर्छ । सामान्यतया ल्न् मा कोही पनि नहुने र अन्य बाँकी विद्यार्थीमध्ये माथि हुनु राम्रो भए पनि न्यूनतम रूपमा ल्न् मा ० र अन्य ६ समूहमध्ये एकचौथाइ विद्यार्थी तल्लो २ समूह, दुईचौथाइ बिचको २ समूह र बाँकी माथिल्लो समूहमा हुनु राम्रो मानिन्छ । जिपिएको औसत निकाल्नु हुँदैन। यसलाई विषयगत सङ्ख्यामै हेर्नुपर्छ ।

द्रष्टव्य :

कक्षा १—३ मा १०० प्रतिशत निर्माणात्मक मूल्याङ्कन पद्दति र कक्षा ४—८ मा ५० प्रतिशत निर्माणत्मक र ५० प्रतिशत निर्णयात्मक मूल्याङ्कन पद्दति प्रयोग हुनेछ । कक्षा ४ देखि ८ सम्म निर्णयात्मक मूल्याङ्कनका लागि त्रैमासिक र वार्षिक परीक्षा गर्ने व्यवस्था गरिएको छ । त्रैमासिक अवधिको आन्तरिक मूल्याङ्कन गर्दा पाठम विकास केन्द्रबाट प्रकाशित लेटर ग्रेडिङ पद्दतिका लागि सहयोगी पुस्तिका २०७९ अनुसार गर्नुपर्दछ ।

११. पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया :

यस पाठ्यक्रमको कार्यान्वयन गर्न प्रधानाध्यापक तथा शिक्षकको भूमिका महत्वपूर्ण हुनेछ । विद्यार्थीहरूलाई स्थानीय वातावरणको अवलोकन गराइने छ । परियोजना कार्य र प्रतिवेदनको माध्यम अबलम्बन गरिने छ । स्थानीय समुदायका विज्ञ, वुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय तथा क्षेत्रमा जानकार व्यक्तिहरू स्रोतव्यक्तिको रूपमा रहनेछन्। विद्यालयहरूले यस पाठ्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता र औचित्य अनुसार स्थानीय भाषा, नेपाली भाषा वा अंग्रेजी माध्यम समेत अवलम्बन गर्न सक्नेछन । विषयवस्तुमा समावेश प्रमुख क्षेत्र/स्थलमा अवलोकन भ्रमण गराइनेछ । विद्यार्थीहरूको समूहकार्य र अन्तरक्रियालाई जोड दिइनेछ । पाठयक्रममा आधारित भई पाठ्यसामग्रीको विकास गर्नुका साथै शिक्षकहरूलाई विषयवस्तु तथा सहजीकरण प्रक्रिया सम्बन्धी अभिमुखीकरण तालिमको व्यवस्था गरिने छ ।

१२. समय निर्धारण

यस पाठ्यक्रम कक्षा १—३ मा स्थानीय विषयको साप्ताहिक ५ पाठयभार र वार्षिक १६० पाठ्यघण्टा निर्धारण गरिएको छ । त्यस्तै कक्षा ४ र ५ मा साप्ताहिक पाठ्यभार ४ र वार्षिक १२८ पाठ्यघन्टा निर्धारण गरिएको छ । प्रत्येक शैक्षिक सत्र वैशाखदेखि सुरू भएर चैत्र मसान्तसम्म कायम रहने छ । प्रचलित शिक्षा ऐन, नियमावली र कार्यविधि बमोजिम प्रत्येक शैक्षिक सत्रमा २०५ दिन पठनपाठन हुनेछ । प्रत्येक घण्टी सामान्यतया एक घण्टाको हुनेछ ।

१३. स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक परीक्षण र कार्यान्वयन योजना

क) परीक्षण योजना

| वर्ष | शैक्षिक सत्र २०८२ | शैक्षिक सत्र २०८३ |
|---|---|---|
| कक्षा | १-५ | ६-८ |

ख) परिमार्जन सहित कार्यन्वयन योजना

| वर्ष | शैक्षिक सत्र २०८३ | शैक्षिक सत्र २०८४ |
|---|---|---|
| कक्षा | १-५ | ६-८ |

पाठ्यक्रम परिमार्जन :

यो भोटेकोशी गाउँपालिकाले बनाएको स्थानीय पाठ्यक्रम हो । यसलाई आवश्यकताअनुसार परिमार्जन गरिनेछ । समय परिर्वतनशील हुने भएकाले सूचना तथा सञ्चार प्रविधिमा आएको परिवर्तनसँगै व्यक्ति तथा समुदायको इच्छा, आकाङ्क्षा र आवश्यकताहरू पनि परिवर्तन हुन्छन्। उक्त चाहना तथा आवश्यकताहरू पाठ्यांशमा समावेश हुनुपर्दछ, जसले विद्यार्थीहरूको ज्ञान, सिप र व्यवहारमा सकरात्मक परिवर्तन ल्याउन सकोस्। यसै अनुरूप यो पाठ्यक्रम पनि सामाजिक आवश्यकतालाई सम्बोधन गर्न आवश्यकता अनुसार परिमार्जन हुनेछ । यस क्षेत्रका प्राकृतिक, सामाजिक, सांस्कृतिक, भाषिक र वातावरणीय पक्षहरूको खोज, अनुसन्धान र अध्ययन गरी प्राप्त निष्कर्षलाई यस पाठ्यक्रममा समावेश गर्दै लगिने छ ।

विद्यार्थी मूल्याङ्कन

आवधिक परिक्षा योजना/ ढाँचा

कक्षा १-३ मूल्याङ्कन

विशिष्टिकरण तालिका :

| क्र.स. | कार्यविवरण | अङ्कभार |
|---|---|---|
| १. | कक्षामा उपस्थिति तथा व्यवहार परीवर्तन | १० |
| २. | समूह निर्माण, समूह कार्यमा सहभागीता र प्रस्तुती | १० |
| ३. | कक्षाकार्य/ गृहकार्य | १० |
| ४. | स्थलगत कार्य/ परियोजना कार्य /प्रतिवेदन लेखन | ३० |
| ५. | प्रश्नको उत्तर लेखन/ प्रश्नको मौखिक उत्तर | ३० |
| ६. | रचानात्मक कार्य/अभिनय/ नक्सा तथा चित्र लेखन | १० |

कक्षा ४-८ मूल्याङ्कन

विशिष्टिकरण तालिका :

| क्र.स. | कार्यविवरण | अङ्कभार |
|---|---|---|
| १. | कक्षामा उपस्थिति तथा व्यवहार परीवर्तन | ५ |
| २. | समूह निर्माण, समूह कार्यमा सहभागीता र प्रस्तुती | ५ |
| ३. | कक्षाकार्य/ गृहकार्य | ५ |
| ४. | स्थलगत कार्य/ परियोजना कार्य /प्रतिवेदन लेखन | १५ |
| ५. | प्रश्नको उत्तर लेखन/ प्रश्नको मौखिक उत्तर | १५ |
| ६. | रचानात्मक कार्य/अभिनय/ नक्सा तथा चित्र लेखन | ५ |

## निर्णयात्मक परीक्षा :

कक्षा ४-८

पूर्णाङ्क : ५०　　　　　　　　　　उत्तीर्ण : ग्रेड C

समय : २ घण्टा

कक्षा ४-८ को प्रश्नपत्र निर्माण योजना (Specification Grid)

| क्षेत्र \ प्रश्न | संक्षिप्त उत्तर आउने प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | | जम्मा प्रश्न संख्या | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रश्न संख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न संख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न संख्या | अङ्क भार | जम्मा अङ्क | | |
| भोटेकोशी गाउँपालिका | १ | १ | १ | २ | २ | ४ | | | | २ | ५ |
| हाम्रो सम्पदाहरु | १ | १ | १ | १ | २ | २ | १ | ४ | ४ | ३ | ७ |
| हाम्रो संस्कार र संस्कृति | २ | १ | २ | १ | २ | २ | १ | ४ | ४ | ५ | ८ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हाम्रो धार्मिक तथा पर्यटकीय क्षेत्रहरु | २ | १ | २ | १ | २ | २ | १ | ४ | ४ | ४ | ८ |
| सुरक्षा, प्राथमिक उपचार र विपद | २ | १ | २ | १ | २ | २ | १ | ४ | ४ | ४ | ८ |
| पेशा,व्यवसाय र रोजगार | १ | १ | १ | १ | २ | २ | १ | ४ | ४ | ३ | ७ |
| स्थानीय ख्यातीप्राप्त व्यक्ति तथा संस्था | १ | १ | १ | १ | २ | २ | १ | ४ | ४ | ३ | ७ |
| | १० | १ | १० | ८ | २ | १६ | ६ | ४ | २४ | २४ | ५० |

नोट :

१ प्रश्न निर्माण गर्दा ज्ञान, बोध र उच्च तह (प्रयोग, विश्लेषण, संश्लेषण र मूल्याङ्कन) का प्रश्नहरू निर्माण गर्नुपर्दछ ।

२ ज्ञान तहका सबै प्रश्नहरू १ अङ्कका, बोधका २ अङ्कका र उच्चतहमा ३ अङ्कका हुने छन्।

३ ज्ञान तहका प्रश्नका लागि अति छोटा प्रश्न, बहुवैकल्पिक प्रश्न, खाली ठाउँ भर्ने प्रश्नहरू राख्नु पर्नेछ ।

**सन्दर्भ सामाग्री :**


१. नेपालको संविधान, २०७८
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
३. शिक्षा ऐन, २०२८ (संशोधन सहित)
४. शिक्षा नियमावली, २०५७ (संशोधन सहित)
५. राष्ट्रिय शिक्षा नीति, २०७६
६. विद्यालय क्षेत्र विकास योजना, (२०७३/७४-२०७९/८०)
७. स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि स्थानीय तहका सरकारी निकायहरुका लागि अभिमुखिकरण निर्देशिका, पाठ्यक्रम विकास केन्द्र
८. नमुना स्थानीय पाठ्यक्रम २०७७, १ नं प्रदेश
९. स्थानीय पाठ्यक्रम, बुढानिलकण्ठ नगरपालिका, काठमाडौ।
१०. स्थानीय पाठ्यक्रम, टोखा नगरपालिका, काठमाडौ।
११. स्थानीय पाठ्यक्रम महालक्ष्मी नगरपालिका, ललितपुर।
१२. स्थानीय पाठ्यक्रम, जुगल गाउँपालिका, सिन्धुपाल्चोक।
१३. स्थानीय पाठ्यक्रम, बुटवल उपमहानगरपालिका, रुपन्देही।
१४. भोटेकोशी गाउँपालिकाको पञ्चवर्षिय योजना
१५. भोटेकोशी गाउँपालिकाको नीति, कार्यक्रम र वजेट
१६. भोटेकोशी गाउँपालिकाको पार्श्वचित्र २०७५